सर्वाधिक विक्री भएको पुस्तककी लेखिका

परम गुरु चिङ्ग हाई

# प्रेम नै केवल एक मात्र समाधान हो

# Love Is The Only Solution



# प्रेम नै केवल एक मात्र समाधान हो

परम गुरु चिङ्ग हाई

# विषय-सूची


लेखिकाको परिचय ........ 4

प्रस्तावना: प्रेम नै केवल एक मात्र समाधान हो ........ 5

१ अहिलेको विश्व-व्यापी परिस्थिति ........ 6

२ वातावरण ........ 9

३ यो युद्ध, रोग र प्राकृतिक प्रकोपको अवस्थामा हामी कसरी पुग्यौं त? ........ 12

४ प्रेम नै मानवताका सबै समस्याहरूको समाधान हो ........ 16

५ आन्तरिक शान्ति एवं विश्व-शान्तिको लागि ध्यान ........ 25

६ सम्पूर्ण धार्मिक एवं आध्यात्मिक अगुवाहरुलाई परम गुरु चिङ्ग हाईको आव्हान ........ 34

७ विश्वका सबै नेताहरू र सरकारहरूलाई परम गुरु चिङ्ग हाईको तर्फबाट एक जरुरी सन्देश ........ 52

८ परम-गुरुबाट प्रोत्साहनका केही शब्दहरु ........ 79

९ विशुद्ध शाकाहारी विश्व चाँडै आओस् भनेर प्रार्थना गरौं ........ 83

सन्दर्भ-ग्रन्थहरु ........ 85

# लेखिकाको संक्षिप्त जीवनी

परम गुरु चिङ्ग हाई को जन्म मध्य औ-लाक् (भियतनाम) मा भएको थियो। अठार वर्षको हुँदा, परम गुरु चिङ्ग हाई अध्ययनका लागि बेलायत जानुभयो र त्यसपछि फ्रान्स अनि जर्मनी जानुभयो, जहाँ उहाँले रेडक्रसमा काम गर्नुभयो र एक जर्मन चिकित्सकसँग विवाह पनि गर्नुभयो। दुई वर्षको सुखद वैवाहिक जीवन पछि, आफ्नो बाल्यकालदेखिको आदर्शको परिपूर्ति गर्न अर्थात् परम-ज्ञानको खोजी गर्नका लागि आफ्नो श्रीमानसँग स्वीकृति लिई वैवाहिक जीवन परित्याग गर्नुभयो।

यसप्रकार विभिन्न देशहरूमा उहाँको कठिन तीर्थयात्राको एउटा श्रृंखला सुरु भयो, जुन उहाँले हिमालयमा एक सिद्ध जीवित गुरुलाई भेटेपछि मात्र रोकियो। परम गुरु चिङ्ग हाईले आन्तरिक ज्योति र आन्तरिक ध्वनिको दिव्य प्रसारण प्राप्त गर्नुभयो, जसलाई उहाँले पछि क्वान यिन विधि भनेर नामाकरण गर्नुभयो। लगनशील एवं दत्तचित्त भएर साधना गरेको केही समय पश्चात्, उहाँले पूर्ण परमज्ञान प्राप्त गर्नुभयो। निष्ठापूर्वक सत्य खोज्नेहरूको चाहनालाई पूरा गर्न परम गुरु चिङ्ग हाईले जुनसुकै राष्ट्र, धर्म र सांस्कृतिक पृष्ठभूमिका मानिसहरूलाई पनि क्वान यिन ध्यान विधि प्रदान गर्नुहुन्छ। उहाँको प्रेम र शान्तिको सन्देशले संसारभरका मानिसहरूमा आध्यात्मिक मुक्ति र आशा जगाउँछ, साथै सबैलाई जीवनमा सत्य, सद्गुण र सौन्दर्य कायम राख्न याद दिलाउँछ।

# प्रस्तावना

# प्रेम नै केवल एक मात्र समाधान हो

"जीवनमा प्रेम सबैभन्दा ठूलो कुरा हो र सम्पूर्ण ब्रह्माण्डमा समेत सबैभन्दा ठूलो कुरा हो। तर आजकल अधिकांश मानिसहरूमा त्यो प्रेमको कमी देखिन्छ। मानवताले पहिले भन्दा बढी मात्रामा प्रेम देखाउनै पर्ने भएको छ। हामीले हाम्रा शत्रुहरू, हाम्रा छिमेकीहरू, जनावरहरू र वरपरको वातावरणलाई पनि माया गर्नुपर्छ, तब मात्र हामी वर्तमान संकटलाई जित्न सक्छौं र शान्तिपूर्ण जीवन जीउन सक्छौं। प्रेम बाहिरी रूपमा समेत प्रकट हुनैपर्छ। प्रेम शब्दमा मात्र व्यक्त गर्ने कुरा होईन, यो त व्यवहारबाट देखाउनुपर्ने हुन्छ। त्यो भनेको, विशुद्ध शाकाहारी (भीगन) बन्नु, सत्कर्म गर्नु, अनि वातावरणको रक्षा गर्नु हो।[1]

"म प्रेम अभिव्यक्त भएको हेर्न चाहन्छु, संसारप्रति, तपाईंका बच्चाहरु प्रति, सबै प्रजातिहरुप्रति केवल अनि केवल १% बढी प्रेम भए पुग्छ, ता कि हामीले जनावरहरुको मासुको स्वाद र जनावरसँग सम्बन्धित क्रूरता-युक्त उत्पादनहरुको लागि हाम्रो स्वादको त्याग गर्न सकौं। आफ्नो परिवारका सदस्यहरूप्रतिको रोमांचक प्रेम मात्र होइन, हामीले वृहत रुपमा प्रेम दर्शाउनुपर्ने हुन्छ - हामीले त्यसलाई कायम राख्नुपर्दछ, किनकि हरेक प्रकारको प्रेम पवित्र हुन्छ। हरेक प्रकारको प्रेमले सुन्दर सकारात्मक ऊर्जा उत्सर्जन गर्नेछ, जसले हामी लगायत हाम्रा प्रियजनहरू र हाम्रो वरपरका चीजहरूको रक्षा गर्नेछ।

त्यसकारण यदि हामी मध्ये प्रत्येकले आफ्नो वरिपरीको परिवेशमा धेरै माया दियौं, यसलाई विस्तार गर्यौं भने, जस्तो कि परिवार भन्दा अलिकति माथी उठ्यौं भने, त्यो प्रेम नै पर्याप्त हुन्छ, र त्यसले अहिलेको हाम्रो अस्तित्वको लागि सबैभन्दा ठूलो खतरालाई निर्मूल पार्न आवश्यक १००% प्रेम शक्तिको परिपूर्ति गरिदिन्छ।"[2]

- परम गुरु चिङ्ग हाई

# १ अहिलेको विश्व-व्यापी परिस्थिति

म सोचिरहेकी थिएँ, "संसार किन अझैसम्म पनि उत्तम हुन सकेको छैन?" मेरो मतलब, मैले चाहे जस्तो छैन। मतलब समग्र रुपमा राम्रो भएको छैन। सबैको लागि स्वर्गिय र शान्तिपूर्ण हुन सकेको छैन। अझैसम्म पनि, यो ज्यादै अराजक स्थितिमा नै छ। महामारीले मात्र होइन, बिक्री हुन नसकेका लाखौंको संख्यामा जनावरहरू मारिन्छन्। तिनीहरूले लाखौंको संख्यामा उनीहरुको हत्या गर्छन्। चाहे सुँगुर हुन् वा गाई वा कुखुरा, वा मिङ्कहरू। अनि सारा संसार आर्थिक अभावले पनि ग्रसित छ। महामारीको कारण, मानिसहरूले काम नगरिरहँदा, उनीहरूको उत्पादनशीलतामा कमी आउँछ, त्यसमाथी भुक्तानीको भार बढेर जान्छ। मैले यो पनि सुनेकी छु कि अमेरिकीहरूको ऋण, त्यस्तै केही, लगभग ३०० खरब अमेरिकी डलर पुगेको छ। जे होस्, केही खरब त पुगेकै छ।

अनि त्यसमाथी ईबोला छ। तर अहिले यसको स्थितिमा केही सुधार आएको देखिन्छ। र कुखुरामा साल्मोनेला, आदि, इत्यादि त छँदैछ। अनि त्यस्तै मौसमी इन्फ़्लुएंज़ा अझैसम्म पनि हराएको छैन। हामीले बारम्बार यसको सामना गरिरहनु परेको छ, र त्यो पनि कहिलेकाहीँ ज्यादै घातक, या अत्यन्त असहज र शरीरलाई गम्भीर हानी पुर्याउने प्रकृतीको हुन्छ। किनकी यदि तपाईंले एन्टिबायोटिक लिनुभयो भने, यो पनि शरीरको लागि राम्रो होइन। र त्यस्तै ती पहिलेका रोगहरू, जस्तो की SARS र MERS र त्यस्तै कुराहरु, तिनीहरू अझै पनि कतै कुनै कुना-काप्चामा विद्यमान नै छन्। सायद तिनीहरू कोवीड-१९ जस्तै चाँडै फैलिंदैनन् तर पनि तिनीहरू अझै पनि फैलिरहेकै छन्।

अहिले कोवीड-१९ ले सबै कुरा ओझेलमा पारिदिएको छ। धेरै क्यान्सर रोगीहरूको बेवास्ता गरिएको छ। मानिसहरूले गुनासो गरे, अनि मात्र

समाचार-पत्रहरुमा छापियो। त्यस्तै क्षयरोगलाई पनि बेवास्ता गरिएको छ। त्यसैगरी मलेरिया लगायत अन्य प्रकारका जीर्ण रोग वा खतरनाक रोग भएका व्यक्तिहरू, धेरैलाई कोवीड-१९ को वर्तमान परिपेक्षमा बेवास्ता गरिएको छ। लकडाउन एवं अस्पतालहरू भरिभराऊ भएको, अनि यो महामारी नौलो एवं बढी आपत्कालीन प्रकृतिको रहेको छ। त्यसैले, धेरै बिरामीहरूले वास्तवमै हेरचाह नपाएको अवस्थामा, मृत्यु हुने गरेको छ। विशेषगरी वृद्ध-वृद्धाहरु।

त्यसैले मानिसहरुको ज्यान जाने महामारीले मात्र होइन, अन्य कारणहरु पनि रहेका छन्। अन्य पुराना विश्वव्यापी संक्रमणहरु/महामारीहरू पनि अझै विद्यमान छन्। एवं प्रकारले अहिले पनि धेरै स्थानहरुमा बाढी, मुसलधारे वर्षा र पहिरो गइरहेको छ, अनेक स्थानहरुमा सलहको प्रकोप, मौरी घट्ने क्रम, साथै जतातातै खडेरी परेको छ, किसानहरू असहाय स्थितिमा छन्; कोही पनि तिनीहरूलाई मद्दत गर्न सक्ने परिस्थितिमा छैनन्। यो हाम्रो संसारको लागि चिन्ताजनक विषय हो, केही मानिसहरूले चिन्ता व्यक्त गरिरहेका छन् कि यी सबैको कारण, हामीकहाँ खाद्यान्न अभाव हुनेछ।

साथै मानसिक तनाव पनि। कतिपय डाक्टरहरूले पनि यस परिस्थितिको कारणले आत्महत्या गरे र सायद भाइरसले उनीहरूको मस्तिष्कमा आक्रमण गर्यो त्यसैले उनीहरूले स्पष्टसँग सोंच्न पनि सकेनन्। यस्तै भएको थियो। मैले एउटा डाक्टरलाई देखेकी थिएँ, अत्यन्त सुन्दरी, अमेरिकी, उनले यत्तिकै त्यसरी आत्महत्या गरिन्। र अरु धेरैले पनि गरेका छन्। र कैयन डाक्टरहरू र अस्पतालका कर्मचारीहरू र नर्सहरूको संक्रमणको कारण मृत्यु भयो, किनकि सुरुमा कोही पनि यसका लागि तयार थिएनन्, त्यसैले उनीहरूसँग सुरक्षाको लागि पर्याप्त उपकरण थिएन, त्यसैले तिनीहरूको त्यसप्रकार मृत्यु भयो। कल्पना गर्नुहोस् त, यी बहादूर मानिसहरू।

अनि त्यसपछि इङ्गल्याण्डमा, सेवानिवृत्त भईसकेका डाक्टर र नर्सहरू समेत पुनः काममा फर्किए। केवल मद्दत गर्नको लागि, किनभने उनीहरुको खाँचो परेको थियो। अस्पतालहरूले बोलाएकोले गर्दा उनीहरू फर्केर आए र बलिदान दिए, र उनीहरुको मृत्यु भयो। उनीहरुमध्ये धेरैजनाको मृत्यु भयो। त्यस्तो परिस्थिति आयो! कल्पना गर्नुहोस् त। हो, एकदम दर्दनाक! यदि तपाईं उनीहरूको परिवारको सदस्य हुनुभएको भए तपाईंलाई कस्तो लाग्थ्यो होला? सामान्यतया, उनीहरूले पहिले नै आफ्नो जीवनभर कडा मेहनत गरिसकेका थिए। र त्यसपछि, अब पृथ्वीमा आफ्नो अलिकति बाँकी रहेको समयको आनन्द लिन नपाउँदै, उनीहरूले त्यसरी बलिदान दिनुपर्यो र मर्नुपर्यो! मलाई यो न्यायोचित भएजस्तो लाग्दैन।[3]

यो एक महा-सफाईको समय हो। र यदि हामीले यो पार गर्यौं भने पनि, अरू कुराहरू आउनेछन्। र आजकल, हाम्रो सामु यति मात्र होइन, नाना प्रकारका अनेक कुराहरु आईरहेका छन्। हाम्रो माझ ईबोला छ, अनि हामीकहाँ कुखुराको फार्म आदिबाट साल्मोनेला फैलिरहेको छ। र मिङ्कहरू समेत, तपाईंलाई थाहा छ, मिङ्कहरूबाट मानिसहरूले पहिरनको लागि भूवा छिल्छन्? केही युरोपेली देशमा, सायद हल्याण्डमा तिनीहरुबाट रोग फैलिने डरले गर्दा हजारौं हजारलाई मारियो। तर जतिसुकै जनावरहरू मारे पनि, तपाईंले आफ्नो जीवनशैली परिवर्तन नगरेसम्म कुनै फाईदा छैन।

यदि जङ्गल काटेर, जंगली जीवलाई बस्नको लागि कतै ठाउँ नराख्ने हो भने, र त्यसमाथी हामी जङ्गली जनावरको नजिक-नजिक सर्न थाल्यौं भने, उनीहरुको माध्यमबाट कुनै न कुनै तरिकाले रोगहरु त सरिहाल्छ नि। त्यसपछि एकबाट अर्कोमा सर्दै जान्छ, र यसप्रकार सारा संसार नै समस्यामा पर्ने गरेको छ। यदि शान्ति चाहन्छौं भने, हामीले जनावरहरूलाई पनि शान्तिसँग रहन दिनुपर्छ। कुरा त्यही हो। कुरा ज्यादै सरल छ। यो भन्दा बढी म भन्न सक्दिनँ। म यो भन्दा धेरै भन्न सक्दिनँ किनकि यो सत्य हो र सबैलाई यो तथ्य थाहा छ।[4]

# २ वातावरण

अवश्य पनि, तपाईंहरू मध्ये धेरैलाई विश्वव्यापी रूपमा देखा परिरहेको ग्लोबल वार्मिंगका प्रभावहरूको बढ्दो क्रमको बारेमा अवगतै होला, र यहाँ म अमेरिका लगायत विश्वव्यापी रुपमा देखिएका केही असरहरु साझा गर्नेछु।

आर्कटिक क्षेत्र, उत्तरी ध्रुवमा, यति धेरै मात्रामा बरफ पग्लिसकेको छ कि वैज्ञानिकहरूको भविष्यवाणी अनुसार तीन देखि छ वर्ष भित्रमा उक्त क्षेत्र बरफमुक्त ग्रीष्ममा परिणत हुनेछ, जुन दश लाख वर्ष यता पहिलो पटक यस्तो हुनेछ! यसैबीच, ग्रीनल्याण्डको बढ्दो तापक्रमको कारण प्रत्येक दिन ८.५ करोड टन हिम-शिलाहरु (icebergs) बहने गरेका छन्, र यो क्रम प्रत्येक वर्ष ७% ले बढ्दै गएको देखिन्छ। पश्चिमी अन्टार्कटिक क्षेत्रका हिमचट्टान (Ice Shelf) पनि पग्लिरहेको छ, जसले गर्दा समुद्री सतह ३.३ मिटर माथी आउने पूर्वानुमान गरिएको छ, जसको कारण न्यूयोर्क, वाशिंगटन, डी.सी., र सान फ्रान्सिस्को जस्ता तपाईंहरुको देशका शहरहरूको लागि खतराको बादल मडारिएको देखिन्छ। अनि यदि सम्पूर्ण अन्टार्कटिका र ग्रीनल्याण्ड पग्लिएमा – अर्थात् त्यहाँका बरफहरु पग्लिएमा - समुद्रको सतह ७० मिटरसम्म बढ्न सक्छ, जुन पृथ्वीका लगभग सम्पूर्ण जीवनका लागि घातक वा विनाशकारी हुनेछ।

विश्वभरका हिमनदीहरू अन्वेषकहरूले अपेक्षा गरेभन्दा धेरै शिघ्र गतिमा संकुचन हुँदैछन्, जसका कारण नदी र तालहरू हराउँदै, बिलाउँदै या सुक्दै गएका छन्, फलस्वरुप बालीहरूका लागि पानीको अभावका कारण अरबौं मानिसहरू खाद्यान्न अभावसँग जुधिरहेका छन्। बढ्दो समुद्री सतहका

कारण, टापुहरू डुब्न थालेका छन्; टुभालु, टोंगा लगायत लगभग ४० अन्य टापु राष्ट्रहरूले आफ्नो सम्पूर्ण राष्ट्रको बसाइ-सराइको योजना बनाउनुपर्ने भएको छ। हाल विद्यमान २ करोड जलवायु शरणार्थीहरुको भीडमा उनीहरु पनि थपिन बाध्य हुनुपर्ने अवस्था देखिंदैछ। आप्रवासका लागि अन्तर्राष्ट्रिय संगठन (इन्टरनेशनल अर्गनाइजेसन फर माइग्रेसन) ले सन् २०५० सम्ममा जलवायु शरणार्थीहरुको संख्या २० करोड पुग्न सक्ने जनाएको छ ।

संयुक्त राज्य अमेरिकाको जर्जिया इन्स्टिच्युट अफ टेक्नोलोजीका अन्वेषकहरूका अनुसार विगत ३५ वर्षमा विश्वभर सबैभन्दा विनाशकारी ४ र ५ श्रेणीको आँधीहरुको संख्या दोब्बर भएको छ। पाँचौं श्रेणीको आँधीले प्रमुख शहरहरूमा उच्चतम स्तरको विनाश निम्त्याउँछ। सन् १९७० यता तिनीहरूको तीव्रता र अवधी पनि ७५% ले बढेको छ। यी आँधीहरू मध्ये एउटा सन् २००५ को क्याट्रिना आँधी (Hurricane Katrina) हो, जसको प्रभावहरू अझैसम्म पनि देख्न र महसुस गर्न सकिन्छ, जसले विशेष गरी न्यू अर्लिन्सका क्षेत्रहरूलाई ध्वंस्त पारेको थियो, र त्यहाँका मानिसहरू अझैसम्म पनि आफ्नो घर र आफ्नो जीवन पुन: समेट्ने प्रयास गरिरहेका छन्। म धेरै दु:खी छु कि अमेरिकी जनताले त्यस्ता त्रासदीहरू भोग्नु परेको थियो।

अब, संयुक्त राज्यको कुरा गरौं: ग्लोबल वार्मिङ्गबाट गोब्रे किरा प्रकोपको कारण रक्की पर्वतमा लगभग दस लाख एकड सल्लो वन नष्ट भएको छ। क्यानाडाको पनि यस्तै स्थिति छ, तर समय अभावको कारण, म यहाँहरुलाई सबै विवरण दिन सक्दिनँ, अतः अहिलेको लागि हामी अमेरिकाको बारेमा मात्र चर्चा गर्छौं।

मोन्टाना प्रान्तमा, ग्लेशियर नेशनल पार्कका प्रसिद्ध हिमनदीहरू अब एक दशक भित्र हराउने अनुमान गरिएको छ। स्क्रिप्स इन्स्टिच्युट अफ ओशनोग्राफी को नयाँ अध्ययन अनुसार सात पश्चिमी राज्यलाई पानी आपूर्ति गर्ने कोलोराडो नदी सुक्न थालेको छ । यो एउटा प्रसिद्ध नदी हो। वास्तवमा,

अन्वेषकहरू के भन्छन् भने पश्चिमी अमेरिकाले विनाशकारी खडेरीको संकटको सामना गरिरहेको छ किनभने हिमालका हिऊँहरु पग्लेर पानीका विशाल जलाशयहरु बनिरहेका छन्।

अमेरिकाको उत्तरी क्यारोलिनामा समुद्री सतह अघिल्लो ५०० वर्षको तुलनामा २०औं शताब्दी सम्म आउँदा तीन गुणा छिटो बढेको देखिन्छ। युएस नेशनल ओशनिक एण्ड एट्मसफेरिक एडमिनिस्ट्रेसन ले पहिलो पटक औपचारिक रुपमै बताए अनुसार, सन् २००८ मा लगातार ६ वटा उष्णकटिबंधीय चक्रवात (tropical cyclones) ले अमेरिकी भूमिमा भूस्खलन ल्याएको देखिएको छ। उत्तरी अटलान्टिक महासागर र हिन्द महासागर सबैभन्दा शक्तिशाली आँधी आईरहने दुई क्षेत्रहरु हुन्।

तपाईंको मनमा प्रश्न उठ्ला, यो सब हानी-नोक्सानी एवं पर्यावरण विनाशको मुख्य कारण के हो त? सायद अचम्म लाग्ला, तर यसको प्रमुख कारण कोइला उद्योग वा मोटर-गाडी वा विमान वा रेल वा डुङ्गा वा जहाज होइन। यसको प्रमुख कारण मिथेन हो, जुन मुख्यतया पशुपालन उद्योगद्वारा उत्सर्जित हुन्छ।[5]

# ३ यो युद्ध, रोग र प्राकृतिक प्रकोपको अवस्थामा हामी कसरी पुग्यौं त?

## ब्रम्हाण्डिय व्यवस्थाको सम्मान गरौं

जब ईश्वरले ब्रह्माण्ड भित्र व्यवस्था स्थापित गर्नुभयो, त्यहाँ पालना गरिनुपर्ने एक निश्चित नियमितता थियो। जसरी हामी आफ्नो ट्राफिक वा यातायातलाई बढी सहज बनाउन राजमार्ग वा सडक बनाउँछौं, त्यसरी नै मानिसको सुरक्षा गर्न, चालक, पैदल यात्रुको सुरक्षा गर्न र यातायात प्रवाहलाई व्यवस्थित गर्न समाजमा निश्चित ट्राफिक नियमहरू लागू गरिनुपर्ने हुन्छ। यदि यो नियम अनुसार चल्यौं भने दुर्घटना हुँदैन; तर यदि नियम पालन गर्दैनौं भने, समस्यामा पर्नेछौं। हामी घाइते हुन सक्छौं या हाम्रो मृत्यु समेत हुन सक्छ, फलस्वरुप आफू साथसाथै आफन्त एवं मित्रहरूलाई समेत पीडामा डुबाउँछौं।

त्यसैले यस संसारमा भएका सबै दुःख ईश्वरको कारण आएको होइन। ईश्वरले हाम्रो परीक्षा लिनुहुन्न। हाम्रो विश्वास र भक्तिको परिक्षा लिनको लागि ईश्वरले दु:ख र कष्ट पठाउनुभएको होइन। बिल्कुलै होइन। यो हाम्रै कारणले उत्पन्न भएको हो। त्यसैले त हामी भन्ने गर्छौं, "जे रोप्छौ, त्यसैको कटनी गर्छौं।" सर्वत्र, मानिसहरूले हरेक कुराहरुको लागि ईश्वरलाई दोष लगाउने गरेको सुन्छु, तर यो भनेको त, मानिलिऊँ तपाईंले धेरै पिएर सडकको दायाँको सट्टा बायाँ लेनमा गाडी चलाउनुभयो अनि तपाईंको दुर्घटनाको लागि ट्राफिक नियम बनाउनेलाई दोषी ठहराए जस्तै हो। यसमा सरकारको गल्ती हुँदैन; यो तपाईंको आफ्नै गल्ती हो। कानुनले मदिरा पिएर गाडी चलाउनु हुँदैन भन्छ, र त्यसैगरी कानुनले बायाँको सट्टा सडकको दायाँबाट गाडी चलाउनु पर्छ भन्छ।

त्यसैले यदि हामीले ईश्वरको नियम पालन गरेनौं भने, हामी समस्यामा पर्छौं। ईश्वरको नियमले भन्छ: तिमीले हत्या गर्नु हुँदैन। तर हेर्नुस् त, हाम्रा पुर्खाहरूले शताब्दियौं देखि के गर्दै आईरहेका छन् र हाम्रा केही बन्धुहरुले अहिले पनि के गरिरहेका छन्। भगवानको नाममा समेत, येशूको नाममा समेत, तिनीहरूले एक-अर्काको विरुद्ध युद्ध गर्ने साहस गर्छन्, जुन अत्यन्तै खेदजनक छ, किनकि यो न त ईश्वरको इच्छा हो, न त येशू ख्रीष्टको मनसाय नै यस्तो थियो। एकले अर्कोको हत्या गर्छ, र अर्कोले उसको पनि हत्या गरिदिन्छ, एवं रितिले उसका सन्तानहरुले अर्काका सन्तानहरुलाई मार्छन्, र अर्कोका सन्तानहरुले त्यसको बदला लिन्छन्, र यसप्रकार हामी कहिल्यै पनि रोकिंदैनौं!

युद्धले आफूसँगै अनेक विपत्तिहरू पनि ल्याउँछ। यसले राष्ट्रको आर्थिक संरचनालाई कमजोर बनाउँछ, यसले जनताको शक्तिलाई कमजोर बनाउँछ, र यसले उनीहरूको नैतिकता र आस्थालाई पनि कमजोर बनाउँछ; अनि फेरि पनि कतिपय मानिसहरूले ईश्वरलाई नै दोष दिनेछन्। तिनीहरूले भन्नेछन्, "यदि भगवान हुनुहुन्छ भने, उहाँले किन युद्ध हुन दिनुहुन्छ त? उहाँले किन मानिसहरूलाई एक-अर्कालाई मार्न छुट दिनुहुन्छ त, र यस्तै यस्तै यावत कुराहरु?

आजकल मौसम परिवर्तन, अनिकाल र अनेक प्रकारका रोगहरू आईरहेका छन्, जसले हाम्रो संसारलाई पीडित बनाएको छ। त्यसैले अल्प-विश्वास भएका केही मानिसहरूले फेरि पनि ईश्वरलाई दोष दिन्छन्। मैले जहाँ-जहाँ पनि प्रवचन दिएँ, मानिसहरूले मलाई सोध्ने गर्थे, “ईश्वर हुनुहुन्छ भने यस्तो-यस्तो विपत्ति किन आयो?” तर यी मानिसहरूले के याद राख्नपर्छ भने ईश्वरले यो सब गर्नुभएको होईन; यी सबै समस्याहरू हामी स्वयंले नै निम्त्याएका हौं। उदाहरणका लागि, केही राष्ट्रहरूले सधैं परमाणु बम र हाइड्रोजन बम परीक्षण गरिरहन्छन्, जसले वायुमण्डलको संरचनामा बाधा पुर्‍याउँछ र पृथ्वीको स्थिरतामा दखल पुर्याउँछ। उनीहरुलाई के लाग्छ भने बमलाई हावामा वा समुन्द्रमा हान्दैमा केही समस्या पर्दैन। तर यसले पनि समस्याहरू सिर्जना गर्दछ किनभने ब्रह्माण्ड धेरै प्रकारका

पदार्थहरू मिलेर निर्माण भएको छ; केही ठोस पदार्थहरु अनि केही अदृश्य पदार्थहरुबाट बनेको छ। तसर्थ अदृश्य पदार्थहरूलाई बाधा पुर्याएर उनीहरुले ब्रह्माण्डको स्थिरतालाई समेत बाधा पुर्याउनुको साथै प्रकृतिको विकाश-क्रममा हस्तक्षेप गर्छन्।

उदाहरणका लागि, तपाईंले झ्याल, ढोका र केही खाली कोठाहरू भएको घर बनाउनुहुन्छ। यदि कुनै एउटा कुना भत्कियो भने, कोठाको तापक्रम पनि परिवर्तन हुनेछ। यदि त्यो भत्किएर प्वाल परेको ठाउँको मर्मत नगर्ने हो भने, गर्मीको मौसम भए पनि, रातको समयमा समेत अलि जाडो हुन्छ, किनभने कहिलेकाहीँ राती चीसो हावा चल्न र पानी पर्न सक्छ।[6]

## हाम्रो आदर्शमय करुणाशील आत्म-स्वरुपको रक्षा गरौं

हामीले मानव र मानविय करुणामय हृदयलाई बचाउनै पर्ने हुन्छ – यो नै सबैभन्दा महत्त्वपूर्ण कुरा हो। हाम्रो श्रेष्ठ सद्गुण जोगाउनै पर्ने हुन्छ। म बारम्बार भन्ने गर्छु कि, हामीले बचाउन चाहेको केवल यस ग्रहको भौतिक अस्तित्व मात्र होइन, तर बालबालिकाहरुलाई पनि सुरक्षित बनाउन चाहन्छौं, र त्यसो गरेर हामी हाम्रो महान आत्म-स्वरुप, हाम्रो आदर्शमय करुणाशील आत्म-स्वरुपको पनि रक्षा गर्छौं, जुन हाम्रो मूल प्रकृति हो। तिनलाई गुमाउनु भनेको, यो ग्रह गुमाउनु भन्दा पनि खराब स्थिति हो। हामीले हाम्रो करुणाशील हृदयलाई कायम राख्नै पर्दछ।

हामी श्रेष्ठ, सत्यवादी, दयालु बन्नुपर्छ, अनि बच्चाहरू र बेसाहारा निःसाहाय जनावरहरू जस्ता कमजोर तथा अशक्तहरुको रक्षक बन्नुपर्छ। हामीले हाम्रो श्रेष्ठ स्वभावको रक्षा गर्नैपर्छ, हामी जीवित, चलता-फिरता, सास फेरिरहेका ईश्वरका सन्तान, वा बुद्धका अनुयायी बन्नुपर्ने हुन्छ।[7]

## प्रेमले प्रेम जन्माउँछ

किनभने सबैभन्दा पहिले त हामीले प्रेम जन्माउनको लागि प्रेम कै अभ्यास गर्नुपर्ने हुन्छ। हाम्रो परमपिता जस्तै सर्वव्यापी, मायालु बन्नको लागि हामीले पनि सबै प्राणीहरुलाई माया गर्नुपर्ने हुन्छ। अनि विशुद्ध शाकाहारी (भीगन) आहार पछाडि लुकेको अर्थ पनि यही नै हो। विशुद्ध शाकाहारी हुनु न त स्वास्थ्यको लागि हो, न त येशूले भन्नुभएकोले हो, न त बुद्धले निषेध गर्नुभएकोले हो, यो त केवल हामी प्रेमको अवतरण भएको व्यक्ति बन्नको लागि हो।

हामी यस ग्रहमा चलता-फिरता भगवान बन्नुपर्दछ। हामीले भगवानको नजिक हुनको लागि, भगवानले जिए जसरी जिउनु पर्छ ... भगवानले हामीलाई दण्ड दिनुहुन्न, केवल यति हो कि हामी जस्तो छौं त्यस्तै नै निम्त्याउँछौं। यदि हामी कुनै चीजको नजिक हुन चाहन्छौं भने, हामी त्यतातिर अग्रसर हुनुपर्छ, त्यही दिशातिर अघि बढ्नुपर्छ। अतः भगवानले सबै प्राणीहरू सृष्टि गर्नुभयो र तिनीहरूलाई प्राकृतिक रूपमा नै मृत्यु हुने प्रावधान राखिदिनुभयो। हामीले पनि त्यस्तै गर्नुपर्छ। यदि हामीले सिर्जना गर्न सक्दैनौं भने, कमसेकम नष्ट पनि नगरौं। बाइबलमा आज्ञा गरिएको छ कि: "तिमीले मार्नु हुँदैन।" त्यसमा यसो भनिएको छैन: "तिमीले मानिसहरूलाई मात्र मार्नु हुँदैन।" त्यसमा भनिएको छ, "तिमीले मार्नु हुँदैन।" जसलाई मारे पनि मारेको नै त ठहरिन्छ नि।[८]

# ४ प्रेम नै मानवताका सबै समस्याहरूको समाधान हो

यस भौतिक आयामको सबैभन्दा बहुमूल्य कुरा प्रेम हो। त्यसैले हामीले प्रेमलाई जोगाउनै पर्छ, चाहे त्यो कुनै दम्पती-बीचको प्रेम होस्, या आमाबाबु र बच्चाहरू बीचको प्रेम होस्, या मित्रहरु बीचको प्रेम। चाहे त्यो मानव-मानव बीचको प्रेम होस् वा पशु-पशु बीचको प्रेम, मानिस-जनावर बीचको प्रेम होस् वा जनावर-मानिस बीचको प्रेम। चाहे त्यो बिरुवा र रुख बीचको प्रेम नै किन नहोस् । तिनीहरु आपसमा संवाद गर्छन्। तिनीहरूले एक-अर्कालाई प्रेम र रक्षा गर्छन्, जुन वैज्ञानिकले प्रमाणित गरेसकेका छन्। विशेष गरी अहिलेको परिस्थितिमा हामीलाई जे कुराको आवश्यकता छ त्यो हो - सच्चा प्रेम। हामीले जुन कुरालाई माया गर्छौं त्यो फस्टाउँछ। जब हामी माया पाउँछौं तब त्यसले हामीमा खुशी बढाउँछ। तर प्रेम भनेको खोक्रो शब्दावली मात्र होइन; अदृश्य एवं दृश्य रुपमा, प्रेम व्यवहारमा प्रकट हुने कुरा हो।

प्रेम फस्टाउन वा नष्ट हुन पनि सक्छ, यद्यपि प्रेमको सार-तत्त्व कहिल्यै नष्ट हुन सक्दैन। प्रेमलाई पोषण गर्ने खालका कर्महरू हुन्छन्, त्यस्तै प्रेमलाई ओइलाउने र मार्ने खालका कर्महरु पनि हुन सक्छन्। मेरो मतलब यस भौतिक जगतको प्रेम। मेरो मतलब यो सांसारिक आयामको प्रेम। अनेक प्रकारका कर्महरु हुन्छन् जसले प्रेमलाई बढाउन सक्छ, र त्यस्तै अनेक प्रकारका कर्महरु हुन्छन् जसले प्रेमलाई घटाउन पनि सक्छ। यदि हामीले प्रेम पायौं भने त्यसको कदर एवं जगेर्ना गर्नुपर्ने हुन्छ। त्यसलाई साथ दिनुपर्ने हुन्छ। हामीले आफ्नो मन, वचन कर्मबाट त्यसलाई साथ दिनुपर्ने हुन्छ।[2]

हामी प्रेमको उदाहरण बन्न सक्छौं र बन्नु पर्छ पनि, जस्तै केही दिएर होस्, या हेरचाह गरेर होस्, या शान्ति एवं सुमधुरता कायम राखेर होस्, ताकि अरुहरुले हाम्रो बारेमा सोंच्दा, हाम्रो नाम सम्झिंदा, उनीहरूले प्रशन्नता, स्नेह, आनन्द, र श्रेष्ठता महसुस गरुन्। जसको कारण उनीहरूको राम्रो गुण अझ चम्केर आउनेछ। हामी अरूको विचार, व्यवहार र बोलीमा बोझ वा दुःखको कारण बनिदिनु हुँदैन।

हामी त श्रेष्ठ आचरण एवं प्रेमको लागि प्रेरणाको श्रोत बन्नुपर्ने हो, विशेष गरी यदि हामीलाई अरूको उदाहरणद्वारा कसरी गर्ने भनेर देखाइएको छ भने। यदि हामीमा प्रेम छ भने, सबै सुभता हाम्रो मार्गमा मिलेर आउनेछ। हामी अहिले नै, आजबाटै प्रेम गर्न सुरु गर्न सक्छौं, अनि भविष्यमा पनि यसलाई जारी राख्न सक्छौं। **स्वयंलाई माया गर्नुहोस्, आफ्नो परिवारलाई माया गर्नुहोस्, आफ्ना छिमेकीहरूलाई माया गर्नुहोस्, आफ्नो वरपर भएका सबैलाई माया गर्नुहोस्।**

हाम्रो हृदयमा प्रेम नै छैन भने, हामी स्वयंको लागि, अनि प्रियजनहरू र समाजको लागि पनि केवल बोझ सिवाय केही पनि होइनौं। प्रेम भनेको केवल हाम्रो ओठले दोहोर्याइरहने खोक्रो शब्द होइन, प्रेमभाव त हाम्रो अन्तर्मन भित्रको भावनामा हुनुपर्छ, र बाहिर व्यवहारमा त्यो अभिव्यक्त हुनुपर्छ।

**जनावरहरूलाई माया गर्छौं भने, हामी विशुद्ध शाकाहारी (भीगन) बन्नेछौं।**

**पृथ्वीलाई माया गर्छौं भने, हामी पर्यावरण अनुकूल बन्नेछौं।**

**संसारलाई माया गर्छौं भने, हामी यस ग्रहलाई बचाउनेछौं।**[2]

यदि हामीले आफूलाई उच्च प्राणी ठान्छौं भने, हाम्रो कार्यहरु पनि श्रेष्ठ आचरण अनुकुल हुनुपर्दछ - कमजोर र निर्दोषहरूको रक्षा गर्ने, र हाम्रा मित्रहरूलाई हानी गरेर आफ्नो शक्तिको दुरुपयोग नगर्ने खालको, विशेष गरी यस कारणले पनि कि उनीहरूले हामीलाई कुनै हानी गरेका हुँदैनन्। हामीले विगत र वर्तमानका महान ज्ञानी धार्मिक गुरुहरूको कुरा सुन्नुपर्छ, र हाम्रा पशु-मित्रहरूलाई ईश्वरको पवित्र, प्रिय सृष्टिको रूपमा मान्नुपर्छ। अनि गरिमा, सम्मान र दयाभावको एक न्युनतम आधारभूत चेष्टाको रूपमा, हामी विशुद्ध शाकाहारी (भीगन) बन्नुपर्छ। जब हामी जनावरहरूलाई माया र सम्मान गर्छौं, हामी हाम्रो आफ्नै आध्यात्मिकताको पनि विकास गर्नेछौं।

जब हामी यस प्रेमलाई ब्रह्माण्डका हाम्रा सह-निवासी जनावरहरु लगायत सबै प्राणीहरूमा विस्तार गर्न सक्षम हुन्छौं, तब हामी स्वयं पनि विस्तारित हुन्छौं र आध्यात्मिक रूपमा अझ उचाइमा पुग्छौं। जनावरहरूसँगको हत्या-हिंसा रहित शान्तिपूर्ण सम्बन्धले, हाम्रो लागि प्रचुर मात्रामा दिव्य आशिष ल्याउनेछ। सम्पूर्ण विश्वले जनावरहरूप्रति यस्तो करुणा देखाउँदा हाम्रो ग्रहको वायुमण्डल, निश्चित रुपमा स्थिर हुनेछ, साथै शान्ति र प्रेमको भावनाले परिपूर्ण स्वर्ग-समान स्थितितर्फ परिवर्तन हुँदै जानेछ।[9]

यदि जैविक विशुद्ध शाकाहारी प्रचलन (organic vegan trend) वा जैविक विशुद्ध शाकाहारी खेती (organic vegan farming) विधि अपनाएमा, हामीले प्रकृतिबाट, पृथ्वी ग्रहबाट, रूखहरूबाट, फूलहरुबाट, घाँसको पत्ता-पत्ता बाट समेत अविरल प्रेमको धारा झन्-झन् बढी मात्रामा पाइरहेको अनुभूती गर्नेछौं। हामीले सास फेर्ने हावामा पनि अगाध प्रेम-भाव महसुस गर्नेछौं। हामीले पाइला चाल्ने भूमीबाट समेत अगाध स्नेहको आभासले ओतप्रोत हुनेछौं। यस अनुभूतीलाई हामी मानवीय भाषामा अभिव्यक्त गर्नै सक्दैनौं। हामीले यसलाई केवल महसुस गर्न सक्छौं। म हरपल यो महसुस गर्छु, तर म यो आध्यात्मिक सन्देश अन्य मानिसहरूलाई बुझाउन सक्दिनँ। प्रत्येकले यस अनुभवलाई स्वयं

नै अनुभूती गर्नुपर्ने हुन्छ। जब हामी विशुद्ध शाकाहारी आहारको करुणापूर्ण दिव्य जीवनशैली तर्फ फर्किन्छौं, तब हरक्षण प्रेममा झन्-झन् गहिरिँदै गएको, झन्-झन् व्यापक रुपमा समग्रतासँग जोडिँदै गएको महसुस गर्नेछौं।[10]

सर्वप्रथम त, विशुद्ध शाकाहारी (भीगन) बन्नुहोस्, बुझ्नुभयो? यदि हामीले जैविक तरकारी (organic vegetables) वा फलफूलहरू फेला पार्न सकेनौं भने पनि, कृपया पहिले विशुद्ध शाकाहारी (भीगन) बन्नुहोस्। किनभने यो सकारात्मक प्रेमपूर्ण ऊर्जाले हाम्रो यस ग्रहलाई ढाक्नेछ, यसप्रकार यो हाम्रो लागि सुरक्षात्मक कवच बन्नेछ। अरु कुनै उपाय नै छैन, खतराको यस जटिल क्षणमा अन्य कुनैपनि हरित शक्तिले हामीलाई बचाउन सक्दैन। कृपया मलाई विश्वास गर्नुहोस्। तपाईंहरुलाई यस्तो भन्नुमा मेरो केही फाइदा लुकेको छैन, तर पनि म भनिरहेकी छु, किनकि म तपाईंहरु मध्ये कै एक हुँ, किनकि मेरो प्रेम कुनैपनि घेरा या सिमानामा सिमित छैन, चाहे त्यो म स्वयंलाई गर्ने प्रेम होस् वा मेरो परिवारजनलाई वा मेरो आफ्नो देशका जनतालाई वा कोरियाका जनतालाई या संसारको कुनैपनि देशका मानिसहरुलाई गर्ने प्रेम नै किन नहोस्। म सारा मानवहरुलाई नै प्रेम गर्छु। म यस ग्रहका सम्पूर्ण प्राणीहरूलाई माया गर्छु र म तपाईंहरू सबैलाई बचाउन चाहन्छु। म ती सबैलाई बचाउन चाहन्छु। हाम्रो घर जलेर सकिनु अघि नै कृपया आफू पनि जाग्नुहोस् र अरू सबैलाई पनि जगाउनुहोस्। हामी सबै मिलेमा यसमा विजयी हुनेछौं, हामी एकसाथ मिलेर यो ग्रहलाई बचाउनेछौं। केवल भौतिक अस्तित्वको लागि मात्र यो ग्रह बचाउने भनेकी होइनँ, तर हामी स्वयंलाई बचाउनको लागि पनि हो।

हामीले हाम्रो महान आत्म-स्वरुपलाई बचाऔं जुन करुणाशील छ, प्रेममय छ, दयाभावले परिपूर्ण छ, स्वयं ईश्वर-स्वरुप छ। सबै धर्मका शास्त्रहरूले यही बताउँछन् कि, हामी बुद्ध हौं, हामीले चाहेमा बुद्ध पनि बन्न सक्छौं, अर्को शब्दमा भन्नु पर्दा हामी ईश्वरका सन्तान हौं। त्यसैले हामीले आफू ब्रह्माण्डमा सबैभन्दा महान् प्राणी, यस श्रृष्टिकै मुकुट भएको पहिचानलाई संरक्षित गर्नुपर्छ। हामीले हाम्रो महान सद्गुणलाई बचाउनै पर्छ; यस ग्रह मात्र होइन, हामी स्वयं

आफूलाई, आफ्नो हृदयलाई, आफ्नो श्रेष्ठ आचरणलाई र यो पृथ्वी नामक सुन्दर अन्तरिक्ष-यानमा हाम्रो नेतृत्वकारी भूमिकालाई पनि संरक्षण गर्नुपर्छ। हामी यसको कप्तान हौं। हामीले यो ग्रहलाई सुरक्षित तरिकाले नेतृत्व गर्नैपर्ने हुन्छ, साथसाथै हाम्रो आत्मा लगायत हामी भित्र भएका उत्कृष्ट सद्गुणहरु संरक्षण गर्नुपर्नेछ।

हामी सबै एकजुट भएर, न केवल यस सुन्दर जेजु अनि सम्पूर्ण दक्षिण कोरियालाई एक अद्भूत स्वर्गको रूपमा संरक्षण गर्न सक्नेछौं, तर सम्पूर्ण विश्वलाई नै बचाउन सक्नेछौं। तपाईंहरु सबै महान नायक बन्नुहुनेछ। तपाईंहरू सबै मेरा नायकहरु बन्नुहुनेछ। कृपया, विशुद्ध शाकाहारी (भीगन) बनौं, हरियाली बढाऔं (Be Veg, Go Green)। प्रेमले संसार बदल्न सक्छ। धन्यवाद।[10]

## जनावरहरूको तर्फबाट एक सन्देश

तिनीहरू (जनावरहरू) चाहन्छन् कि तिनीहरूले जे देखिरहेका छन् मानव जातिले पनि त्यो देख्न सकून्, तिनीहरुले जे थाहा पाएका छन्, त्यो (मानवले पनि) थाहा पाउन सकून्, र पृथ्वीको आफ्नो अल्पकालीन समयममा यसैको वरिपरि केन्द्रित भएर गरिने यी सबै पागलपनलाई रोकुन्, र अनन्त जीवनमा बढी ध्यान केन्द्रित गरुन्। तिनीहरू (जनावरहरु) पृथ्वी बचेको हेर्न चाहन्छन्। तर पनि यो भनेको ग्रह बचाउने बारेमा मात्र चाहिं होइन, तर मानिस सद्गुण-युक्त जीवन र करुणाशील हृदय तर्फ फर्कने बारेमा हो। अनि मात्र सबै कुरा ठीक हुनेछ। यो रहस्य उनीहरु (जनावरहरु) लाई थाहा छ । यदि मानिसहरु करुणाशील भएमा, त्यसको प्रभावले पृथ्वी स्वतः सुरक्षित हुनेछ। यदि हामी प्रेमको नियम अनुसार जियौं भने, सबै कुरा स्वतः ठीक हुनेछ। जनावरहरूलाई यो रहस्य थाहा छ, र तिनीहरूले मानवले पनि यो अवधारणा बुझ्न सकून् भनेर एकदम कामना गर्दछन्, एकमात्र अवधारणा जुन सबैभन्दा महत्वपूर्ण छ, त्यो हो प्रेमको अवधारणा।[11]

किनभने केही समय अभ्यास गरेपछि हामी समग्रतासँग एकाकार भएको अनुभूती गर्नेछौं, ब्रम्हाण्डमा भएका हजारौं कुराहरुसँग एकाकार, तपाईं र म बीच एकात्मकता, तपाईंको आत्म-स्वरुपसँग मेरो आत्म-स्वरुपको एकात्मकताको महसुस गर्नेछौं। अर्थात् यस्तो अनुभूती कि हामी एउटै स्रोतबाट आएका हौं, हामी ज्ञान-स्वरुप हौं, प्रेम-स्वरुप हौं, अखण्ड - एकरुप हौं। त्यसकारण अब उसले ब्रह्माण्डमा केवल एउटा व्यक्ति वा एउटा प्राणीलाई मात्र छानेर "म त्यो व्यक्तिलाई प्रेम गर्छु" भन्न सक्दैन। ठीक छ!

यदि निधारदेखि खुट्टाको औंलासम्मको समग्र भाग मिलेर तपाईंको शरीर बनेको हुन्छ भने, हामी कुनै एउटा मात्र अँग या औंला छानेर, यो मेरो प्यारो हो भनेर, त्यसको मात्र ख्याल राख्छौं र? के हामी त्यसो गर्न सक्छौं? होइन, यस्तो गर्नु हास्यास्पद हुनेछ। हो, आहा, मेरो ओठ कति सुन्दर छ भनेर चाहिं भन्न सक्छौं। अथवा मलाई मेरो केशमा गर्व लाग्छ, वा मलाई मेरो औंला औधी मन पर्छ भनेर भन्न सक्छौं होला। तर हामी शरीरका अन्य अंगहरूलाई पनि उत्तिकै माया गर्छौं। किनभने हाम्रो शरीरको कुनै एउटा भाग बिना पनि, हामी बाँच्न सक्दैनौं। यदि हाम्रो शरीरको कुनै एउटा भागलाई काट्यौं, वा क्षति पुर्यायौं भने, हामी खुसीसाथ रहन सक्दैनौं। हामी दुखित हुनेछौं, यदि त्यसप्रति अझै पनि संवेदनशील भावमा छौं भने हामी अत्यन्त दुखी हुनेछौं। केवल सुन्न-लाटो भएका वा सम्भवतः छोएको थाहा नपाउने समस्या भएकाहरूले मात्र आगो छुँदा वा आफ्नो शरीरको कुनै भागमा क्षति पुर्याउँदा केही महसुस गर्न सक्दैनन्।

सामान्य संवेदनशील मानिसले आफ्नो शरीरको कुनैपनि अंगमा भएको समस्या महसुस गरिहाल्छ। त्यस्तै, सन्त पनि एकदम साधारण मानव हुन्, एक सच्चा महा-मानव हुन्। किनकि उनले सबै कुराको अनुभूति गर्छन्। त्यही भएर हामी पनि अन्य जीवहरुलाई कुनै हानी गर्दैनौं। त्यसैले त हामी स्वयंलाई परिपोषित गर्न, सबै प्राणीहरूप्रतिको हाम्रो प्रेमलाई परिपोषित गर्न विशुद्ध शाकाहारी (भीगन) भएका हौं। किनभने तिनीहरू सबै हामीसँग एकाकार छन्। यदि हामी

आफ्नो सच्चा स्वरुपको पूर्णता प्राप्त गर्न चाहन्छौं भने, हामीले सबै प्राणीहरूको ख्याल राख्नुपर्छ किनभने तिनीहरू प्रत्येक हाम्रो आफ्नै अंश हुन्। त्यही कारण हो। यसकारण होइन कि धार्मिक उपदेशले त्यस्तो भनेको छ। यो त हाम्रो आफ्नै संवेदनशील भावनाबाट अनुभूती गरेको कारणले गर्दा भनेको हो।

हामी जति धेरै स्वर्ग र पृथ्वीसँग एकात्मकताको अभ्यास गर्छौं, त्यति नै बढी ब्रह्माण्डको प्रत्येक जीवको अनुभूतिप्रति संवेदनशील बन्छौं र हामी स्वतः स्वभाविक रुपमै तिनीहरूलाई जोगाउने प्रयास गर्छौं। अवश्य पनि, केही अवस्थामा यसबाट अछुतो रहन बिल्कुलै सम्भव नहोला। त्यस्तो अवस्थामा चाहिं हामीले सकेसम्म अल्प मात्रामा, न्युनतम दुःख दिने खालको, यथासम्भव कम हानी गर्ने खालको  विकल्प, जस्तो कि - विशुद्ध शाकाहारी (भीगन) आहार छनौट गर्न सक्छौं। हामीले खानैपर्ने भएकोले मात्र हो, नत्र त त्यो नि नखाने थियौं होला।[12]

विशुद्ध शाकाहारी (भीगन) आहार उच्चतम् अर्थमा सच्चा अहिंसा हो, र विशुद्ध शाकाहारी (भीगन) आहार व्यवहारमा पनि झल्काइएको प्रेम हो। के तपाईंहरुलाई त्यस्तो लाग्दैन? हो, यदि तपाईं जनावरलाई माया गर्नुहुन्छ भने, तिनीहरूलाई किन खाने? हो, सबैले भन्छन् हामी जनावरलाई माया गर्छौं, तर कसरी? साथै विशुद्ध शाकाहारी (भीगन) आहारले ८०% ग्लोबल वार्मिङ्ग (विश्वव्यापी तापक्रम वृद्धि) रोक्छ, सबै क्रूरतालाई रोक्छ, जुन हाम्रो थालबाट सुरु हुन्छ, अनि संसारभर प्रेममय, करुणाशील ऊर्जा उत्पन्न गर्दछ, पानीको अभाव र जल प्रदूषण रोक्छ, खाद्यान्नको अभाव रोक्छ, विश्वको भोकमरी र युद्ध रोक्छ, घातक रोगहरुको रोकथाम गर्छ,  एक उत्कृष्ट संसार निर्माण गर्न र नयाँ उपयोगी आविष्कारहरू र असल मानिसहरूको संस्थाहरूलाई समर्थन गर्ने दिशामा ठूलो मात्रामा कर एवं उपचार खर्चहरुको बचत गर्छ, र सूची अझै लामो छ।

हामी सबै एक शान्तिपूर्ण संसार चाहन्छौं र हामी सबै नै हाम्रो शान्ति र प्रेमको चाहनालाई अक्सर आफ्नो कुराकानीमा व्यक्त गर्दछौं। ठिक छ, मलाई लाग्छ कि हामीले यसलाई अहिले नै सुरु गर्नुपर्छ र यो शान्तिको शुरुवात हाम्रो थालहरुबाटै सुरु गर्नुपर्दछ। हामी आफ्नो छनोटहरुबाट नै प्रेमको सुरुवात गरौं। विशुद्ध शाकाहारी (भीगन) आहारका यी तमाम फाईदाहरु जति वर्णन गरे पनि पर्याप्त हुँदैन। साथै यसको आध्यात्मिक पक्ष पनि छ। जब कुनै व्यक्तिले कुनै पनि जीवको प्रत्यक्ष वा अप्रत्यक्ष हत्यामा भाग लिन्छ भने, मान्छे या जनावर जसलाई मारेको भएता पनि, ऊ प्रतिशोध र हिंसाको कुचक्रमा प्रवेश गर्दछ। र यो तब मात्र समाप्त हुन्छ जब ती मध्ये कुनै एउटा पक्षले यो सब बन्द गर्दछ।

त्यसैले, हामीले आफ्नो शत्रुलाई समेत माया गर्नुपर्छ। किनभने प्रेम र क्षमामा मात्र घृणा र बदलाको नकारात्मक प्रभावलाई तोड्ने शक्ति हुन्छ। अनि विगतका सबै गुरु र परम-ज्ञानी संतहरूले यसबारे बताईसक्नु भएको छ।[13]

म विशुद्ध शाकाहारी विश्व, विश्व शान्ति (World Vegan, World Peace) को कामना गर्दछु। मेरो चाहना केवल यति मात्र हो। म हरेक दिन मेरो चाहना स्वर्गहरुतर्फ दोहोर्याईरहन्छु, उहाँहरुले सुनुन् भनेर; हामीलाई मद्दत गर्नको लागि। किनभने विशुद्ध शाकाहारी विश्व (World Vegan) बिना, दिगो विश्व शान्ति (World Peace) सम्भव नै छैन। त्यसैले म मानिसहरूलाई विशुद्ध शाकाहारी विश्व (World Vegan) को लागि मात्र प्रार्थना र ध्यान गर्न आग्रह गर्छु। अनि विश्व शान्ति पनि यसको साथसाथै आउँछ। अहिले जति धेरै विशुद्ध शाकाहारी विश्व (World Vegan) भयो, त्यति नै विश्व शान्ति (World Peace) स्थापित हुन्छ। तर यो अझै दिर्घकालीन हुनुपर्छ। अनि त विश्व शान्ति (World Peace) पनि त्यो सँगसँगै आउँछ। हुन त, अहिले धेरै राम्रो हुँदै गईरहेको छ, तर अझै पनि, यो मैले चाहेको जस्तो आदर्शमय चाहिं भईसकेको छैन। मानिसहरु अहिले अझ बढी विशुद्ध शाकाहारी (भीगन) भएका छन् । उनीहरूसँग अहिले कोभिड-१९ को दौरानमा बढी समय छ। तिनीहरू सँगै वा एक्लै बस्छन्,

आफ्नो परिवारजन, नजिकको परिवार, वा एक्लै र एक वा दुई जनासँग, र तिनीहरूसँग चिन्तन-मनन गर्न बढी समय हुन्छ। अतः हामी देख्न सक्छौं कि विशुद्ध शाकाहारी प्रचलन (vegan trend) अहिले बढि लोकप्रिय हुँदै गईरहेको छ। यसले सारा विश्वलाई नै प्रभावित पारोस भन्ने मेरो चाहना छ, ताकि शिघ्र नै हाम्रो ग्रहमा कुनै पनि पिडित जनावरहरू, वा युद्ध र अनिकाल र ती सबैबाट पीडित प्राणीहरु हुने छैनन्।

म सबै नेताहरूलाई युद्ध लगायतका अनावाश्यक एवं फजुल-खर्च बचत गर्न सल्लाह दिन चाहन्छु। ती बचत गरेका पैसाहरु गरीबहरुको लागि उपयोग गरौं । उनीहरूलाई केही दिनुहोस् ताकि उनीहरुले आफ्नो जीवन व्यवसाय, शिक्षा वा खेतीपातीबाट सुरु गर्न सकून्, मासु व्यवसायबाट अर्गानिक शाकाहारी व्यवसायमा आफ्नो जीवन परिवर्तन गर्न सकून्। यो धेरै सजिलो छ। र त्यसपछि तिनीहरूले आफ्नो हेरचाह गर्नेछन्। र जति धेरै मानिसहरू विशुद्ध शाकाहारी बन्छन्, त्यति नै मात्रामा सरकारका पदाधिकारीको चिन्ता कम हुँदै जान्छ, किनभने आफ्नो पैसा कमाउन, आफ्नो हेरचाह गर्नको लागि उनीहरूसँग पर्याप्त मात्रामा कार्य-व्यस्तता भएमा, उनीहरू त्यति हिंसक हुने छैनन्; उनीहरूले सरकारलाई कहिल्यै पनि दुख दिने छैनन्। संसारमा कम पीडा हुन्छ, त्यसपछि रोग पनि कम हुनेछ, साथै अपराधीहरुको सँख्या पनि कम हुनेछ। तब यो सबैको लागि राम्रो हुन्छ।

मेरो चाहना केवल त्यही होः ईश्वरको नाममा विशुद्ध शाकाहारी विश्व, शान्तिपूर्ण विश्व (World Vegan, World Peace)। ईश्वरको कृपाले, यो यथाशिघ्र आओस्। आमेन।[14]

# ५ आन्तरिक शान्ति र विश्व शान्तिको लागि ध्यान

शान्ति पहिले हामीबाट सुरु हुन्छ, मबाट, तपाईंबाट, एवं रितिले सारा संसारमा शान्ति छाउनेछ। त्यसकारण, यदि हामीले ध्यान-साधना गर्यौं, र मासुको सेवन छोड्यौं भने, आन्तरिक रुपमा अधिक शान्तिपूर्ण हुनेछौं। यसरी हामी अधिक शान्तिपूर्ण भएको कारण, हाम्रो वरपर एक प्रकारको अदृश्य, शान्तिमय वातावरण प्रसारित गर्छौं, फलस्वरुप यसले हरेकलाई प्रभाव पार्दछ। अनि त हामीले शान्तिको कुरा पनि गर्नु पर्दैन, त्यहाँ हुने नै शान्ति हो। हामीले शान्तिको वकालत गरिरहनु पनि पर्दैन, स्वतः शान्ति नै शान्ति हुनेछ।[15]

अचेल ध्यान ज्यादै लोकप्रिय बन्दै गएको छ। अहिले मानिसहरु 'ईश्वर खोज्न ध्यान गर्नुहोस्' भन्दैनन्, तर 'तनावमुक्त स्थितिमा आउन, अझ स्वस्थ बन्न, राम्रो महसुस गर्न, लामो समयसम्म बाँच्न र सफल हुन ध्यान गर्नुहोस्,' भन्ने गर्छन्। अर्थात्, जीवनको हरेक पक्षमा सफल हुन हामीले दिनको एक समय शान्त भएर बस्नको  लागि समय निकाल्नुपर्छ, तर सुत्नको लागि नभएर, ध्यान गर्नको लागि। यो कुरा अहिले सबैलाई थाहा छ किनभने विज्ञानले यो प्रमाणित गरिसकेको छ। यदि हामीले शान्त हुन या ध्यान गर्न दिनको एक समय छुट्याउँछौं भने, हाम्रो शरीर झन्-झन् स्वस्थ हुँदै जान्छ। सबैभन्दा राम्रो उपाय मध्ये एउटा चाहिं ध्यान हो; अर्थात्, हरेक दिन ध्यान गर्ने समय छुट्याउने।

यो तपाईंको लागि बहुमूल्य समय हो। हामी दिनभर काम गर्छौं, बाहिरका तमाम कुराहरु साथै अरुहरुको देखभाल गर्छौं। त्यसैले जब हामी ध्यान गर्छौं, त्यो हाम्रो

लागि नितान्त व्यक्तिगत समय हो। हामीले सर्वप्रथम त स्वयंलाई  माया गर्नुपर्छ - अरूलाई माया गर्नुहोस् तर आफूलाई पनि माया गर्नुहोस्।

यो तपाईंको लागि धेरै राम्रो हुन्छ। जन्मेको पल देखि मृत्युको क्षणसम्म तपाईंको लागि सबैभन्दा बहुमूल्य समय भनेको ध्यान गर्दाको समय हो। यो भनेको तपाईंले आफ्नो लागि गर्नुपर्ने सबैभन्दा उत्तम कुरा हो। तपाईंलाई यो अरु कसैले पनि दिन सक्दैन; यो केवल तपाईं स्वयंले मात्र आफूलाई दिन सक्नुहुन्छ। तपाईंले आफ्नो लागि गर्न सक्ने सर्वोत्तम कुरा हो - ध्यान। तपाईंले यो आफ्नो लागि गर्दै गर्दा, अरूलाई पनि स्वाभाविक रूपमा लाभ मिल्नेछ। तपाईंको परिवार, आफन्त-जन, कुकुर र बिरालोलाई पनि लाभ मिल्नेछ। रूख र फूलहरूले समेत लाभ उठाउनेछन्।[16]

किनकि ध्यान साँच्चै नै तपाईंको सुरक्षा-कवच हो। यो तब हुन्छ जब तपाईं आफ्नै महान शक्ति एवं विश्वव्यापी शक्तिसँग जोडिनुहुन्छ जसले तपाईंलाई सम्भाल्छ, स्थिर राख्छ र तपाईंको रक्षा गर्दछ, तपाईंलाई सारा प्रेम अनि आशिष एवं सुरक्षाले अँगाल्छ। साँच्चै यस्तै हुन्छ। यस संसारमा तपाईंलाई बचाउन सक्ने अर्को कुनै शक्ति छैन। यही नै हो - रहस्य। यो नै ब्रह्माण्डको रहस्य हो जुन धेरै मानिसहरूले बुझ्दैनन् वा बुझ्ने अवसर पाएका छैनन्, तर कहिलेकाहीँ मानिसहरूले यसलाई सामान्य रूपमा लिन्छन् अनि जब समस्या आउँछ र रोग आदि यावत कुरा हुन्छन्, तब उनीहरू बाहिर गएर **औषधि** खान्छन् र डाक्टरलाई धन्यवाद दिन्छन्। । यसमा केही समस्या छैन, तपाईं आध्यात्मिक रूपमा पर्याप्त बलियो नहुँदा र कर्मफलले थिच्दा, डाक्टरकहाँ जानुपर्छ। तर हामी भित्र नै उपचार छ। अतः स्यवंलाई मद्दत गर्न अनि मानिसहरू राम्ररी जागृत भएर यसमा सहभागी नभएसम्म संसारलाई सहायता गर्न, हामी सधैं स्वस्थ र बलियो हुन सक्छौं।[17]

## पृथ्वीमा हाम्रो जीवनको उद्देश्य

"हामी प्रत्येकले पाएको मानव जीवनको एकमात्र उद्देश्य भनेको ईश्वरको साक्षात्कार (परम-ज्ञान) प्राप्त गर्नु नै हो। यदि यस कर्तव्यलाई त्याग्यौं भने हामी यस जीवन वा अरू कुनै पनि जीवनमा कहिल्यै आनन्दित रहने छैनौं। सत्य कुरा के हो भने, यही नै मानव दु:खको एक मात्र कारण हो, अरु केही होईन। यदि हामीले यो कुरा बुझेको भए, कि कसरी हामीले आमाको गर्भमा संघर्ष गर्यौं, कसरी हामीले पूर्व-जन्मका गल्तीहरूको लागि पश्चाताप गर्यौं, र कसरी हामीले वर्तमान जीवनलाई अर्थपूर्ण तरिकामा प्रयोग गर्नेछु भनेर जन्म लिनु अघि ईश्वर सामु प्रतिज्ञा गर्यौं, तब हामीले हाम्रो फूर्सदको सारा समय ईश्वरिय ज्ञानको साक्षात्कार गर्ने प्रयत्नमा बाहेक एक सेकेण्ड पनि अरु कुरामा खेर फाल्ने थिएनौं!

तर यस संसारमा जन्म लिने बित्तिकै हामी सबै कुरा बिर्सन्छौं। किनभने (जन्म पश्चात्) मानिसहरुको स्मृतीबाट ती कुराहरु विस्मृत गराउनु नै यो भौतिक संसारको नियम हो। तसर्थ, जबसम्म हामीले आमाको गर्भमा रहँदा ईश्वरसँग गरेको प्रतिज्ञालाई सम्झँदैनौं, कुनै (परम-ज्ञान प्राप्त) गुरु आएर हामीलाई बार-बार, बारम्बार सम्झाईरहनु आवश्यक पर्छ। हामी हाम्रो भौतिक मस्तिष्कले याद गर्न नसकौंला, तर हाम्रो आत्मा, हाम्रो ज्ञानको शक्तिले सम्झिनेछ।" [18]

## ध्यानः हाम्रो मूल स्वरुपलाई कसरी सम्झिने

"जब जब तपाईं पूर्ण एकाग्रताका साथ, समग्र हृदयले कुनै एउटा कुरामा ध्यान केन्द्रित गर्नुहुन्छ, त्यो ध्यान हो। जस्तो कि, म केवल आन्तरिक शक्ति, करुणा, प्रेम, ईश्वरको दयालु गुणमा मात्र ध्यान केन्द्रित गर्छु, र यो नै ध्यान हो। औपचारिक रूपमा त्यसो गर्न, एउटा शान्त कुनामा बस्ने अनि केवल स्वयंसँग रहने, त्यो नै ध्यानको प्रक्रिया हो। तर एउटा कुनामा मौन धारण गरेर बस्दैमा

मात्र केही पाईने चाहिं होईन। यसको लागि सर्वप्रथम त तपाईं त्यो भित्री शक्ति संग सम्पर्कमा हुनुपर्यो, अनि मात्र त्यो भित्री शक्तिको प्रयोग गरेर ध्यान गर्ने हो। यसलाई आत्म-जागरण भनिन्छ। हामीले आफूभित्रको वास्तविक स्वरुपलाई जगाउनुपर्ने हुन्छ, अनि त्यही वास्तविक मूल स्वरुपलाई ध्यान गर्न दिनुपर्छ, हाम्रो मानव मस्तिष्क तथा हाम्रो नश्वर समझले ध्यान गर्ने होईन। नत्र त, तपाईं ध्यानमा बस्नुहुनेछ अनि हजार चीजहरूको बारेमा सोच्नुहुनेछ र आफ्ना अभिलाषा एवं चित्तवृत्तीहरुलाई वशमा राख्न सक्नुहुने छैन। तर जब तपाईंमा आत्म-जागृती हुन्छ, तब वास्तविक भित्री स्वरुप, अर्थात् तपाईंमा अन्तर्निहित ईश्वरिय शक्तिले सबै कुरा सम्हाल्नेछ। कुनै सच्चा (परम-ज्ञान प्राप्त) गुरुको सम्प्रेषण (transmission) द्वारा तपाईंको जागरण भए पश्चात् मात्र तपाईंले वास्तविक ध्यान जान्नुहुन्छ। अन्यथा, यो तपाईंको शरीर र दिमागसँग सघर्ष गर्ने समयको बर्बादी मात्र हुनेछ।"

## (परम-ज्ञान प्राप्त) गुरु भनेको के हो अनि हामीलाई (पूर्ण परम-ज्ञान प्राप्त) गुरु किन चाहिन्छ?

"गुरु (पूर्ण परम-ज्ञान प्राप्त) भनेको उहाँ हो जोसँग तपाईंलाई पनि गुरु बनाउने कुञ्जी हुन्छ... जोसँग तपाईं स्वयं पनि गुरु नै हो अनि ईश्वर र तपाईं एक हो भनेर तपाईंलाई अनुभूती गराउन सक्ने कुञ्जी हुन्छ। बस् त्यही नै हो... (पूर्ण परम-ज्ञान प्राप्त) गुरुको भूमिका केवल त्यति मात्र हो।"

"गुरुहरु (पूर्ण परम-ज्ञान प्राप्त) भनेको उहाँहरु हुन् जसले आफ्नो मूल स्वरुप जानिसक्नुभएको हुन्छ, अनि करुणावश, यस ज्ञानको खोजी गर्ने हरेकलाई यो ज्ञान बाँट्नुहुन्छ, र यस कामको लागि कुनै प्रकारको आर्थिक अनुदान आदि लिनुहुन्न। उहाँहरुले आफ्नो सारा समय, सारा सम्पत्ती अनि समग्र ऊर्जा यस सँसारको लागि अर्पण गर्नुहुन्छ। जब हामी यस स्तरको (पूर्ण) गुरुत्वमा पुग्छौं, हामीले केवल हाम्रो मूल स्वरुपको विषयमा जान्ने मात्र होईन, तर अरुहरुलाई

पनि उनीहरुको वास्तविक महत्वको बारेमा जान्न सहयोग गर्न सक्छौं। ज-जसले (पूर्ण परम-ज्ञान प्राप्त) गुरुको निर्देशनको अनुसरण गर्छन्, शिघ्र नै उनीहरुले सच्चा ज्ञान, सच्चा सौन्दर्य एवं सद्गुणहरुले परिपूर्ण भएर आफूलाई नयाँ संसारमा पाउँछन्।"

## दीक्षा

"दीक्षा भनेको नविन-पथमा नयाँ जीवनको सुरुवात हो। यसको मतलब के हो भने, (पूर्ण परम-ज्ञान प्राप्त) गुरुले तपाईंलाई संतहरूको वृत्तभित्र भएकाहरु मध्ये एकको रुपमा स्वीकार गर्नुभयो। त्यसपपछि, तपाईं अब कुनै साधारण मान्छे रहनुहुन्न, तपाईं एक उन्नत अवस्थामा पुग्नुभएको हुन्छ, जस्तो कि जब कोही विश्वविद्यालयमा भर्ना हुन्छ, तब ऊ माध्यमिक तहको विद्यार्थी रहँदैन। पुरानो समयमा, यसलाई ब्याप्टिज्म अथवा गुरुको शरणमा शरणागत भएको भनेर भनिन्थ्यो।

वास्तवमा दीक्षा भनेको आत्मालाई खोलिदिने प्रकृयालाई दर्शाउन प्रयोग गरिने केवल एक शब्द हो। हेर्नुस्, हामी अनेक किसिमका दृश्य एवं अदृश्य अवरोधहरूको भीडले घेरिएका छौं, यसैले तथाकथित दीक्षा भनेको ज्ञानको ढोका खोल्ने प्रक्रिया हो र यसलाई संसारमा प्रवाहित गरेर विश्वको साथसाथै स्वयंलाई आशिषित पार्ने माध्यम हो। तर हाम्रो मूल स्वरुप त सदा महिमामय र ज्ञानमय हुन्छ, त्यसैले यसको लागि आशिषको आवश्यकता पर्दैन।"

## क्वान यीन ध्यान विधि – आन्तरिक ज्योति एवं आन्तरिक ध्वनीमा ध्यान

आन्तरिक ज्योति या ईश्वरको ज्योति भनेको त्यही ज्योति हो जुन "परम-ज्ञान" शब्दभित्र पनि अन्तरनिहित छ। आन्तरिक ध्वनी (अनहद नाद) लाई बाईबलमा शब्द भनेर उल्लेख गरिएको छः "सबैभन्दा शुरुमा शब्द हुनुहुन्थ्यो, र शब्द नै परमेश्वर हुनुहुन्थ्यो।" यही आन्तरिक प्रकाश र आन्तरिक ध्वनिको माध्यमद्वारा नै हामी ईश्वरलाई चिन्छौं।

"त्यसकारण अब, यदि कसैगरी हामी यो शब्द अर्थात् ध्वनि-प्रवाहको सम्पर्कमा रहन सक्यौं भने, तब ईश्वर कहाँ हुनुहुन्छ भनेर जान्न सक्छौं, अथवा भनौं हामी ईश्वरसँग सम्पर्कमा रहन सक्छौं। तर शब्द (अनहद नाद) सँगको सम्पर्कमा छौं भन्ने प्रमाण के हो त? जब यो आन्तरिक-स्पन्दनको सम्पर्कमा रहन्छौं, हाम्रो जीवनमा सकारात्मक परिवर्तनहरु आउँछन्। धेरै कुरा जान्नेछौं जुन हामीलाई पहिले कहिल्यै थाहा थिएन। धेरै कुराहरू बुझ्नेछौं जुन हामीले पहिले सोचेको पनि थिएनौं। धेरै कुराहरू गर्न या हासिल गर्न सक्छौं जुन हामीले पहिले कल्पना पनि गरेको हुँदैनौं, हामी अझ बढी शक्तिशाली, अझ बढी सामर्थ्यवान बन्दै जान्छौं। अझ सक्षम अनि अझ व्यापक बन्दै एकदिन सर्वत्र, सर्वव्यापी बन्नेछौं, तब हामीले जान्नेछौं कि हामी ईश्वरसँग एकाकार भएका छौं।"

## पञ्चशील (पाँच नियम)

परम गुरु चिङ्ग हाईले जुनसुकै पृष्ठभूमि एवं धार्मिक आस्था भएकाहरुलाई पनि दीक्षाका लागि स्वीकार गर्नुहुन्छ। तपाईंले आफ्नो वर्तमान धर्म वा आस्थालाई परिवर्तन गर्नुपर्दैन। तपाईंलाई कुनै पनि संगठनमा सामेल हुन वा हालको जीवन-शैली अनुकुल नपर्ने कुनै पनि कुरामा भाग लिन आग्रह गरिने छैन। तथापी, तपाईं विशुद्ध शाकाहारी (भीगन) चाहिं बन्नुपर्ने हुन्छ। दीक्षा प्राप्त गर्नको

लागि आवश्यक शर्त भनेको आजीवन विशुद्ध शाकाहारी (भीगन) आहार मात्र लिने प्रतिबद्धता हो।

दीक्षा नि: शुल्क प्रदान गरिन्छ। दीक्षा पश्चात् पालना गर्नुपर्ने भनेको केवल क्वान यीन ध्यानको दैनिक अभ्यास, र पञ्चशीलको पालना हो। पञ्चशीलहरु भनेका पाँच निर्देशनहरू हुन् जसले तपाईं स्वयंलाई साथै अरू प्राणीलाई समेत हानी नपुर्याउन सहायता गर्छन्।

जीवहरुको हत्या गर्नबाट टाढा रहनु पर्नेछ । यस शिल अन्तर्गत विशुद्ध शाकाहारी (भीगन) खानाको कडाईका साथ पालन गर्नुपर्ने हुन्छ। मासु, माछा, कुखुरा वा अण्डाहरु प्रयोग गर्न पाईने छैन।

असत्य बोल्नबाट टाढा रहनु पर्नेछ।

जे आफ्नो होईन त्यो लिनबाट टाढा रहनु पर्नेछ।

यौन दुराचारबाट टाढा रहनु पर्नेछ।

मादक पदार्थहरूको सेवनबाट टाढा रहनु पर्नेछ। यस अन्तर्गत सबै किसिमका विषलाई त्याग्नुपर्ने हुन्छ, जस्तो कि मदिरा, लागू-पदार्थ, सुर्तिजन्य पदार्थ, जुवा, अश्लील सामग्री, र अत्याधिक हिंसात्मक चलचित्र तथा साहित्य।

* यसमा आन्तरिक-ज्योति (Inner Light) र आन्तरिक-ध्वनी (Inner Sound) मा दैनिक साढे दुई घण्टा ध्यान गर्नुपर्ने पनि सामेल छ।

यी अभ्यासहरूले तपाईंको प्रारम्भिक आत्म-ज्ञानको अनुभवलाई गहन र सुदृढ बनाउनेछ, र अन्ततः तपाईंमा परम-जागरण अर्थात् बुद्धत्व घटित हुनेछ।

दैनिक अभ्यास बिना, तपाईंले लगभग निश्चित रूपमा आत्मज्ञानको अनुभवलाई भुल्नुहुनेछ र चेतनाको तल्लो तहमा पुनः फर्कनुहुनेछ।[18]

हामी जहिलेपनि यी तमाम दिव्यता पुनः प्राप्त गर्न सक्छौं। साँच्चै भनेको, म यो कुरा पूर्ण इमान्दारिता एवं गरिमाका साथ वचन दिन्छु, कि हामी यो प्राप्त गर्न सक्छौं। त्यहाँ बसिरहनुभएका तपाईंहरू जुनसुकै उमेरका भए पनि, स्वर्गको बारेमा कुनै अनुभव नभए पनि, पहिले कुनै प्रतिभा छैन भने पनि, तपाईंलाई केमा ध्यान गर्ने भनेर समेत थाहा छैन भने पनि- तपाईंहरू मध्ये जोसुकैले पनि यो दिव्यता पुनः प्राप्त गर्न सक्नुहुन्छ, यसलाई पुनः ग्रहण गर्न सक्नुहुन्छ - मात्र यत्ति हो कि हामीले यसको लागि आवश्यक कदम चाल्नु पर्दछ।

यसको लागि पहिलो कदम भनेको अधिक करुणाशील जीवनशैली अपनाउनु हो, किनकि हामी त्यही नै हौं: हामी करुणा-स्वरुप हौं। एक करुणाशील, विशुद्ध शाकाहारी (भीगन) आहार आदर्श व्यक्तिको आधारभूत जीवनशैली हो, एक सच्चा मानव हुनुको पहिचान हो। एक सच्चा मानवले कहिल्यै हत्या गर्दैन। एक सच्चा प्राणीले कहिल्यै अरुको हानी गर्दैन, चाहे उसको आफ्नै जीवन संकटमा किन नपरोस्। एक सच्चा सज्जन व्यक्तिले विवेकपूर्ण रुपमा कदम चाल्छ, यो समझको साथमा कि सारा प्राणीहरू आपसमा जोडिएका छन् र यदि कसैको हत्या-हिंसा गरेमा, ऊ आफ्नै मानविय भावना विरुद्ध जान्छ र ऊ स्वयंको पनि अरुद्वारा हत्या हुने कर्म-बंधनको निर्माण गर्दछ।

तसर्थ, विश्वको चेतनाको स्तर सुधार गर्ने यी बच्चाहरूको मात्र जिम्मेवारी होइन - स्वर्गलाई पृथ्वीको नजिक ल्याउन हामी सबै मिलेर काम गर्नुपर्ने हुन्छ। हामी सबैले यो गर्न सक्छौं; यो अत्यन्त सरल छ। मेरो समूहमा, ५-६ वर्षका बालबालिकाले समेत ध्यान गर्न सक्छन् र आन्तरिक मधुर-धुन सुन्न सक्छन्, ईश्वरसँग कुरा गर्न सक्छन्। यदि हामी स्वर्गलाई पृथ्वीमा ल्याउन चाहन्छौं भने, यदि यो नै हाम्रो इच्छा हो भने, यो सम्भव हुनेछ।[19]

## हामीसँग कसरी सम्पर्क गर्ने

यदि तपाईं क्वान यीन विधिमा परम गुरु चिङ्ग हाईबाट दीक्षा प्राप्त गर्ने बारेमा थप जानकारी पाउन इच्छुक हुनुहुन्छ भने, कृपया तलको सूचीबाट तपाईं नजिकको हाम्रा ध्यान केन्द्रहरू मध्ये एकमा सम्पर्क गर्नुहोला।

www.GodsDirectContact.org.tw/eng/cp/index.htm

# ६ सम्पूर्ण धार्मिक गुरु एवं आध्यात्मिक अगुवाहरुलाई परम गुरु चिङ्ग हाईको आव्हान

*विभिन्न आस्था तथा मार्गका आदरणीय परम पावन गुरु तथा अगुवाहरु, उच्च आदरणीय धर्माचार्यहरु, भिक्षुहरू, भिक्षुणीहरु, यहाँहरुको कुशलताको लागि मेरो मंगल-कामना एवं ईश्वरिय कृपाको लागि विनम्र प्रार्थना छ। म "विशुद्ध शाकाहार (भीगन) विश्व, शान्तिपूर्ण विश्व" (World Vegan, Wrold Peace) को लागि अझै पनि गहन एकान्त ध्यानमा बसिरहेकीले मेरो समय छोटो एवं महत्वपूर्ण भएपनि, यस ग्रह अनि हाम्रो संसारको आपतकालीन आवश्यकताले मलाई घचघच्यायो। तपाई परम पावन एवं आदरणीयहरुमा मैले केही जरुरी सन्देशहरू पुर्याउनुपर्छ भन्ने मलाई अनुभूती भयो। महान आध्यात्मिक अगुवाहरु भएको नाताले, यहाँहरु हाम्रो ग्रहमा भइरहेको अमानविय क्रुर व्यवहार एवं बर्बर आदतहरुको परिणाम स्वरुप जलवायु परिवर्तन (climate change) जनित विनाशकारी घटनाक्रमहरुमा तिव्रता आएको कुरा प्रति*

*सचेत नै हुनुहुन्छ होला, जुन (आदतहरु) प्रेमको सिद्धान्तलाई लागू गरेपछि परिवर्तन गर्न त्यति गाह्रो छैन। कृपया आफ्ना अनुयायीहरुलाई यो सत्य बताईदिनुहोस्। हामीमा परिवर्तन आउनै पर्छ भनेर उहाँहरुलाई सम्झाउनुहोस्। किनकि* ***यदि ईश्वरका अन्य सन्तानहरुलाई माछौं भने, हामी ईश्वरका सन्तान हौं भनेर पनि भन्न मिल्दैन। हामी कदापी भविष्यको बुद्ध बन्न सक्दैनौं, यदि हामी भविष्यका अन्य बुद्धहरुको आम-हत्या गर्छौं भने****–चाहे ती (हत्या भएकाहरु) मानवको रूपमा हुन् या पशुको रूपमा।* ***हामी ईश्वरको श्रृष्टिलाई अनवरत रुपमा नष्ट गर्छौं भने हामी ईश्वरलाई प्रेम गर्छौं भनेर पनि भन्न सक्दैनौं। तर अहिले हामी ईश्वरको यस ग्रहलाई नष्ट गरिरहेका छौं।*** *कृपया यसलाई तपाईंका आस्थावान अनुयायीहरू माझ बारम्बार सिकाउनुहोस् , जसले तपाईंलाई उच्च सम्मान गर्छन्, अनि तपाईंलाई करुणा र सन्तत्वको प्रेमको उदाहरणको रुपमा आदर गर्छन्। ईश्वरिय प्रेम सहित, धन्यवाद।*

विभिन्न आस्था तथा मार्गका आदरणीय परम पावन गुरु तथा अगुवाहरु, उच्च आदरणीय धर्माचार्यहरु, भिक्षुहरू, भिक्षुणीहरु, यहाँहरुको कुशलताको लागि मेरो मंगल-कामना एवं ईश्वरिय कृपाको लागि विनम्र प्रार्थना छ। म “विशुद्ध शाकाहार (भीगन) विश्व, शान्तिपूर्ण विश्व” (World Vegan, Wrold Peace) को लागि अझै पनि गहन एकान्त ध्यान-साधनामा बसिरहेकीले मेरो समय छोटो एवं महत्वपूर्ण भएपनि, यस ग्रह अनि हाम्रो संसारको आपतकालीन आवश्यकताले मलाई घचघच्यायो। तपाईं परम पावन एवं आदरणीयहरुमा मैले केही जरुरी सन्देशहरू पुर्याउनुपर्छ भन्ने मलाई अनुभूती भयो। यदि हाम्रो घरमा आगो लागिरहेको छ भने, "मसँग यसको लागि केही गर्ने समय नै छैन!" भनेर हामीले भन्न मिल्दैन। हाम्रो गृह रुपी यस घरमा आगो लागेको छ!!! यो पत्रको उद्देश्य पनि त्यही (आगो निभाउने) नै हो। यो हुलाक द्वारा पठाइने योजना थियो, तर म यो पढिदिन्छु। यसो गर्दा छिटो छरितो हुन्छ। आपतकालको समयमा, धेरै औपचारिकता एवं तहगत संरचनाको अलमलले खासै फाईदा पुर्याउँदैन।

परम पावन एवं आदरणीयहरु... सम्प्रदायका रुपमा फरक-फरक देखिएता पनि, मेरो विचारमा हामी सबै एउटै ईश्वरको सेवा गर्छौं। मलाई विश्वास छ। यहाँहरु सम्पूर्ण परम पावन एवं आदरणीयहरुले मानव लगायत सम्पूर्ण श्रृष्टिमा ईश्वरको प्रेम र करुणाको सन्देश फैलाउँदै मानिसहरुलाई एक-सूत्रमा बाँधेर कैयौं वर्षदेखि गर्दै आउनुभएको श्रेष्ठ एवं समर्पित कार्यको लागि हामी अत्यन्त कृतज्ञ छौं, म धेरै कृतज्ञ छु। धेरै धन्यवाद। ईश्वर सदा तपाईंको साथमा रहनुभएको होस्।

महान आध्यात्मिक अगुवा एवं गुरुहरुको रूपमा, हाम्रो ग्रहमा भईरहेका विनाशकारी घटनाक्रमहरुको बारेमा यहाँहरुलाई पनि अवगत नै होला, जुन मान्छेहरुका निर्दयी व्यवहार र करुणाविहीन बानीहरूका कारण उत्पन्न तीव्र गतिमा बढीरहेको जलवायु परिवर्तनसँग प्रत्यक्ष रूपमा सम्बन्धित छ, जुन कुरा प्रेमको सिद्धान्त अपनाए पश्चात् परिवर्तन गर्न त्यति गाह्रो छैन। कृपया आफ्ना साधक तथा अनुयायीहरुलाई यो सत्य बताउनुहोस्। कृपया उहाँहरूलाई

बारम्बार भनिरहनुहोस्, कृपया उहाँहरूलाई सम्झाइरहनुहोस्। मलाई थाहा छ तपाईंले गर्नुभएको छ, तर हामी अझ बढी प्रयास गर्न सक्छौं। धन्यवाद। हामी आफूमा परिवर्तन ल्याउनुपर्ने हुन्छ, बस त्यति मात्र हो। हामी परिवर्तित हुनैपर्ने हुन्छ भनेर उहाँहरूलाई झकझकाउनुहोस्। यदि हामी आफूलाई मानव हौं भन्छौं, भावी बुद्ध कहलिन चाहन्छौं, ईश्वरका सन्तान कहलिन चाहन्छौं भने हामी परिवर्तित हुनैपर्छ! किनकि **यदि हामी ईश्वरका अन्य सन्तानहरूको हत्या गर्छौं भनेदेखि आफूलाई ईश्वरका सन्तान हौं भनेर भन्न पनि मिल्दैन।**

यदि हामीले मानव-रूपमा रहेका वा पशु-रूपमा रहेका **भावी बुद्धहरूलाई नरसंहार गर्छौं भने, हामी भविष्यका बुद्ध भएको दाबी गर्न सक्दैनौं।** हामीले बौद्ध सूत्रहरू पढ्दा थाहा हुन्छ कि शाक्यमुनि बुद्धले पनि जनावरको रूपमा अनगिन्ती पटक अवतार लिनुभएको थियो। र हामी जान्दछौं, बाइबलमा परमेश्वरले बताउनुभएको छ कि जनावरहरूलाई खानको लागि उहाँले सबै प्रकारका तरकारीहरू पनि सृष्टि गर्नुभयो र उहाँले हाम्रो लागि पनि धेरै कुराहरु सृष्टि गर्नुभयो। यदि परमेश्वरको दृष्टिमा जनावरहरूको कुनै महत्व नभएको भए, परमेश्वरले तिनीहरुको भोजनको लागि केही पनि सृष्टि गर्नुहुने थिएन। ठिक त्यस्तै प्रकारले जसरी परमेश्वरले हामीलाई प्रेम गर्नुभएको कारणले हामीलाई उपभोग गर्नका लागि विभिन्न कुराहरु सृष्टि गर्नुभयो। बाइबलमा उल्लेख भए अनुसार हाम्रो भोजनको लागि परमेश्वरले भूमीमा फलफूल र तरकारीहरू सृष्टि गर्नुभयो। (पवित्र बाइबल, उत्पत्ति १:२९)

**हामी लगातार अनि अनियन्त्रित रुपमा ईश्वरको श्रृष्टिको विनाश गरिरहने, र अब त झन् उहाँको यस ग्रहलाई नै विनाशमा धकेलिरहने कार्यमा संलग्न भईरहेको अवस्थामा ईश्वरलाई प्रेम गर्छौं भनेर भन्ने आधार पनि रहँदैन।**

तर हरेक वर्ष मानव उपभोगका लागि मात्रै ७४ अर्बभन्दा बढी जमिनमा बस्ने जनावरहरूको निर्ममतापूर्वक हत्या हुने गरेकोले, पशुपालन उद्योग र यससँग सम्बन्धित उत्पादनहरू मानव-जनित ८७% ग्रीनहाउस ग्यास उत्सर्जनको लागि

जिम्मेवार छन्। हामीले उपभोग गर्ने कुराले मात्र यो ग्रहलाई नष्ट गरिरहेका छैनौं, तर कहिल्यै कुनै गल्ती नै नगरेका निर्दोष जनावरहरूमाथि अकथनीय विभत्स क्रूरता भइरहेको छ। यसबाहेक, ईश्वरले जनावरहरूलाई हाम्रो साथी र सहयोगी बन्न सृष्टि गर्नुभएको हो, यस्तो बर्बर तरिकाले मारिन र आहार बन्नको लागि होइन! हामी २१ औं शताब्दीमा आईपुग्दा पनि यस्तो हुँदैछ, हे ईश्वर।

पवित्र बाइबल, अय्यूब १२:७-८ मा भनिएको छ: "तर जनावरहरूलाई सोध, तिनीहरूले तिमीलाई सिकाउनेछन्, वा आकाशका चराहरूलाई सोध, र तिनीहरूले तिमीलाई बताउनेछन्। वा पृथ्वीसँग कुरा गर, र यसले तिमीलाई सिकाउनेछ, वा समुद्रको माछाले तिमीलाई सूचित गर्न खोजेको कुरा सुन।" अतः ईश्वरले सृष्टि गर्नुभएको जनावरहरु एवं पृथ्वी बुद्धिमान, सम्मानित व्यक्तित्वहरु हुन्, जसको उपस्थिति मानवको लागि ठूलो आशिषको कुरा हो।

तर हामी हाम्रो परमपिताको सृष्टि बिगार्ने गरी उहाँको नियम विरुद्ध के-कस्ता अक्षम्य कार्यहरू गर्दैछौं त? हामीले जमीनदेखि लिएर समुद्रसम्म ईश्वरको सृष्टिको विनाश गरिरहेका छौं! प्रयोगशाला परीक्षणको लागि होस्, या पशुपालन, माछा मार्ने कृत्य होस्, या अण्डा उद्योग, चाहे दूधको लागि होस्, या भुवा, सौन्दर्य प्रसाधन आदिको लागि ईश्वरका निर्दोष प्राणीहरूमाथि गरिने गरेका घृणित बर्बरता एवं क्रूरताहरु... ती उद्योगहरू निश्चय पनि भयावहपूर्ण र अमानवीय छन्। यसको कारण निर्दोष, रक्षाहीन, कोमल जनावरहरू, हाम्रा सह-बासिन्दाहरू, ईश्वरका प्राणीहरूलाई कैद र यातना दिने गरिन्छ, प्रतिरक्षाको कुनै मौका बिना वा मद्दतको लागि कुनै पनि हार-गुहार गर्ने अवसर बिना निरिह बनाएर अनेक प्रकारले दुर्व्यवहार गरिन्छ! उनीहरूले सहयोगको लागि चिच्याए पनि, जस्तो कि आमा गाई, आमा सुँगुरहरूका बच्चाहरूलाई खोसेर लगिंदा, पिटिंदा, लात हान्दै लछारपछार गरिंदा, अनि मारिंदा, अनि कसैले त्यसको वास्ता नगरेको देख्दा, ती आमाहरु वेदनाले रोएको देखिन्छ। पाँच वर्षको बच्चाले समेत तिनीहरूको भावना बुझ्न सक्छ। यो अनेक नर्कहरुभन्दा पनि नारकिय अवस्था हो! कल्पना गर्नुहोस् त, यदि तिनीहरूको स्थानमा

हाम्रा छोराछोरी, हाम्रा आफन्तहरू, हाम्रा साथीहरू वा हामी स्वयं भएको भए कस्तो लाग्थ्यो! तिनीहरू पनि संवेदना, विचार, भावनाहरु अनुभूती गर्ने जीवित प्राणीहरू हुन्। हामी मध्ये कसैले कुनै घरपालुवा जनावरसँग समय बिताएका छौं भने हामीलाई के थाहा हुन्छ भने तिनीहरूको पनि आफ्नै व्यक्तित्व हुन्छ, तिनीहरूले पनि माया, हेरचाह, पीडा र दुःख, खुशी र उत्साह अनुभव गर्छन्। अनि वफादार; अत्यन्त वफादार हुन्छन्। अनि घरपालुवा जनावर र ती अन्य जनावरहरू बीच कुनैपनि भिन्नता छैन, जसलाई जीवनभर डरलाग्दो खचाखच भरिएका पशु कारखानाको टोकरीहरूमा वा बार लगाएको साँघुरो ठाउँहरूमा, पानी एवं पर्याप्त घाम बिना, आश्रय बिना, हर प्रकारको मौसमको मारमा, एक प्रकारको क्रूर एवं अकल्पनीय अवस्थाहरूमा राखिन्छ, अनि उनीहरुको जीवन हिंसात्मक रूपमा वधशालाहरूमा समाप्त हुन्छ! मानवको उपभोगको लागि। यदि हामी यस्तो गरेर पनि अझैसम्म पनि आफूलाई मानव हौं भन्ने सोंचिरहेका छौं भने त के भन्ने र।

थप जानकारीको लागि, कृपया निम्न वृत्तचित्रहरू पनि हेर्नुहोला भनेर सिफारिस गर्दछौं, जस्तै: पुरस्कार-विजेता "Cowspiracy," "Earthlings," "Dominion," र पुरस्कार-नामांकित "What the Health," इत्यादि... साथै, “From Crisis to Peace” पढ्नको लागि Crisis2Peace.org मा गएर निःशुल्क रुपमा डाउनलोड गर्नुहोला।

सबै प्रमुख धर्महरूमा, केही समानताहरू भेटिन्छन्, उदाहरणको लागि केही सिद्धान्तहरू लिन सक्छौं जस्तो कि: "अरुहरुले तिमीसँग जस्तो व्यवहार गरुन् भन्ने चाहन्छौ तिमी पनि उनीहरुसँग त्यही किसिमले व्यवहार गर" अनि त्यस्तै "तिमीले कसैको हत्या नगर्नु।" "अहिंसा" को अर्थ हो हिंसा आदि नगर्नु... स्पष्ट रूपमा, सबै प्रमुख धर्म एवं पवित्र शिक्षाहरूमा कुनै पनि प्रकारका जनावरहरू, चेतनशील प्राणीहरू खानको लागि पूर्ण रूपमा निषेध गरिएको छ। तैपनि धेरै ईश्वरका सन्तानहरू, वा धार्मिक आस्था भएकाहरुले अधारभूत शिल-नियमहरु पालना गर्दैनन्, किनकि स्वस्थ हुनको लागि जनावरको मासु, माछा, अण्डा र

दूध खानुपर्छ भन्ने गलत धारणाले हामीलाई बहकाएको छ। सत्य चाहिं ठिक यसको विपरीत छ- यो वैज्ञानिक एवं चिकित्सकीय अध्ययनहरूमा प्रमाणित भएको छ कि जनावरहरूको सेवनले मानिसमा असंख्य रोगहरू निम्त्याउँछ, जस्तै क्यान्सर, सबै प्रकारका क्यान्सर र हृदय रोगहरू, अनि असामयिक मृत्यु, तर त्यसअघि एक अन्तहिन दु:ख-कष्ट, पीडा-वेदनाको श्रृँखला। यो पिडा बिरामीलाई मात्र नभई उनीहरुको आफन्त, साथीभाइ, परिवारका सदस्यहरू र प्रियजनहरूलाई समेत हुन्छ।

यी तमाम शारीरिक एवं आध्यात्मिक रूपमा अनैतिक, अस्वस्थ, क्रूर बानीहरू, र अत्यन्तै क्रूरतापूर्ण कार्यहरु प्रति जाग्ने र परिवर्तन गर्ने समय अब आएको छ। अदनको बगैंचा अनुसारको हाम्रो मौलिक तथा मूल आहार विशुद्ध शाकाहारी (भीगन) आहार हो। यसले शारीरिक र मानसिक एवं आध्यात्मिक कल्याणलाई बढावा दिन्छ। हामी विशुद्ध रुपमा बोट-बिरुवा आधारित आहारमा नै फस्टाउनुको साथसाथै खुशहाल र स्वस्थ जीवन बिताउन सक्छौं। अभिनेता, अभिनेत्री, व्यायामी, खेलाडी, मार्शल आर्ट प्रवीण, चिकित्सक, वैज्ञानिक, नोबेल पुरस्कार विजेता, आदि... बोट-बिरुवा आधारित स्वस्थ आहारको लागि ज्वलन्त प्रमाणहरु हुन्। यसमा "तिमीले हत्या नगर्नु" अर्थात् "अहिंसा" पालन गर्नुपर्ने कुरा पनि निहित छ, अर्थात्, हिंसा गर्दै नगर्नु, किनकि जनावरहरू खानु ईश्वरको उक्त निर्देशनको विरुद्धमा जान्छ। मांसाहार खाँदा हामी आफैंले सिधै हत्या नगर्ने भए पनि, हामी उनीहरुको हत्याको मूल कारण त अवश्य नै बन्छौं। फलस्वरुप उनीहरुले उही प्रकारको कष्ट-पीडा एवं मृत्युबाट भएर जानुपर्छ, र उनीहरुले यो सब हामीले खाने खानाको लागि भोगिरहनुपरेको छ, जसको सट्टा हामी कुनै अन्य बोट-बिरुवा-आधारित खाना खान सक्छौं नि। र आजकल त यो अझ धेरै नै सजिलो भएको छ। यसरी पशु हत्याका कारण हाम्रा हातहरु निर्दोषहरुको रगतले निथ्रुक्क भिजेको छ। कृपया तपाईंका निष्ठावान अनुयायीहरूलाई यो कुरा बारम्बार सिकाउनुहोस्, जसले तपाईंलाई आदर सम्मानका साथ हेर्ने गर्छन्, तपाईंको पवित्रता र आदरलाई करुणा र संतत्वको प्रेमको प्रतीकको

रूपमा हेर्ने गर्छन्। त्यसैले तिनीहरूले तपाईंको कुरा सुन्नेछन्! हामी **शैतान वा माया, दुष्टात्मा वा नकारात्मक शक्तिलाई ईश्वरको इच्छाको विरुद्धमा**, अथवा भनौं हाम्रो जन्म-सिद्ध विवेक एवं करुणाशील प्रकृतीको विरुद्धमा **हामीलाई भ्रमित गरिरहन जारी राख्न दिनु हुँदैन।**

यो पत्र जारी राख्न अघि, म विश्वका प्रमुख धर्महरूमा जनावरहरूको मासु खान निषेध गरिएका केही उदाहरणहरू पढ्नेछु। यदि कथंकदाचित अरुहरुले पनि सुनिरहनु भएको छ भने; अर्थात् ती व्यक्तिहरु जसले आफ्नै धर्मको धार्मिक विधानहरु बिर्सेका छन्। त्यसैले पहिले म यसलाई (अँग्रेजी) वर्णानुक्रम अनुसार पढ्नेछु।

## बहाई धर्म

"जनावरको मासु खाने र त्यसबाट परहेज गर्ने सम्बन्धमा, तिमीले यो राम्रोसँग बुझ कि, सृष्टिको प्रारम्भमा, ईश्वरले प्रत्येक प्राणीको खाना के हुनेछ भनेर निर्धारण गर्नुभएको थियो, र त्यो प्रावधानको विपरीत खाना खाएमा स्वीकार्य हुने छैन।"

~ बहाई शिक्षाका Some Aspects of Health and Healing बाट संकलित

## बौद्ध धर्म

"...जीवित प्राणीहरूले खाने सबै मासुहरू उनीहरुकै आफन्तहरूका हुन्।"

~ लंकावतार सूत्र (त्रिपिटक संख्या ६७१)

“साथै, बच्चाको जन्म भए पश्चात्, आमालाई मिठो परिकार खुवाउनको लागि कुनै पनि जनावर नमार्न, अनि त्यस्तै रक्सी पिउने वा मासु खानेगरी अनेक आफन्तहरू जम्मा नगर्न विशेष सावधानी अपनाउनु... किनभने बच्चा जन्मेको कठिन समयमा त्यहाँ दुर्गन्धित रगत उपभोग गर्न चाहने अनगिन्ती दुष्ट असुर-हरु, दानवहरु र प्रेत-पिशाचहरु आएका हुन्छन्... अज्ञानतावश या जानी-जानी भोजन आदिको लागि जनावरहरूको हत्या गरेमा... तिनीहरूले आफूमाथी नै अनेक श्रापहरू ल्याउँछन्, जुन उक्त आमा र बच्चा दुवैको लागि ज्यादै हानि-कारक हुन्छ।"

~ क्षितिगर्भ सूत्र, अध्याय ८

त्यस्तै अर्को स्थानमा भनिएको छ:

“कसैको मृत्यु भए लगत्तैका दिनहरूमा विशेष सावधानी अपनाउनु, दानव या देवताहरूको नाममा बली-पूजा गर्न नहुने, (जनावरको) हत्या वा हिंसा जस्ता खराब कर्म गर्न नहुने कुरामा विशेष ध्यान दिनु... किनभने यस्तो हत्या वा वध वा त्यस्तो खालको पुजा वा बलि चढाएकोबाट मृतकले एक थोपा पनि फाईदा पाउँदैन, बरु पहिलेको कर्मको भारमाथी अझ बढी हिंसा-पाप कर्मको भारी थपिएर कर्मको भार झन् बढी गहिरो-बोझिलो अनि गम्भिर बन्छ... यसप्रकार, राम्रो अवस्थामा हुन लागेको उसको पुनःजन्ममा बाधा पुर्याउँछ। अथवा तिनीह-रूलाई तत्कालै नर्कमा समेत धकेल्न सक्छ।

~ क्षितिगर्भ सूत्र, अध्याय ७

‘कर्म’को अर्थ प्रतिफल भन्ने बुझ्नपर्छ। "तिमी जस्तो रोप्छौ, त्यस्तै फल कटनी गर्छौ।" बाइबलमा यस्तो भनिएको छ। "तिमी जे रोप्छौ, त्यसकै कटनी गर्नेछौ।" संस्कृतमा पनि ‘कर्म’ को अर्थ यही नै हो।

त्यस्तै अर्को ठाउँमा उल्लेख गरिएको छ:

"यदि भिक्षुहरूले रेशमबाट बनेको लुगा लगाउँदैनन्," रेशम जुन चाहिं रेशमका किराहरूबाट बनेको हुन्छ, "छाला र भुवाबाट बनेको जुत्ता लगाउँदैनन्, अनि पशुबाट आउने दूध, मलाई र नौनी उपभोग गर्दैनन् भने, तिनीहरू साँच्चै मुक्त हुनेछन्... यदि मानिसले आफ्नो शरीर र दिमागलाई नियन्त्रणमा राखेर पशुको मासु खान र पशुजन्य वस्तुहरू पहिरिनबाट टाढा रहन्छ भने, म भन्छु ऊ वास्तवमै मुक्त हुनेछ।"

~ सुरंगम सूत्र (Surangama Sutra)

फेरि अर्को स्थानमा यस्तो भनिएको छ:

"यदि मेरो कुनै शिष्य त्यस कुरालाई इमान्दारीपूर्वक पालना गर्दैन र अझै पनि मासु खान्छ भने, हामीले थाहा पाउनु पर्छ कि ऊ चण्डाल वंशको हो। ऊ मेरो शिष्य होइन र म उसको गुरु होइन। त्यसैले महामती, यदि कोही मेरो आफन्त बन्न चाहन्छ भने, उसले कुनैपनि प्रकारको मासु खानु हुँदैन। 'चण्डाल' को अर्थ हत्यारा भन्ने हुन्छ।

~ लंकावतार सूत्र

## काओ दाई धर्म

"सबैभन्दा महत्त्वपूर्ण कुरा भनेको हत्या-हिंसा रोक्नु हो ... किनकि जनावरहरूमा पनि आत्मा हुन्छ र मानिसले जस्तै बुझ्दछन् ... यदि हामीले तिनीहरूलाई मारेर खायौं भने, हामी उनीहरूको रगतको ऋणी बन्छौं।"

~ टिचिङ्गस् अफ द सेन्ट्स, दस उपदेशहरू पालन गर्ने बारे – हत्याबाट टाढा रहने बारे, खण्ड 2

## ईसाई धर्म

"पेटको लागि मासु, र मासुको लागि पेट, तर परमेश्वरले यो र तिनीहरू दुवैलाई नष्ट गर्नुहुनेछ।"

~ १ कोरिन्थी ६:१३, पवित्र बाइबल

अर्को स्थानमा उल्लेख गरिए अनुसार:

"अनि मासु तिनीहरुको दाँतको बीचमा रहेको बेला, त्यो चपाउन पनि नपाई, परमप्रभुको क्रोध मानिसहरूमाथि दन्कियो, र परमप्रभुले मानिसहरूलाई ठूलो विपत्तिले प्रहार गर्नुभयो।"

~ गन्ती ११:३३, पवित्र बाइबल

## कन्फ्युसियनवाद

"हरेक मानिसको मन हुन्छ, जसले अरुको पीडा देख्न सक्दैन।"

~ मेन्सियस, गोङ्ग सुन चाऊ, अध्याय ६

“श्रेष्ठ मानिसको लागि, जीवित देखिरहेको जनावरहरूलाई मरेको देख्नु असह-निय कुरा हो; तिनीहरूको मृत्युको चित्कार सुनिसकेपछी, उसले तिनीहरूको मासु खाने कल्पना पनि गर्न सक्दैन।”

~ मेन्सियस, लियांगको राजा हुई, अध्याय ४

## डाओ डुआवाद (ĐẠO DỪA-ISM)

"शान्ति पाउन, मानवजातिले पहिले जनावरहरूसँग शान्तिमा बस्नुपर्छ; आफ्नो पेट भर्न तिनीहरुको हत्या गर्नु हुँदैन, तब मात्र मानिसहरूको बीच शान्ति हुनेछ।"

~ नाम क्वोक फाट मन्दिर (Nam Quốc Phật Temple)

## एसिन्स (ESSENES)

"म रगतको बलिदान र चाडहरू अन्त्य गर्न आएको हुँ, र यदि तिमीहरूले मासु र रगत चढाउन र खान छोडेनौ भने, ईश्वरको क्रोध तिमीहरूबाट हट्नेछैन।"

~ गोस्पल अफ द होली टुवेल्भ

## हिन्दू धर्म

"तिमीले मारिएका जनावरहरूलाई पुनर्जीवित पार्न नसक्ने भएकोले, उनीहरु-को हत्या हुनुमा तिमी नै जिम्मेवार हुनेछौ। त्यसैले तिमी नरकमा जानेछौ; तिम्रो मुक्तिको लागि कुनै उपाय नै हुनेछैन।"

~ आदि-लीला, अध्याय १७, श्लोक १५९-१६५

अर्को स्थानमा भनिएको छ:

"जसले अरु प्राणीको मासु खाएर आफ्नो मासु बढाउन (शरीर ठूलो पार्न) चाहन्छ, उसले जुनसुकै जीव भएर जन्मे पनि दुःख एवं पिडामा बाँच्नुपर्नेछ।"

~ महाभारत, अनु. ११५.४७। एफएस, पाना नं. ९०

अर्को ठाउँमा यस्तो भनिएको छ:

“हे श्रेष्ठ राजनहरू! अरुलाई चोट पुर्याएर प्राप्त गरेको वस्तुलाई कुनै शुभ कार्यमा प्रयोग गरियो भने, प्रतिफलको समयमा त्यसबाट उल्टो परिणाम मिल्नेछ।”

~ देवी भागवत्, चौथो पुस्तक, अध्याय ४, श्लोक ३२

## इस्लाम

"अरू प्राणीहरूमाथी दया नगर्नेहरूलाई अल्लाहले पनि दया गर्नुहुन्न।"

~ पैगम्बर मुहम्मद (उहाँमा शान्ति रहोस्), हडिथ

अर्को खण्डमा लेखिएको छ:

"तिम्रो पेटलाई जनावरहरूको चिहान बन्न नदेऊ!"

~ पैगम्बर मुहम्मद (उहाँमा शान्ति रहोस्), हडिथ

## जैन धर्म

"एक सच्चा भिक्षुले त्यस्तो खाना र पेय स्वीकार गर्नु हुँदैन जुन जीव हत्या गरेर विशेष गरी उसकै लागि तयार गरिएको छ।"

~ सूत्रकृताङ्ग

## यहूदी धर्म (JUDAISM)

“अनि इस्राएलको घरानाको वा तिमीहरूका बीचमा बसोबास गर्ने विदेशीहरू मध्ये जो कोही मानिस होस्, जसले रगत भएको खानेकुरा खान्छ*; म त्यो रगत खाने मानिसको विरुद्धमा खडा हुनेछु, र उसलाई आफ्ना मानिसहरूबाट अलग गरिदिनेछु।”

~ लेवी 17:10, पवित्र बाइबल

* रगत: अर्थ "मासु," जसमा रगत छ।

## सिख धर्म

"ती नश्वर प्राणीहरु जसले गाँजा, मासु एवं मदिरा सेवन गर्छन् - तिनीहरूले जुनसुकै तीर्थयात्रा, व्रत र अनुष्ठानहरू पालना गरे पनि तिनीहरू सबै नरकमा जान्छन्।"

~ गुरु ग्रन्थ साहिब, पृष्ठ १३७७

## ताओ धर्म

“जालमा चराहरू पक्रन पहाडमा नजाऊ, माछाहरूलाई विष हाल्न पानीमा नजाऊ। गोरुको बध नगर।”

~ ट्र्याक अफ द क्वायट वे

## तिब्बती बौद्ध धर्म

“जीवित प्राणीलाई मारेर प्राप्त मासु देवी-देवताहरूलाई चढाउनु भनेको एउटा आमालाई उनकै बच्चाको मासु चढाउनु जस्तै हो; र यो एक भयानक ठूलो पाप हो।"

~ द सुप्रिम पाथ अफ डिसाइपलसिपः द प्रिसेप्ट्स् अफ द गुरुज, तेह्र गम्भीर पापहरु, महान गुरु गम्पोपा

## जोरोस्ट्रियन धर्म

"म, अहुरा माज्दा (अर्थात् ईश्वर), ती बोट-बिरुवाहरु, विश्वासयोग्यहरुको लागि भोजन अनि हितकारी गाईको आहारको लागि, पृथ्वीमा वर्षा गराउँछु।"

~ अवेस्ता

आदि, इत्यादि। पक्कै पनि अरु धेरै नै छन्। यी केही उदाहरणहरु मात्र हुन्।

थप जानकारीको लागि, कृपया SupremeMasterTV.com हेर्नुहोला।

त्यसकारण कुनैपनि व्यक्ति चाहे जुनसुकै मार्ग या धर्म या आस्थाको किन नहोस्, सबैले पालना गर्नुपर्ने सबैभन्दा महत्त्वपूर्ण शिल-नियम होः "तिमीले हत्या नगर्नु।" अहिंसा। परहिंसा नगर्ने।

अब सम्पूर्ण मानवजाती हाम्रा सृष्टिकर्ताले उहाँका सन्तानहरुको लागि तय गर्नु-भएको मूल उद्देश्य अनुरुप पुनः- मर्यादा, सम्मान, शान्ति, प्रेम, र हाम्रो पृथ्वीरुपी निवासको असल पहरेदारको रुपमा जीवन व्यतित गर्ने बेला आईसक्यो। कृपया

तपाईंमा आस्था राख्नेहरुलाई यी सबै र थप कुराहरू सम्झाउनुहोस्। मलाई थाहा छ तपाईंहरुले यो सब गर्नुभएको छ, तर कृपया यसलाई बारम्बार दोहो-र्याउनुहोस्, र यो उनीहरुको आत्माको लागि साथै यस ग्रहको लागि, संसारको लागि अत्यन्त महत्त्वपूर्ण छ भनेर बार-बार सम्झाउनुहोस्, बुझाउनुहोस्। सम्पूर्ण जनावरहरूको पीडा समाप्त हुने समय आइसक्यो, किनकि ईश्वरले सृष्टिको शुरुमा चाहनुभएको मूल उद्देश्य अनुरुप, उनीहरूलाई पनि प्रकृतिमा आफ्ना प्रियजनहरूसँग शान्ति, स्वतन्त्रता र मर्यादामा बाँच्ने पूर्ण अधिकार छ।

कृपया ईश्वरको सृष्टिलाई बचाउन मद्दत गर्नुहोस्। कृपया निर्दोषहरूको पीडा अन्त्य गर्न मद्दत गर्नुहोस् । हामी एक-आपसमा युद्ध गरिरहेका छौं, र हामी जनावरहरूसँग युद्ध गरिरहेका छौं। यी कार्यहरू ठीक होइनन्। यी कार्यहरू ईश्वरको निर्देशन तथा इच्छा विरुद्ध छन्। कृपया आफ्ना आस्थावानहरूलाई सम्झाउनुहोस्। म यो महान् परिवर्तनको नेतृत्व गर्न तपाईं परम-पावनहरु अनि परम-आदरणीयहरुको विवेक एवं ज्ञानमा भरोसा गर्दछु! हामीले परिवर्तन गर्नै-पर्ने भएको छ। मलाई विश्वास छ कि तपाईं परम-पावनहरू तथा परम-आदर-णीयहरू, तमाम परम-पूज्यहरुले यस महान् परिवर्तनको नेतृत्व गर्नुहुनेछ। विशुद्ध शाकाहारी (भीगन) जीवनशैलीलाई प्रवर्द्धन गर्नको लागि, जस अन्तर्गत सम्पूर्ण प्राणीहरूप्रति प्रेम, करुणा र सम्मानको साथसाथै ईश्वरका आज्ञाहरू समेत समावेश छन्। कृपया तपाईंका सबै पुरोहित-पादरीहरू, भिक्षुहरू, भि-क्षुणीहरु, सन्यासीहरु, सन्यासिनीहरु साथसाथै सबै आस्थावानहरूको माझ यसको प्रसार गर्नुहोला।

तपाईंलाई प्राप्त पदवीको शक्तिले विश्वका नागरिकहरूलाई तपाईंको नेतृत्व पछ्याउन महत्त्वपूर्ण, प्रभावकारी रुपमा प्रोत्साहन मिल्नेछ। कृपया "हाम्रो समयको नायक" बन्नुहोस्, यी तमाम निर्दोष प्राणीहरूलाई, हामीलाई कहिल्यै कुनै हानी नगर्ने जनावर भनेर चिनिने सँगी सह-बासिन्दाहरूलाई उद्धार गर्नुहो-

स्। जो वास्तवमा हाम्रो संसारको लागि वरदान हुन्। जो मानव लगायत आफ्नै सह-बासिन्दा जनावरहरू प्रति अद्भुत प्रेममय र दयालु छन्। हाम्रो सुप्रिम मास्टर टेलिभिजनमा, संसारभरबाट रेकर्ड गरिएका जनावरहरूको मायालु करुणा र दयाका प्रशस्त उदाहरणहरू रहेका छन्। कृपया आफ्ना आस्थावानहरुलाई त्यो हेर्नको लागि भन्नुहोला। यदि यसप्रकार क्रूरतापूर्वक आम-हत्याको परिवेस सृजना गर्छौं या ईश्वरका प्रिय सृजनहरुको नारकिय आम-हत्याको मुकदर्शक भएर हेरिरहन्छौं भने, हामीले स्वर्गको आशा नगरे पनि हुन्छ। यदि हामीले ईश्वरको सृष्टिलाई नष्ट गर्छौं र ईश्वरका अन्य सन्तानहरू, अर्थात् जनावरहरूलाई दया देखाउँदैनौं भने, हामीले पनि आफ्नो लागि स्वर्गको तर्फबाट उदारता तथा क्षमाको आशा नगरे हुन्छ।

कृपया तिनीहरूको भयानक दुर्दशालाई बेवास्ता नगर्नुहोस्। ईश्वरले तिनीहरूको दैनिक वेदना जान्नुहुन्छ। तिनीहरूको पीडाको आकाश र पृथ्वी साक्षी छ। तिनीहरूको रोदनले सारा स्वर्ग र धेरै प्राणीहरूको हृदयलाई हल्लाएको छ। कृपया तिनीहरूको लागि आवाज बनिदिनुहोस्, कृपया तिनीहरूलाई मद्दत गर्नुहोस्, किनकि जलवायु परिवर्तन वृद्धिको संदर्भमा यसले हाम्रो संसारलाई निको हुन मद्दत गर्दछ। तपाईंको महान् कार्य सदाको लागि स्वर्गद्वारा हिसाब/अभिलेख राखिनेछ र हाम्रो ग्रहमा एक करुणामय वातावरण निर्माण हुनेछ, विश्व शान्ति, र जलवायुको स्थिरताको लागि योगदान पुर्याउनेछ, जो पृथ्वीमा रहेका सबै जीवनको लागि महत्वपूर्ण छ। सबै जीवनहरु तपाईंको दयालु कदममा पनि निर्भर छन्।

विश्वका नागरिकहरू, जनावरहरू र हाम्रा बच्चाहरूले तपाईंको वीर, करुणापूर्ण कार्यहरू सधैं सम्झनेछन् र ईश्वरको नाममा तपाईंको सुख, समृद्ध, स्वस्थ दीर्घायुको कामना गर्नेछन्। सदा करुणामय स्वर्ग तपाईंप्रति प्रसन्न हुनेछ। जसै हामी हाम्रा सह-बासिन्दाहरूको जीवन, मायालु, दयालु जनावरहरूलाई क्षमा

गर्छौं र दिर्घायु भएर बाँच्ने अवसर प्रदान गर्छौं, ठीक त्यही प्रकारले सर्व-प्रेममय ईश्वरले पनि हाम्रा पापहरू क्षमा गर्नुहुनेछ र हाम्रो जीवन दिर्घायु गर्नुहुनेछ।

सबै परम-पावनहरु एवं परम-आदरणीयहरुमा ईश्वरको आशीर्वाद रहोस्, अनि यहाँहरुको पवित्र मिशनलाई प्रचुर मात्रामा आशीर्वाद मिलोस्, साथै हाम्रो संसा-रमाथी ईश्वरको आशीर्वाद रहोस्।

यस्तै होस्। धन्यवाद। धन्यवाद, र फेरि पनि धन्यवाद।

ईश्वरीय प्रेम सहित, धन्यवाद।[20]

# ७ विश्वका सबै नेताहरू र सरकारहरूलाई परम गुरु चिङ्ग हाईको तर्फबाट एक जरुरी सन्देश

*आदरणीय नेतागणहरु एवं सरकारी अधिकारीहरू, यहाँहरुले हाम्रो संसारलाई यथासम्भव मद्दत गर्नको लागि हालसम्म गर्नुभएका सम्पूर्ण कार्यहरुको लागि म साँच्चै नै आभार व्यक्त गर्दछु। म यहाँहरु सबैलाई धन्यवाद दिन्छु। यो केवल पुनःस्मरण गराएको मात्र हो, किनकि के गर्नु सही हुन्छ भन्ने कुरा यहाँहरुलाई अवगत छँदैछ भनेर मलाई थाहा छ। तपाईंले आफ्नो छत्रछायाँमा रहेका सबैको संरक्षण गर्नुपर्छ- सह-नागरिक एवं सह-निवासीहरु, अर्थात् तथाकथित जनावरहरू सबैलाई संरक्षण प्रदान गर्नुपर्छ। तिनीहरू पूर्णतया असहाय अनि मानव शक्तिको कृपामा निर्भर रहेका हुन्छन्। सत्य त के हो भने,* ***दयाशील हत्या भन्ने जस्तो कुनै कुरै हुँदैन****, निर्दोषहरूलाई सामूहिक हत्या गर्न पाउने खालको कानुन-संगत हत्या जस्तो कुनै कुरा हुँदैन।* ***संसार जलिरहेको छ****, जुनसुकै क्षण स्थिती भयावह हुन सक्छ,* ***मानव र जनावरहरू*** *डरलाग्दो अनुपातमा* ***नष्ट हुँदैछन्****। स्वर्ग र पृथ्वीले*

*हामीलाई सधैं नयाँ, अझ अनौठो रोगहरूले सताइरहेका छन्। **विनाशकारी संकेतहरू जतातत‍ै स्पष्ट छन्।** चेतावनीका संकेतहरू पर्याप्त छन् र विश्वव्यापी रुपमा नै स्पष्टसँग देख्न सकिन्छ! हाम्रो जलवायु द्रुत गतिमा परिवर्तन भईरहेको छ। पशुपालन, माछा, अण्डा, दूध उद्योग, आदि, जनावरहरु सम्बन्धित जुनसकै क्रियाकलापहरु पनि घातक मिथेन ग्यासको सबैभन्दा खराब उत्पादक-श्रोतहरु हुन् जसले हाम्रो ग्रहको तापक्रम लगातार बढाईरहेको छ। त्यसकारण, यी क्रूरतापूर्ण, हत्या सामिल हुने व्यवसायहरू रोक्नु नै हाम्रो पृथ्वीको बढ्दो तापक्रम घटाउने सबैभन्दा शिघ्र एवं प्रभावशाली उपाय हो। यो सबै रोक्ने शक्ति तपाईंहरुमा निहित छ। **विशुद्ध शाकाहारी कानून** (Vegan Law) **अर्थात् अब उप्रान्त कुनै पनि पशु-सम्बन्धित पीडादायी व्यवसायहरू संचालन गर्न नपाईने कानून** लागू गर्ने अवसर र विशेषाधिकार तपाईंहरूसँग रहेको छ। सबै प्राणीहरु, मानव एवं जनावरहरूको लागि 'शून्य पीडा', 'शुन्य यातना' को अवस्था। किनभने दयाले दया जन्माउँछ, र करुणाले करुणा जन्माउँछ। दयाभावले स्वर्गबाट*

*पनि दया-कृपा पाउनेछ। अनि यो* ***विशुद्ध शाकाहारी कानून*** *(Vegan Law)* ***हाम्रो संसारलाई बचाउने सबैभन्दा प्रभावकारी एवं शक्तिशाली तरिका हो।*** *त्यसैले अब यो अपरिहार्य निर्णयबाट भाग्नु हुँदैन। गर्नुपर्ने केवल यतिमात्र हो कि, विशुद्ध शाकाहारी कानून (Vegan Law) बनाउनुहोस् र यसमा हस्ताक्षर गर्नुहोस्। सहि कुराको निर्णय गर्न धेरै ढिलो हुनु अघि नै, पछुताउने समय समेत हातबाट फुस्किनु अघि नै यो कार्य गरिहाल्नुहोस्। अधिक गम्भीर प्रकृतीका मौसमहरु, थप विपत्तिहरू, थप आतंक, धेरै जीवनको क्षति, धेरै बहुमूल्य प्राकृतिक-श्रोतहरुको विलय, थप आर्थिक संकटको साथमा दिव्यसत्ताको क्रोध हामीमाथि आईपर्नुभन्दा पहिले नै यो गर्नुहोस्। ईश्वरको लागि, ईश्वरसँग सहकार्य गर्नुहोस्। फलस्वरुप, तपाईंले* ***तत्कालै सही कार्य गरेर*** *हल्का, शुद्ध र आनन्दित महसुस गर्नुहुनेछ। हाम्रो संसार बचाउन* ***विशुद्ध शाकाहारी कानून*** *(VEGAN LAW)* ***बनाउनुहोस्। विशुद्ध शाकाहारी जीवनशैली*** *(VEGANISM)* ***को सिद्धान्तलाई कानुनी रुप दिनुहोस्।***

संसारका सबै नेता र सरकारहरूलाई यो एउटा खुला-पत्र हो। सर्वप्रथम त, म यहाँहरु सबैलाई हार्दिक धन्यवाद दिन चाहन्छु कि यहाँहरुले आफ्नो व्यक्तिगत निजी जीवनको बलिदान गर्नु भएको छ, र साँझ-बिहान-रात नभनी काम गरिरहनु भएको छ, लामो समयसम्म जनताको सेवा गर्नुको साथै आफ्ना सह-नागरिकहरूको स्तरलाई धेरै पक्षहरूमा अझ वांछनीय स्तर सम्म पुर्‍याउनको लागि व्यक्तिगत आनन्द, कल्याण र बहुमूल्य समय बलिदान दिनुको साथसाथै कहिलेकाहीं आलोचना पनि खेपिरहनु भएको छ। म विशेष गरी ती नेताहरू र महत्त्वपूर्ण मन्त्रीहरू, र यस विश्वका सरकारहरूमा रहेका अन्य उच्च पदस्थ-हरूलाई धन्यवाद दिन्छु, जसले आफूले सकेसम्म यथाशक्ति सबै कुरा लगाएर आ-आफ्नो राष्ट्रहरूमा सु-शासन गर्न सक्दो प्रयत्नशील हुनुहुन्छ। म यसलाई अदृश्य तरिकाले मद्दत गरिरहेकी छु। म यहाँहरुलाई मानसिक र आध्यात्मिक रूपमा सहयता गरिरहेकी छु। अत्यन्त प्रेम एवं सम्मान अनि शुभकामनाका साथ, म यहाँहरुका केही प्रश्नहरूबारे स्पष्ट पार्न यो पत्र पठाउँदैछु, र सायद मैले यहाँहरुलाई पहिले पठाएको पत्रहरूमा भएका अस्पष्ट पक्षहरुलाई पनि स्पष्ट पार्नेछु। निःसन्देह, सबैभन्दा महत्त्वपूर्ण जवाफ यो हुनेछ कि, यो विषय कसरी मानवीय तरिकाले हत्या गर्ने भन्ने बारे होइन, यो त हामीले कुनै पनि रुपमा मारकाट गर्नु नै हुँदैन भन्ने बारेमा, र पशुजन्य उत्पादनहरूप्रति शून्य सहनशीलता (Zero Tolerance) को बारेमा हो।

आदरणीय नेताहरु र सरकारी अधिकारीहरु, हाम्रो संसारलाई यथाशक्ति योगदान पुर्याउन अहिलेसम्म गर्नु भएका सबै कामको लागि म यहाँहरु प्रति साँच्चै नै आभारी छु, विशेष गरी नेतृत्वको उच्च पदमा रहेर काम गर्नेहरु प्रति, जस्तो की राजाहरु, रानीहरु, राजकुमारहरु, राजकुमारीहरु, प्रधानमन्त्रीहरु, राष्ट्रपतिहरु, विभिन्न विभागका मन्त्रीगणहरु। म यहाँहरु सबैलाई धन्यवाद दिन्छु। विश्वका सबै नागरिकहरूको तर्फबाट, तपाईंले गर्नुभएको कामको म कदर गर्दछु। वास्तवमा नेताको भूमिकामा रहन र अनेक प्रकारका व्यक्तित्व,

विचारधारा आदिसँग काम गर्न त्यति सजिलो छैन। यो केवल सम्झना ताजा गराएको मात्र हो, किनकि के गर्नु सही छ, के गर्नुपर्ने हो भनेर यहाँहरुलाई अवगत नै छ भन्ने कुरा मलाई थाहा छ। यो सब के हो भनेर यहाँहरुलाई थाहै छ, हो, किनकि यहाँहरु ज्ञानयुक्त, विवेकशील हुनुहुन्छ, त्यही भएर नै हाम्रा सह-नागरिकहरू अर्थात् जनावरहरू समेत सामेल गरेर जहाँ आवश्यक पर्छ, जसलाई आवश्यक पर्छ, उनीहरुको लागि नेतृत्व एवं मद्दत गर्न यहाँहरुलाई चुनिएको हो। अनि के गर्नुपर्ने हो भनेर यहाँहरुलाई थाहा छ। यहाँहरुलाई हृदयको गहिराईमा, कस्तो कदम चाल्दा सही हुन्छ, संसारको लागि के उपयुक्त छ भन्ने कुरा थाहै छ। यहाँहरुले पृथ्वीमा न्यायको प्रतिनिधित्व कसरी गर्नुभएको छ, ईश्वरका सन्तानहरुको हेरचाह कसरी गर्नुभएको छ, स्वर्गले त्यसको जवाफदेहिता लिनेछ। अनि सही कदम नचाल्नुको मूल्य (भयानकता) त यहाँहरुलाई अवगत नै छ। यहाँहरुले आफ्नो संरक्षण मुनि रहेका– सह-नागरिक एवं सह-निवासी, अर्थात् तथाकथिक जनावरहरु समेत, सबैको संरक्षण गर्नुपर्ने हुन्छ। तिनीहरू पूर्णतया असहाय र मानव शक्तिको दया एवं छत्रछायाँमा निर्भर रहेका हुन्छन्। सरकारी निकायमा काम गर्ने सबैलाई मैले धेरै पत्र लेखेकी छु । यहाँहरुमध्ये धेरैले जवाफ दिनुभयो। यहाँहरु मध्ये धेरैको केही प्रश्नहरु छन्, सबै फरक-फरक खालका छन्। कतिपयले जवाफ दिनुभएको छैन, सायद तपाईंहरुले अझै यस विषयमा सोच्न समय लिनुभएको हुनसक्छ। यो हृदय विदारक छ, हैन र? किनकि म जनावरहरूको पीडादायी चिच्याहट सुन्न सक्छु, अनि तपाईंहरुले कसरी नसुन्नु भएको होला र? तपाईंहरुसँग स्वास्थ्य, इत्यादिका लागि धेरै सुरक्षाका प्रावधानहरु छन्... गरिब नागरिकहरूसँग ती सब कम हुन्छ - हो, धेरैजसो गरीबहरूले उनीहरूलाई आवश्यक सुरक्षा व्यवस्थाहरु जसोतसो मिलाईरहेका हुन्छन्। तर जनावरहरूसँग उनीहरुको रक्षाको लागि न त कुनै आवाज छ न विकल्प, न त उनीहरुको पक्षमा वकालत गरिदिने कुनै वकिल; उनीहरुसँग बिल्कुलै केही उपाय छैन। स्वर्गसँग प्रार्थना छ कि हामी र जनावरहरू माथी कृपा रहोस्। आफैंलाई तिनीहरूको स्थितिमा

राखेर हेर्नुहोस् त, उनीहरुलाई यति असहाय रूपमा क्रूरतापूर्वक व्यवहार गरिन्छ। सायद तपाईंहरु अझै पनि यसको बारेमा सोच्दै हुनुहुन्छ? हामी हाम्रो संसार र यस ग्रहका सबै प्राणीहरूलाई प्रदान गरिएको जे जस्तो सहयोग छ त्यसको लागि स्वर्गलाई धन्यवाद दिन्छौं। यस्तै होस्।

जनावरहरूसँग आत्मा, बुद्धि, ज्ञान, र दृश्य तथा अदृश्य रुपमा केही जादुई शक्तिहरू हुन्छन्। कहिलेकाहीं हामी यसलाई देख्न सक्छौं, र यो अद्भभूत छ। म तपाईंहरुलाई एउटा घट्ना सुनाउँछु। म एक प्रकारको दुर्गम पहाडी क्षेत्रमा बस्छु, पहाडको अग्लो ठाउँमा। जरा खनेर खानका लागि मेरो वरिपरी केही बाँदरहरू आउँछन्। अनि म तिनीहरूलाई केही खानेकुरा दिने गर्छु। तिनीहरू सधैं "धन्यवाद," भन्दै मलाई धन्यवाद दिन्छन्। म भन्छु, "स्वर्गलाई धन्यवाद देऊ। म त तिमीहरुलाई यो उपहार दिने माध्यम मात्र हुँ। ईश्वरलाई धन्यवाद देऊ।" र तिनीहरूले मलाई देख्दा जहिले पनि अभिवादन गर्दै भन्ने गर्छन् कि, "हजुरलाई हाम्रो शुभकामना छ।" "वु! वु!" अर्थात् "शुभकामना छ।" र धन्यवाद भन्नको लागि "एर्" भन्ने गर्छन्। प्रत्येक चोटि उनीहरूले केही खाँदा, मैले उनीहरुको लागि बाहिर खाना छोडेकी हुन्छु, किनकि म सधैं उनीहरूले कतिबेला खालान् भनेर कुर्न सक्दिनँ, त्यसैले म खाना राखेपछि भित्र जाने गर्छु। अनि तिनीहरूले आएर खाना सिध्याईसकेपछि पनि, पर्खेर बस्ने गर्छन्। त्यो बाँदरहरूको राजा चाहिं मलाई बाहिर पुलुक्क हेर्न वा झ्यालमा कतै पर्खिरहन्छ र "एर्!" भनेर मात्र जाने गर्छ। मलाई मद्दत गर्ने अथवा आफ्नो बुद्धिमत्ता देखाउने जनावरहरूको बारेमा धेरै घट्नाहरु छन्, यहाँ ती सबै घट्नाहरु बताउन हामीसँग धेरै समय नभएर मात्र हो। मेरो जीवन बचाउने माकुरोको एउटा अर्को घट्ना मात्र उल्लेख गर्न चाहन्छु। माकुरा। त्यो माकुरा धेरै ठूलो थियो, मेरो हत्केलाको आकार भन्दा ठूलो। लगभग मेरो फैलिएको हत्केलाको आकारको थियो। एक रात, बिहान करिब दुई बजे, म ध्यान गरिरहेकी थिएँ र म अचानक उठें। म मेरो डायरीमा केही लेख्न चाहिरहेकी थिएँ तब मैले एउटा

ठूलो माकुरा देखें र ऊ मलाई केही कुराको बारेमा सावधान गराउन आएको यो दोस्रो पटक थियो। त्यसैले, मैले भने, "आज फेरि केही भन्नु छ?" उसले मलाई भन्यो, “बत्ती ननिभाउनुहोस्। सोफाबाट टाढा रहनुहोस्।" अनि मैले सोंचे, "किन यस्तो भनेको होला?" तत्कालै म बसेको ठाउँमा घिस्रिंदै एउटा सर्प लगभग म बसेको ठाउँसम्म आइपुगेको देखेँ। अवश्य पनि, मैले जाली जस्तो उपकरण प्रयोग गरें, मानिसहरूले पुतली आदि समातेर घरबाट बाहिर ल्याउनको लागि यसलाई प्रयोग गर्छन्। अनि, मैले उसलाई त्यो जालीभित्र पस्न दिएँ र उसलाई बाहिर लगें। माकुराले मेरो जीवन बचाएकोमा म साँच्चै कृतज्ञ थिएँ, किनभने त्यो धेरै विषालु सर्प थियो, म उसको टाउकोको रंग र त्रिकोण आकारबाट नै त्यो अनुमान लगाउन सक्छु। त्यस्तै बाँदरहरूको संदर्भमा पनि घटना धेरै लामो छ, तर यहाँ पत्र लामो हुने भएकोले म जनावरहरूको बारेमा धेरै बताउन चाहन्नँ। सायद म यो कुरा मेरा तथाकथित शिष्यहरुलाई अर्को कुनै समयमा सुनाउनेछु। यस्तै अर्को पनि छ, लोखर्केहरुसँग सम्बन्धित घटना, आदि, इत्यदि। म प्रति सद्भाव र बुद्धिमत्ता देखाएका जनावरहरुको बारेमा अन्य धेरै घट्नाहरु घटेका छन्। वास्तवमा, मैले उक्त माकुरालाई सोधें, "तिमी मेरो लागि किन यति भलाई गरिरहेका छौ? तिमीले मलाई मद्दत गरेको यो दोस्रो पटक हो।” त्यो माकुराले मलाई भन्यो, "अँ, किनकि हजुर धेरै दयालु हुनुहुन्छ। हजुरले हामीलाई कहिल्यै मार्नुभएको छैन।” मैले भनें, “मार्ने? त्यसको बारेमा त म सोंच्न पनि सक्दिनँ।” उसले भन्यो, “माकुरा मात्र होइन, हजुरले आफ्नो घरमा भएका सबै कीराहरू-लाई नै बचाउनु हुन्छ। हजुरले हामीमध्ये कुनै पनि कीरालाई कहिल्यै मार्नुभएन। त्यसैले हामीले पनि हजुरलाई सहयोग गर्नुपर्छ।” उसले यही नै भनेको थियो।

जनावरहरू अद्‌भूत हुन्छन्। यो हाम्रो लागि दुर्भाग्यपूर्ण छ कि हामीले हाम्रो मानसिक संवाद (telepathy communication) लाई जोगाएनौं, जुन सार्व-भौमिक रुपमा उपलब्ध छ र सबै प्राणीहरूका लागि भाषाको प्रयोग बिना नै एक-अर्कासँग कुराकानी गर्न धेरै सुविधाजनक छ। हामीकहाँ अनेक-अनेक

भाषाहरू छन्, र जनावरहरूको पनि आफ्नै भाषाहरू हुन्छन्, त्यसैले यदि हामीलाई मानसिक संवाद कसरी गर्ने भनेर सम्झना भएको भए, यो हाम्रो लागि अत्यन्त सहज स्थिति हुने थियो। त्यसैगरी जनावरहरू एवं रूखहरू समेतले मलाई धेरै पटक मद्दत गरेका छन्, त्यसैले म तिनीहरूप्रति धेरै ऋणी छु। हालसालै, मैले विश्वको लागि शान्ति र जनावरहरूको लागि शान्तिको बारेमा धेरै ब्याख्यानहरु गरिरहेको अवस्थामा, निःसन्देह, रहलपहल नकारात्मकका सहायक-शक्तिहरुले मलाई धेरै बाधा पुर्याउने, अनेक प्रकारका समस्याहरू सृजना गर्ने कार्य गर्ने गर्छन्। यदि मलाई सीधै केही गर्न सकेनन् भने, त्यसपछि तिनीहरूले मेरा सहायकहरू आदिको लागि समस्या सृजना गरिदिन्छन्, अथवा केही न केही घट्ना घटाउँछन्। केवल मेरो समय बर्बाद गर्न, गहन ध्यान साधनाबाट मेरो एकाग्रता भंग गर्न यो सब गर्छन्।

म अझै पनि गहन ध्यान साधनामा नै छु, तर ईश्वरले मलाई यो यहाँहरुलाई लेख्नुपर्छ  भनेर भन्नुभयो। तर पहिला जस्तो यहाँहरु प्रत्येकलाई लेखिरहन मसँग पर्याप्त समय छैन। त्यसैले म यसलाई प्रसारण नै गर्नको लागि पठाउनेछु। यसो गरेमा सायद यहाँहरु सबैलाई यो सुन्नको लागि अझ सुविधाजनक हुनेछ, किनकि सबै कुराहरुको एउटै जवाफ हो: **विशुद्ध शाकाहारी आहार (VEGAN DIET), विशुद्ध शाकाहारी संसार (VEGAN WORLD),** जसले हाम्रो ग्रहलाई बचाउनेछ र पृथ्वीका सबै प्राणीहरूका लागि स्थायी शान्ति सुनिश्चित गर्नेछ। मलाई लाग्छ, म आशा गर्छु कि, के गर्नुपर्ने हो भनेर यहाँहरुलाई पहिले नै थाहा छ। विशुद्ध शाकाहारवाद (veganism)  को हितकारी संसार तर्फ केही अत्यन्त सानो, सुस्त-कदमहरु बढाइरहेको चाहिं मैले देखिरहेकै छु। अनि, कमसेकम धेरै राष्ट्रहरूले अन्य कम विकसित राष्ट्रहरू र विश्वभरका केही सहायता चाहिएका मानिसहरूलाई मद्दत गरिरहेका छन्, र म यसको लागि अत्यन्त धेरै आभारी छु। ईश्वरलाई धन्यवाद होस् र यहाँहरुमा आशिष रहोस्। अवश्य पनि, हाम्रो संसार राम्रो हुँदै गएको छ। **तर अब हामीले एउटा**

**थप कदम उठाउनु परेको छ: विशुद्ध शाकाहारी कदम (THE VEGAN STEP)**। त्यसपछि सबै परिपूर्ण हुनेछ, यहाँहरुले देख्नुहुनेछ। सबै शान्तिपूर्ण हुनेछ। सबैजना ढुक्क, आनन्दित हुनेछन्। अहिले भन्दा बढी आनन्दित, अहिले भन्दा धेरै शान्ति। यो स्वर्ग पनि बन्न सक्छ।

तर यहाँहरु अझै पनि यसको बारेमा सोच्दै हुनुहुन्छ, विशुद्ध शाकाहारी कानून बनाउन के गर्ने, सबैलाई शाकाहारी हुन कसरी भन्ने, अनि सबै मासु, अण्डा, दूध, माछालाई कसरी हटाउने भनेर मनन् गर्दै हुनुहुन्छ। जब म मासु भन्छु, मेरो मतलब माछा पनि हो अनि हलचल गर्नेजती सबै त्यसमा पर्छन्। र अण्डा पनि हाम्रो लागि राम्रो छैन, त्यसमा धेरै हत्या सामेल हुन्छ। अनि कुनै पनि प्रकारका पशु-पालन (उत्पादन) ले मिथेन र सबै प्रकारका अर्थव्यवस्था-सम्बन्धित समस्याहरूका कारण हाम्रो ग्रहको जलवायु परिवर्तनलाई खराब बनाउँदैछ। यहाँहरु सोंचमग्न हुनुहुन्छ। सायद त्यसैकारण यहाँहरुले हाम्रो संसारको सबैभन्दा घातक शत्रुबाट बच्न अत्यन्त ठूलो प्रयत्न पनि गर्नुहुन्छ। त्यो मूल कारण जसले हाम्रो मानवीय गरिमामा ह्रास ल्याउँछ, अरबौं मानिस र जनावरहरूको मृत्यु निम्त्याउँछ; अशक्त बनाउँछ, अरबौं जीवनलाई अपाङ्ग बनाउँछ र हरेक दिन त्यसो गरिरहन्छ !!! तर अहिले सोंचेर बसिरहने समय छैन। कृपया, **अति-शिघ्र तत्कालै कदम चाल्नुहोस्। हामीले यो सबै बन्द गर्नै पर्ने हुन्छ।** हामी सभ्य प्रजातिका प्राणीहरु, बुद्धिमान प्रजातिका प्राणीहरु हौं। यो २१ औं शताब्दी हो। कैयन गुरुहरू आउनुहुन्छ र जानुहुन्छ, हामीलाई सबै प्राणीहरु प्रति करुणा र दया गर्न सिकाउनुहुन्छ। हामी अन्य जीवहरु वा मानिसको नरसंहार जारी राख्न सक्दैनौं। तपाईंहरुमा यो सबैकुरा रोक्ने शक्ति निहित छ। तपाईंहरुमा **विशुद्ध शाकाहारी कानून (VEGAN LAW) लागू गर्ने अवसर, अब उप्रान्त सबै प्रकारका पशु-पिडासँग सम्बन्धित व्यवसायहरू समाप्त गर्ने अवसर** एवं अधिकार निहित छ। मानव हुन् या जनावरहरू, सबैको लागि शून्य-पीडा, शून्य-यातना (zero pain, zero agony); **र पशु-कानून नै सबै-**

**भन्दा उत्कृष्ट समाधान हो। पशु-संरक्षण कानून**, अर्थात्, अबदेखि उप्रान्त जनावरहरुलाई कुनै पनि प्रकारको हानि, कुनै पनि प्रकारको पीडा, कुनै पनि प्रकारको डर-त्रास देखाउन नपाइने, **विशुद्ध शाकाहारी कानून (VEGAN LAW)**। किनभने दयाले दया जन्माउँछ, र करुणाले करुणा जन्माउँछ। कृपा गर्नेले मात्र स्वर्गबाट पनि कृपा पाउनेछ। "जस्तो रोप्छौ, त्यस्तै कटनी गर्नेछौ।" बाइबलले त्यस्तो बताउँछ। संसारका सबै प्रमुख धर्महरूले यही भन्छन्। अनि यो **विशुद्ध शाकाहारी कानून (VEGAN LAW) नै हाम्रो विश्वलाई बचाउने सबैभन्दा प्रभावकारी तरिका हो।**

किनभने तपाईंहरुलाई अहिलेसम्म त राम्रोसँग थाहा भई नै सक्यो, चाहे संयुक्त राष्ट्रको चेतावनीबाट होस्, या वैज्ञानिक अनुसन्धानका रिपोर्टहरूद्वारा होस्, हामीले थाहा पाईसकेका छौं कि मासु, माछा, अण्डा, दूध, जनावरहरूमाथी गरिने प्रयोगशाला परीक्षणहरू, छाला उद्योग, घरेलु वा जंगली **जनावरहरू-लाई चोट पुर्याउने जे जति क्रियाकलापहरु छन्, ती सबै  हाम्रो संसारको लागि अति घातक एवं विनाशकारी छन्।** हामी हर प्रकारका जलवायु न्यू-नीकरण, वा वायु प्रदूषण घटाउने बारे कुरा गर्छौं तर (व्यवसायीक) पशुपालन, माछा, अण्डा, दूध उद्योगहरू, आदि, जनावरहरूसँग सम्बन्धित कुनै पनि क्रि-याकपाल नै घातक मिथेन ग्यास उत्सर्जन गर्ने सबैभन्दा खराब उत्पादकहरू हुन् जसले हाम्रो ग्रहलाई तताउँछ। तसर्थ, यी क्रूर, हत्यारा व्यवसायहरू बन्द गर्नु नै हाम्रो पृथ्वीलाई शितल पार्ने सबैभन्दा छिटो तरिका हो।

अँ सांची, तपाईंलाई थाहा छ, समुद्रका विशाल शालिन "माछाहरू" अर्थात् ह्वेलहरु हाम्रो संसारको रक्षक हुन्, अक्सिजनको बचतकर्ता हुन्। तिनीहरूले CO2 लाई लामो, एकदम लामो समयसम्म आफूभित्र सोसेर राख्छन्, र तिनी-हरूले हाम्रो संसारको लागि कम्तिमा ५०% वायुमण्डलीय अक्सिजन उत्पादन गर्छन्। कल्पना गर्नुहोस् त? तर अझै पनि, वैज्ञानिक अनुसन्धान आदिको बहाना

बनाउँदै, केही मानिसहरू खानको लागि तिनीहरूकै शिकार गर्दैछन्! समुद्रमा सयौं हजार वर्षदेखि अस्तित्वमा रहेको माछालाई हामीले के अनुसन्धान गर्नुपर्छ र? यदि हामीले तिनीहरूलाई छोएनौं, तिनीहरूलाई त्यत्तिकै छोडिदियौं भने, ईश्वरले तिनीहरूको हेरचाह गर्नुहुन्छ। एउटा रिपोर्ट छ। म यसलाई पढ्छु, डा. [राल्फ] चामी, डा. थोमस कोसिमानो, डा. कल फुलेनक्याम्प र सेना ओज्टो-सुनबाट, जुन हामीले केही समय अघि सुप्रिम मास्टर टेलिभीजनको ‘नोटवर्दी न्युज’ मा २८ डिसेम्बर २०१९ मा प्रसारण गरेका थियौं। यहाँहरुको जानकारी-को लागि, त्यो रिपोर्टमा "अन्तर्राष्ट्रिय मुद्रा कोष (IMF) को प्रतिवेदनले जलवायु परिवर्तनलाई सम्बोधन गर्न ह्वेलहरूको तुरुन्तै संरक्षणको लागि आह्वान गर्दछ" - समेत भनिएको छ! कति बुद्धिमानी कुरा। "संयुक्त राज्यका अर्थशास्त्रीहरू-ले कार्बन अवशोषण गर्न ह्वेलको भूमिकाको बारेमा अनुसन्धानको विश्लेषण गरे। IMF को 'फाइनान्स एण्ड डेभलपमेन्ट' प्रकाशनमा बताए अनुसार, एउटा रूखले प्रति वर्ष 22 किलोग्राम सम्म कार्बन अवशोषण गर्दछ, यसको तुलनामा, ह्वेलले आफ्नो जीवनकालमा अनुमानित ३३ टन कार्बन आफूभित्रै अवशोषण गरेर राख्न सक्छ। ह्वेलको शरीरमा कार्बन जम्मा भएको हुन्छ, यसप्रकार त्यो कार्बन सयौं वर्षसम्म वायुमण्डलमा मिसिनबाट जोगिन्छ, उसको मृत्यु पश्चात् समेत।" यो उसको शरीर भित्र रहन्छ र यसप्रकार हाम्रो वायुमण्डलमा मिसिन पाउँदैन। के तपाईं त्यो कल्पना गर्न सक्नुहुन्छ? यसप्रकार ईश्वरले हामीलाई मद्दत गर्न धेरै उद्धारकहरु, स्वर्गदूतहरूलाई भेष बदलेर जनावरहरूको रूपमा पठाउनुभएको छ।

स्वाभाविक रूपमा, ह्वेलहरू समुद्रमा बस्छन्, यदि उनीहरु समुद्रमै प्राकृतिक रूपमा मर्छन् भने, उनीहरु समुद्र भित्र नै रहने भए। "यसबाहेक, व्हेलको जीवन गतिविधिहरूले फाइटोप्लाङ्क्टनको वृद्धिलाई बढावा दिन्छ।" पुनः दोहोर्याऊँ: "ह्वेलहरूले फाइटोप्लाङ्क्टन उत्पादन गर्दछन्, जसले कम्तिमा ५०% वायु-मण्डलीय अक्सिजन प्रदान गर्दछ र वार्षिक रूपमा ४०% विश्वव्यापी कार्बन

अवशोषण गर्दछ।" चालीस प्रतिशत। ह्वेलहरूले वार्षिक रूपमा विश्वव्यापी कार्बनको ४०% अवशोषित गर्छन्। कल्पना गर्नुहोस् त। वाह। आफ्नो जीवन-कालमा। सबै ह्वेलहरू नै, त्यस्तै हुन्छन्। र त्यो उनीहरूको मिशन हो। म पुनः दोहोर्याउँछुः "ह्वेलहरूले वार्षिक रूपमा विश्वव्यापी कार्बनको 40% अवशो-षण गरेर आफूभित्रै राख्छन्।" ह्वेलहरुले। तपाईंहरुले हेर्न चाहेमा यहाँ वेब-साइट पनि दिइएको छ। ओहो, म यसलाई तपाईंहरुले पढ्न सहजताको लागि स्क्रिनमा राखिदिन्छु। ठिक छ? https://www.imf.org/external/pubs/ft/fandd/2019/12/natures-solution-to-climate-change-chami.htm

हाम्रो जलवायु द्रुत गतिमा परिवर्तन भईरहेको छ, हाम्रो विश्व खतरामा छ। तर तपाईंहरु अझै पनि सँधै उही अन्तहीन समाधान-विहिन चक्रमा घुमिरहनुभएको जस्तो देखिन्छ, सायद अझै के गर्ने भनेर सोच्दै हुनुहुन्छ। तपाईंहरुले समाधा-नको लागि जे भन्नुहुन्छ, त्यो मूल जरो होईन, केन्द्रिय लक्ष्य होइन। हामीले अन्य धेरै क्षेत्रहरूलाई लक्षित गर्छौं तर मूख्य जरो, सबैभन्दा केन्द्रिय कारक तत्व चाहिं बेवास्ता गरिरहेका छौं। यो भनेको बाक्लो मोजा बाहिर कन्याएर चिलाउने समस्या कम नभए जस्तै नै हो। अहिले सम्म, वैज्ञानिकहरूले हामीलाई XXXXX पटक, धेरै पटक, बारम्बार, अनेक प्रमाणहरूद्वारा चेतावनी दिइसकेका छन् कि- ग्लोबल वार्मिंग कम गर्न, जलवायु परिवर्तनलाई कम गर्न वा रोक्न, यसलाई स्थिर गर्न, हामी पृथ्वीका बासिन्दाहरु (मानव एवं जीवजन्तु) सबैको लागि राम्रो, सबैभन्दा प्रभावकारी उपाय भनेकै विशुद्ध शाकाहार (भीगन) हुनु हो। हो, हामी यो संसार रुपी घरमा भाडामा बस्नेहरू मात्र हौं। भारी जरिवाना नतिरी कुनै पनि कुरामा क्षति पुर्‍याउने अधिकार हामीलाई छैन।

म माफी चाहन्छु। मेरो दुःखित हृदयले मलाई फूलबुट्टा भरेर भन्ने अनि मूल जरा नसमाति त्यसको वरिपरी अलमलिने अनुमति दिँदैन। **विशुद्ध शाकाहारी विश्व (WORLD VEGAN)** को लागि मेरो हृदयमा प्रार्थनाका लहरहरुको बेग

बढीरहेको बेला ईश्वरले नै मेरो हातलाई निर्देशन दिँदै हुनुहुन्छ, ताकि पृथ्वीमा हामी सबैका लागि स्थायी **विश्व-शान्ति (WORLD PEACE)** आउन सकोस्! कृपया ईश्वरसँग आफ्नो भागको प्रार्थना गर्नुहोस्। तपाईं सक्नुहुन्छ, तपाईंसँग स्वर्ग एवं पृथ्वी अनि सबै जीव-जगतमा प्रशन्नता ल्याउन, संसारका नागरिक-हरूलाई सही जीवनको मार्गमा डोर्याउने शक्ति छ। हामी सबै परिपक्क, इमा-नदार, ईश्वरको-डर राख्ने, कानूनको सम्मान गर्ने नागरिक हौं। त्यसैले चापलुसी गरेर नक्कली हुनु आवश्यक छैन। म तपाईंलाई, तपाईंको ज्ञान एवं विवेकलाई सम्मान गर्छु, त्यसैले म तपाईंहरुलाई इमानदारीता र सत्यभन्दा कम केही भन्न सक्दिनँ। साथै, हामी सबै स्वर्गको नजरमा पारदर्शी छौं, र हरेक दिन हाम्रो सं-सारभरि धेरै अकथित पीडाहरू छन्, जुन स्वर्ग र पृथ्वीले देखेको छ।

हामी सबैलाई थाहा छ कि हाम्रो संसारमा मांसाहार पहिलो नम्बरको हत्यारा हो। तर के देखिएको छ भने, केही सरकारहरूले अत्यन्त कम अथवा शून्य प्रभाव पार्ने विषय वा गतिविधिहरूमा अल्झिएर वा ध्यान केन्द्रित गराएर यस तथ्यलाई ढाक्न सकेसम्मको बडेमानको प्रयास गरिरहेका छन्। हामीले आफैलाई सोध्नपर्छ कि हामी मानवको पक्षमा, ईश्वरको पक्षमा हुन चाहन्छौं वा हत्याराको पक्षमा??? कृपया आफैं जवाफ दिनुहोस् र अब यस सम्बन्धमा काम गर्न कदम बढाउनुहोस्। ईश्वरको कल्याणकारी पक्षमा कार्य गर्नुहोस्, नत्र हामी इतिहासमा हत्याराको रूपमा चिनिनेछौं... किनभने यसको परिणाम कुनै पनि युद्ध अनि आजसम्मको समग्र हत्याहरुभन्दा पनि गम्भीर छ। तपाईंलाई त्यो थाहा छ किनभने तपाईं बुद्धिमान हुनुहुन्छ। तपाईंलाई त्यो थाहा छ किनभने तपाईं प्रज्ञावान हुनुहुन्छ। हो! तपाईं सहि कदम चाल्न वा नेताको रूपमा चयन हुन प्रज्ञावान हुनु नै पर्छ। केही एसियाली मुलुकहरुमा, नेता र सरकारहरूलाई “जनताका अभिभावक” भनिन्छ। यदि कथंकदाचित तपाईंलाई ठेस पुर्‍याएको खण्डमा, म ईमानदारीपूर्वक माफी चाहन्छु तर पनि मैले यो भन्नै पर्छ, किनकि हामी, मानव एवं पशु, सबै लोप हुने खतरामा छौं; हामीले बोल्नै पर्छ किनभने

संसार जलिरहेको छ, कुनै पनि क्षण परिस्थिति बिग्रिने सम्भावना छ, मानव र पशुहरु डरलाग्दो अनुपातमा विनाश हुँदैछन्। स्वर्ग र पृथ्वीले हामीलाई सधैं नयाँ अनि अनौठो रोगहरूले ग्रसित बनाईरहेको छ। **विनाशकारी संकेतहरू जतातते स्पष्ट रुपमा देख्न सकिन्छ।** चेतावनीका संकेतहरू हाम्रो संसारभरि प्रस्टसँग र प्रसस्त मात्रामा देख्न सकिन्छ!

कसै न कसैले त आवाज बुलन्द गर्नै पर्छ। मैले पनि अझ उच्च स्वरमा बोल्नैपर्छ। सबै सरकारले मासुको खपत कम गर्ने दस्तावेजमा हस्ताक्षर गरे, तर त्यसका लागि कुनै ठोस कार्य गरेनन्। ओह! ईश्वरले हाम्रो संसारको मद्दत गर्नुभएको होस्! तर सायद ईश्वर अब हाम्रो कुरा सुन्न चाहनुहुन्न। उहाँले हाम्रो प्रार्थना नसुन्न अर्कैतिर मुहार फर्काईसक्नुभएको जस्तो छ, किनकि हाम्रा हातहरू निर्दोषहरुको रगतले लतपतिएका छन्। म बाइबल उद्दत गर्दछु, जुन तपाईं मध्ये धेरैलाई थाहा पनि छ। त्यो यशैया अध्याय १:१५ मा उल्लेख छ। यदि हामीले हाम्रो जीवनशैली परिवर्तन गर्दैनौं र अन्य जीवहरूको आम-हत्याको पापहरूबाट आफ्नो हात धोएनौं भने ईश्वरले हाम्रो प्रार्थना सुन्न चाहनुहुन्न। हामी किन ईश्वरको इच्छा विपरीत काम गर्छौं? हामी किन आफ्नै विवेक विरुद्ध काम गर्छौं? हामी किन बुद्धिमान जातिको तर्कयुक्त र प्रज्ञापूर्ण समाधानको विरुद्धमा जान्छौं? हामी त "सृष्टिको मुकुट", ईश्वरका सन्तान, भावी बुद्धहरू हुनुपर्ने हो।

एकातिर, हामी जनावरहरूलाई हानि, दुर्व्यवहार वा पीडा वा कुनै किसिमको डरबाट जोगाउन कानून बनाउँछौं भनी भन्छौं। तर अर्कोतर्फ, उनीहरूलाई निर्ममतापूर्वक आम-हत्या गर्छौं, र उनीहरूको मृत्यु अघि यति धेरै, यतिविघ्न अकथनीय-दर्दनाक यातना दिन्छौं। **यो चाहिँ मैले बुझ्न नसकेको विरोधाभास हो।** अथवा के तपाईंहरु सोंच्नुहुन्छ कि तिनीहरूलाई खचाखच भएको ठाउँमा खाँदेर राख्न, साङ्लोले बाँधेर राख्न, कीटनाशक ट्यांकीमा डुबाउनु, जिउँदै घाँटी काट्नु, इत्यादि ... कल्याणकारी र संरक्षणका कार्यहरू हुन्? के ती

कल्याणकारी र संरक्षणका कार्यहरू हुन्? र के ती न्यायोचित कानूनहरू हुन्, साँच्चै? तथ्य के हो भने, **दयाशील पशुबध (humane slaughter) भन्ने नै हुँदैन**, निर्दोषहरूको आम-हत्या जस्तो खालको कुनैपनि कानूनी चीज हुँदैन। तिनीहरूले हामीलाई कुनै पनि तरिकाले हानि गरेका छैनन्। तिनीहरूले कुनै अपराध गर्दैनन्। यो सब अन्याय हो। यो न्याय होइन। कृपया यसको बारेमा सोच्नुहोस् र छिटो सोच्नुहोस्। त्यसैले यसलाई हामीले उल्ट्याउनुपर्छ। कृपया **अब चाहिं विशुद्ध शाकाहारी कानून (VEGAN LAW) घोषणा गर्नुहोस्। अब उप्रान्त कुनै पनि पशु-पीडा-जन्य उत्पादनहरु निषेध गरियोस्।** यो धेरै सरल छ, यो धेरै सरल छ। रगत तपतप चुहिरहेको मासुको त्यो टुक्रालाई तल राख्नुहोस्, सबैजनाले नै, जुनसुकै जीवित प्राणीहरूबाट त्यो मासु वा पशुजन्य उत्पादनहरुबाटआएको किन नहोस्, अबदेखि यो सब त्यागौं, बन्द गरौं। ती सबैलाई प्रतिबन्ध गरौं। विशुद्ध शाकाहारी कानून (VEGAN LAW) बनाऔं, त्यसमा हस्ताक्षर गरौं। यदि हामीले आफूलाई मुक्ति दिन र हाम्रो ग्रहलाई बचाउने हो भने, सबै पशु-पीडा-उत्पादन गर्ने उत्पादकहरुलाई बन्देज गरौं, ती सबैलाई नै निषेध गरौं। ईश्वरले हामीलाई एकदम धेरै आशिष् दिनुहुनेछ। उहाँले पहिले नै भनिसक्नुभएको छ कि, "उहाँ आफ्नो लागि पनि पशु-बलि चाहनुहुन्न," बाइबलमा यस्तो भनिएको छ। "मकहाँ अब अरु बलिहरु नल्याऊ। अब मकहाँ कुनैपनि पशुबलि नल्याऊ।" हो। बाइबलमा अर्को कुनै ठाउँमा पनि यस्तै भनिएको छ। "जब तिमी प्रार्थनामा आफ्ना हातहरु उठाउँछौ, म त्यो हेर्ने छुईनँ। तिमीले धेरै प्रार्थना गरे पनि म सुन्ने छुइनँ, किनकि तिम्रो हात निर्दोष पीडितहरूको रगतले लतपतिएको छ।" उनीहरु पीडितहरु हुन्।

मैले यो सेतो पट्टी लगाएकी छु। यो एसियाली परम्परा हो। यो शोकको चिन्ह हो। कृपया मसँग शोक गर्नुहोस्। अनगिन्ती युग, अनगिन्ती हजारौं वर्ष मानिसको हातबाट, अनि युद्ध र खानाको लागि गरिएको हत्या आदिबाट पीडित सबै निर्दोष, दुःखित आत्माहरूको लागि प्रार्थना गर्नुहोस् र तिनीहरूको मुक्तिको लागि प्रार्थना गर्नुहोस्। पीडा, शोक, घृणाबाट उनीहरूको स्वतन्त्रताको लागि

प्रार्थना गर्नुहोस्। तिनीहरूले उच्च स्वर्गमा विश्राम पाउन्। यदि ईश्वरले त आफ्नो लागि कुनै पनि पशु-बलि चाहनुहुन्न भने, कसरी हामीले चाहिं तिनीहरूलाई मारेर, तिनीहरूको रगत-मासु खाएको चाहनुहुन्छ र? त्यसैले अब यो अपरिहार्य निर्णयबाट भाग्न हुँदैन। आजकल, हामीकहाँ जताततै अत्यन्त स्वादिष्ट विशुद्ध शाकाहारी खाना (Vegan Food) पाइन्छ। स्वस्थकर, अनि मानव लगायत सबैका लागि खुशी ल्याउने। हामीले जति चाँडो विशुद्ध शाकाहारी कानून (Vegan Law) बनाउने निर्णय गर्छौं, हाम्रो अन्तःकरणको लागि, यस ग्रहका हामी सबैको लागि त्यति नै राम्रो; ताकि हामी पनि न्याय-दण्डबाट बच्न सकौं। त्यसैले आफ्नो करुणाशील जन्मजात स्वभाव अनुसार काम गरौं। हे, मेरा दयालु मानव मित्रहरू, ईश्वरले तपाईंहरुलाई हाम्रो संसारको हेरचाह गर्ने शक्ति दिनुभएको छ। तपाईंहरुले यसलाई के गर्दै हुनुहुन्छ? कृपया अब यसको लागि कदम बढाउनुहोस् र हाम्रो संसारलाई बचाउनुहोस्। केवल **विशुद्ध शाकाहारी कानून बनाउनुहोस् (MAKE THE VEGAN LAW) र त्यसमा हस्ताक्षर गर्नुहोस्,** त्यत्ति गरे पुग्छ। सहि कुराको निर्णय गर्न धेरै ढिलो हुनु अघि, पछुताउन समेत ढिलो हुनु अघि नै उक्त कदम चाल्नुहोस्। हामीमाथि ईश्वरको थप क्रोध खनिनु भन्दा अघि, अझ अधिक गम्भीर खालको मौसम, थप महामारीहरु, थप आतंक, थप जीवनको क्षति, थप बहुमूल्य स्रोतहरू लुप्त हुनु अघि, थप आर्थिक विपत्ति आउनु अघि नै उक्त कदम चाल्नुहोस्। पुरानो समयका राजा दाऊदले एक जनालाई मात्रै गलत तरिकाले मारेका थिए, तर तिनका नागरिकहरूलाई तीन दिनसम्म महामारीको सजाय भोग्नुपर्यो। हाम्रो समयमा, हामीसँग हर समय नै एक पछि अर्को गर्दै महामारीहरु आईरहेका छन्, अब हामी कहाँ भाग्न सक्छौं?

मूल रूपमा जनावरहरुलाई आहार बनाएर खानाले फैलीएका विश्वव्यापी घातक संक्रमण / महामारीहरु

एचआईभी/एड्स – चिम्पान्जीबाट सरेको

भेरियन्ट क्रेउट्ज्फेल्ड-जेकोब रोग (म्याड काऊ रोग) - गाईहरूबाट सरेको

H5N1 एभियन (बर्ड) फ्लू - कुखुरा, राजहंस/हांसबाट सरेको

SARS (सेवेयर ऐक्युट रेस्पिरेटरी सिण्ड्रोम) – civets (बन बिरालो) बाट सरेको

H1N1 स्वाइन फ्लू (सुँगुरको रोग) - सुँगुरबाट सरेको

MERS (मिडल ईष्ट रेस्पिरेटरी सिण्ड्रोम) - ऊँटबाट सरेको

इबोला - चमेरोबाट सरेको

कोवीड-१९ - चमेरोबाट सालक (pangolins) मा सरेको

यी सबै रोगहरू **जनावरबाट मानिसमा** सरेका हुन्

हामी अरू कहाँ नै जान सक्छौं? हामीसँग एउटा मात्र ग्रह छ। त्यसमाथी, भयंकर डढेलो, प्रचण्ड तूफान, भूकम्प, सुनामी आदि... अनवरत रूपमा। हामीले हाम्रा सँगी पृथ्वीवासी मानव र जनावरहरुमाथी गरेको अत्याचारहरू देखेर, स्वर्ग र पृथ्वीको मूलसम्म हल्लिएको छ। त्यसैले, सबै प्रकारका विपत्तिहरुको आगमन निश्चित छ। पछिल्लो माहामारी वुहानबाट शुरु भयो, जसको मृत्युको कूल संख्या अझै बढ्दो क्रममा नै छ, लाखौं-लाख मानिसहरू क्वारन्टिनमा छन्। यद्यपी जनता त्रसित होलान् या अर्थतन्त्रमा यसको नकारात्मक प्रभाव पर्ला भनेर मृत्यु र क्वारन्टिनमा बसेकाहरुको संख्या केही सरकारहरूले कम गरेर पनि देखाएका छन्! मलाई लाग्छ कि तपाईंहरु सबैलाई यो थाहा छ। कृपया आफ्नो आँखा खोल्नुहोस्, कृपया आफ्नो दिमाग खोल्नुहोस्, आफ्नो हृदय खोल्नुहोस्, आफ्नो वरपरको वास्तविकता हेर्नुहोस्। हाम्रो संसारको स्थिति सही बनाउनको लागि ईश्वरले तपाईंलाई दिनुभएको शक्तिको विशेषाधिकार प्रयोग गर्नुहोस्। तपाईंलाई यस ग्रहमा सबैको भलाई गर्न, यहाँको स्थिति सुधार्न, पृथ्वीमा राम्रो प्रबंधकको भूमिका निर्वाह गर्न, यी उच्च पदहरूमा राखिएको छ। त्यसैले, कृपया अब आफ्नो समय र ईश्वरको आशीर्वाद खेर नफाल्नुहोस्। अहिले नै कदम चाल्नुहोस्, तत्काले परिवर्तन गर्नुहोस्, सोंचेर मात्र नबस्नुस् बरु स्थिति नियन्त्रणबाट बाहिर जानु अघि नै कदम चाल्नुहोस्। हामीले सोंच्ने सम्भालिने मौका पाउनुभन्दा पहिले अचानक हामीमाथी विपत्ति खस्नु अघि नै यथोचित कदम चाल्नुहोस्। मेरो प्रार्थनाहरु तपाईंसँग छ, हाम्रा प्रेमपूर्ण साधक मित्रहरूको प्रार्थना तपाईंसँग छ। ईश्वरसँग, ईश्वरको लागि काम गर्नुहोस्। तपाईं शरीर, दिमाग र आत्मामा बलियो, खुसी र अधिक हल्का महसुस गर्नुहुनेछ, साथै तपाईंको

हृदयबाट अपराध बोधको भारी हट्नेछ। अनि **तपाईंले अहिले सही कदम चालेमा** हल्का, शुद्ध र खुशी महसुस गर्नुहुनेछ। हाम्रो संसार बचाउन **विशुद्ध शाकाहारी कानून (Vegan Law)** बनाउनुहोस्। **विशुद्ध शाकाहारी सिद्धान्त (Veganism**) लाई कानूनी रुप दिनुहोस्।

ईश्वर कुनै पनि प्राणीले दुःख पाएको हेर्न चाहनुहुन्न। न त कसैको रगत, न कुनै जनावर या जीवको मासु। न त कुनै खतना। के का लागि? असहाय कमजोर बच्चाहरूले कष्ट या मृत्यु भोग्नुमा ईश्वरलाई के फाइदा हुन्छ र? यो प्रथा सुरु भएदेखि नै, जन्मेको केही दिन पनि नहुँदै, अनगिन्ती सङ्ख्यामा बालकहरुले कष्ट भोग्नु परेको छ र पछि गएर यससँग सम्बन्धित असरहरूका कारण मृत्यु पनि हुने गरेका छन्; रक्तस्राव वा संक्रमणबाट। आमाबाबुको पीडाको कल्पना गर्नुहोस्। कल्पना गर्नुहोस् त ईश्वरलाई कस्तो लाग्ला? हामी ईश्वरलाई समेत दुःखी बनाउँछौं। किनभने परमेश्वरले हामीलाई उहाँको आफ्नै स्वरूपमा बनाउनुभयो। हामी ईश्वरका सन्तान हौं। जब सन्तानहरुले दुःख पाउँछन्, ईश्वरलाई पनि दुःख हुन्छ। ईश्वरले मलाई भन्नुभयो कि, यो वहाँको यस्तो चाहना छँदै थिएन। यो सब अशुर शैतानले ईश्वरको नाम लिएर शुद्ध हृदयका, असुरक्षित आस्तिकहरुलाई हानि पुऱ्याउन गरेको छल थियो। उनीहरूलाई थप पीडामा फसाउन, धेरै उत्तराधिकारीहरू, पुरुष उत्तराधिकारीहरूलाई मार्न, जसले आफ्नो देशलाई बलियो बनाउन, मानिसहरूको वृद्धि गर्न र समृद्ध बनाउन सक्थे। सोच्नुहोस् त, कुन चाहिं ईश्वरले अनि के का लागि कमजोर निर्दोष, असहाय शिशु र बालक या पुरुष वयस्कहरूलाई समेत पीडा दिन चाहनुहुन्छ र? के का लागि ईश्वरले तिनीहरूका आमाबाबुलाई चिन्ता र पीडा दिन चाहनुहुन्छ त। तिनीहरू पनि ईश्वरका सन्तान हुन्। मेरो हृदय समेत, न त तिनीहरू मेरा सन्तान हुन्, न त म तिनीहरूका अभिभावक हूँ, तर मेरो हृदय समेत विशेष गरी ती कमजोर असहाय बच्चाहरूले भोग्नु परेको दुःख र यातनाको लागि गहिरो पीडाबाट भएर जानुपर्यो भने, कसरी प्रेम-स्वरुप ईश्वरले त्यो सब सहनुहुन्थ्यो

र, उहाँले त्यसो गर्न आदेश दिनुएको होला भन्ने त कल्पना नै नगरौं!? परम न्यायोचित र करुणामय ईश्वरको नाममा, अनादिकालदेखि नै मानिसहरूद्वारा सताइएका र आम-हत्या गरिएका सबै अनगिन्ती निर्दोष प्राणीहरूको लागि म क्षमा याचना माग्छु। चाहे ती जानाजानी गरेका हुन् वा अन्जानमा। अब यो २१ औं शताब्दी हो, हामी अलि बढी सभ्य हुनुपर्छ। हामीले अन्धविश्वासी हिंस्रक परम्परा बन्द गर्नुपर्छ। हामीले निर्दोष बच्चाहरू र जनावरहरू र मानिसहरूलाई हानि गर्न बन्द गर्नुपर्छ। यो प्रेत अर्थात् शैतान नै हो जसले प्राणीहरूलाई दुःख दिने कुनै पनि कुराको सुरुवात गर्छ। यो उसको नर्कको शैली हो। निःसन्देह ऊ नर्कको हो, ऊ यातना, दुःख, पीडा, तडप र ती तमाम चीजको प्रतीक हो जुन शुभ छैन, जुन नकारात्मक छ, जुन अन्धकरयुक्त छ र पीडा दिने खालको छ। त्यसैले कृपया आफ्ना निर्दोष सन्तानहरुलाई बचाउनुहोस्। म तपाईंहरुलाई भन्छु कि, किन शैतानले पुरुष शिशुहरु, वा पुरुष बच्चाहरू, वा पुरुषहरूले दुःख भोगेको चाहन्छ। म तपाईंहरुलाई यसको कारण बताउँछु।

ईश्वरले मलाई यो बताउनुभयो कि, करुणायम ईश्वरले त्यो भन्नुभएकै थिएन। त्यो त अशांत प्रेतहरू, शैतानको सहायकहरुले भनेका हुन्। तिनीहरू त्यस्ता हुन् जसले युद्ध, द्वन्द्व र पीडामा मरेकाहरुको मासु खान मन पराउँछन्। हालसालै, तिनीहरूले मलाई पनि धेरै व्यवधान गर्न खोजे, र अब चाहिँ मेरो सहनशिलताले सिमा नाघ्यो। त्यही भएर, यी नकारात्मक जीव (शैतानका सहायकहरु) मध्ये ८०% लाई मूल ब्रह्माण्डका संरक्षक-गड्सेसहरु (Original Universe Godses Protectors) द्वारा हालै नरकमा थुन्न घिसारेर लगिएका छन्। किनभने यस प्रकारका प्रेत-जीवहरु स्वयं त शैतान नहोलान्, तर तिनीहरू शैतानको लागि काम गर्छन्, र तिनीहरूले सधैं मानव-मानव बीच, अथवा मानव-जनावरहरू बीच, अनि त्यसै गरी जनावर-जनावरहरू बीच, सबै प्राणीहरू माझ उत्तेजित-अशान्त ऊर्जाको आनन्द लिनको लागि घृणा जगाउने प्रयास गर्छन्। तिनीहरू यसैबाट बाँच्छन्, र तिनीहरूले उनीहरुको पीडा, मरेको मासुको आनन्द पनि

लिन्छन्। उनीहरुले मलाई पनि भनेका थिए । ती ईर्ष्यालु शैतानहरु (वा आत्माहरू) ले मलाई पृथ्वीमा शान्ति ल्याउने कार्य नगर्नु पनि भनेका थिए, नत्र त उनीहरूसँग खानेकुरै हुनेछैन भन्ने डरले त्यस्तो भनेका थिए। मैले भनें, "म तिम्रो इच्छा पूरा गर्न सक्दिनँ। तिमीसँग केवल मलाई पछ्याएर, मूल-घर जाने, स्वर्ग जाने विकल्प मात्र छ। मैले तिमीहरुलाई केवल त्यत्तिको लागि मात्र बाचा गर्न सक्छु। म यस ग्रहमा मानिसहरू वा जनावरहरुले पाईरहेका दुःख जारी राख्न दिन सक्दिनँ। अब पुग्यो। अब अति भईसक्यो!" उनीहरुले मलाई बताए कि उनीहरु त्यो बाहेक अरु केही पनि खान सक्दैनन् । मैले उनीहरुलाई सोधें, "के तिमीहरु स्वभाविक मृत्युले मरेका जनावरहरू वा अन्य लाशहरू, छोडिएको लाश वा त्यस्तै चीजहरू मात्र खाएर बस्न सक्दैनौं?" उनीहरुले त्यसो गर्न नसक्ने कुरा बताए, किनभने यो एक भिन्नै ऊर्जा हो। तिनीहरूले ती मृत लाशहरुको मासु खानुपर्ने हुन्छ जो पीडा, घृणा, शोक वा भयमा, आतंकित अवस्थामा मरेका हुन्छन्, किनभने अन्य मासुमा भिन्नै प्रकारको ऊर्जा रहेको हुन्छ, जुन तिनीहरूले खान सक्दैनन्। मैले भने, "त्यसो भए, तिमीहरुले आफूलाई परिवर्तन गर्नुपर्छ, तिमीहरुले खान पाउनको लागि भनेर म तिमीहरुलाई युद्ध मच्चाउन जारी राख्न दिन सक्दिनँ।" उनीहरुले यस किसिमको त्रसित, आतंकित उर्जाको मासुको सानो टुक्रा मात्रै भए पनि लामो समयसम्म सन्तुष्ट हुन सक्ने बताए। मैले भनें, "जे भए पनि म यो अनुरोधलाई स्विकार गर्न सक्दिनँ, म यो अभ्यासलाई स्विकार गर्न सक्दिनँ। म मानिसलाई माया गर्छु, म जनावरहरूलाई माया गर्छु। संयोगले यस ग्रहमा नफसेसम्म सबै आत्माहरू निर्दोष छन्। म तिनीहरूलाई अब अरु पीडा हुन दिन्नँ। त्यसैले सबैभन्दा राम्रो त के हुन्छ भने तिमीहरु मलाई पछ्याओ, मूल-घर फर्क।" केहीले मैले भने अनुसार नै गरे, तर ज्यादै थोरै (सानो संख्या) ले मात्र। वास्तवमा आज सम्म, यी शैतानका सहायकहरू मध्ये 82% चाहिं पहिले नै नरकमा थुन्न लगिसकिएका छन्। मसँग त्यसो गर्ने बहाना वा कारण थियो, किनभने तिनीहरूले मलाई बाधा दिईरहेका थिए।

कृपया आफ्ना अमूल्य सन्तानलाई बचाउनुहोस्। तपाईं देख्न सक्नुहुन्छ कि धेरै अवस्थाहरुमा उनीहरू बिना कारण नै दुःख पाउने र मारिने गर्छन्। अमेरिकामा रिपोर्ट गरिएको तथ्य अनुसार खतनाको प्रभावको कारण प्रत्येक वर्ष कम्तिमा १०० बच्चाहरू मर्ने गर्छन्। संख्या यो भन्दा धेरै हुन सक्छ तर केही अभिभावकहरूले रिपोर्ट गर्दैनन्। तपाईं यसको कारण अनुमान लगाउन सक्नुहुन्छ। तिनीहरू रिपोर्टिङको बारेमा सोच्न समेत अत्यंत बिचलित हुन्छन् वा यसको बारेमा कुरा गर्न पनि चाहँदैनन्। तर इतिहास हेर्नुहोस् र तपाईंले देख्नहुनेछ कि यस्तो परपीडन दिने प्रकारको "ईश्वर" को उपासनाबाट केही राम्रो भएको छैन। यस्तो गर्ने ईश्वर हुन सक्दैन। ईश्वर प्रेम हुनुहुन्छ। ईश्वर ख्याल राख्ने, प्रेमिलो, करुणावान, कृपालु हुनुहुन्छ। उहाँले बच्चाहरू सृष्टि गर्नुभयो, उहाँले मानिसलाई आफ्नै स्वरुपमा सृष्टि गर्नुभयो। उहाँले आफ्नै छोराछोरीले दुःख पाओस् भनेर कसरी चाहनुहुन्छ र? यो तर्क-संगत छैन। तपाईं विवेकशिल हुनुहुन्छ, समझदार हुनुहुन्छ। त्यसैले फर्केर हेर्नुहोस्। वरिपरि हेर्नुहोस्, यस्ता परपीडक प्रकारका शैतानका कारिन्दाहरुको उपासनाबाट केही राम्रो भएको छैन। केवल अन्तहिन युद्ध, सामूहिक यातना, निर्दोष बालबालिका र ठूलो संख्यामा बच्चाहरूको मृत्यु। अनि केही दशक पहिले पनि। तपाईंलाई याद छ, तपाईंलाई त्यो थाहा छ। तपाईंलाई उक्त आम-संहार थाहा छ। कृपया यसलाई रोक्नुहोस्। कृपया आफ्ना बच्चाहरु र सन्तानहरूलाई, वा आफैलाई, वा आफ्ना मित्रहरूलाई यातना दिन बन्द गरौं। जागौं। जागौं, ब्युँझिऔं। तपाईंको बच्चाहरूलाई दुःख दिने मनसायको कुनै ईश्वर हुँदैन। तपाईंका बच्चाहरू तपाईंका लागि बहुमूल्य छन् र ईश्वरलाई त्यो थाहा छ। ईश्वर तपाईंलाई वा तपाईंका बच्चाहरुलाई मानसिक, शारीरिक रुपमा यातना दिन चाहनुहुन्न। किन दिनुपर्यो र? उहाँलाई यसको नतिजा थाहा छ, कमसेकम यो धेरै पीडादायी छ। यदि हामीले हाम्रो औंला अलिकति काट्यौं भने पनि, कति धेरै पीडा हुन्छ। बच्चाले झन् कसरी सहन सक्छ? बच्चाहरूले यो कसरी सहन सक्छन् र? मलाई माफ गर्नुहोला यदि मैले तपाईंलाई कुनै पनि तरिकाले ठेस पुऱ्याएँ भने, तर मेरो हृदय... यसले

मेरो हृदय भतभत पोलेको अनुभूती हुन्छ। मलाई यस्तो लाग्छ... मलाई यस्तो अनुभूती हुन्छ... मलाई यस्तो लाग्छ जस्तो कि मेरो हृदय तापले उम्लिरहेको छ, जब म ती बच्चाहरूको बारेमा सोंच्छु, अनि कल्पना गर्छु कि उनीहरूले कति असहाय लाचार महसुस गर्लान्। भर्खरका शिशुहरु, जन्मेको केही दिन मात्र भएको, हे भगवान्। कृपया यो सब रोक्नुहोस्! नत्र ईश्वरले तपाईंलाई अझ बढी सजाय दिनुहुनेछ। शैतानहरु, केवल शैतानहरुले मात्र, तपाईंको राष्ट्रलाई कमजोर बनाउन चाहन्छन्, के तपाईं त्यो देख्न सक्नुहुन्न? किनभने बालक वा पुरुष बच्चाहरू वा पुरुष वयस्कहरू हाम्रो भविष्य हुन्, विशेष गरी बच्चाहरू (मैले पढ्न सकिनँ) तिनीहरू भविष्यका रब्बीहरू (धर्मगुरुहरु) हुन्, भविष्यका राष्ट्रपतिहरू हुन्, तपाईंको देशका भविष्यका रक्षकहरू हुन्। त्यसैले शैतानका सेनाहरूले तिनीहरूलाई चोट पुर्याउन, मार्न चाहन्छन्। जसले गर्दा तपाईंहरुको देशहरू कमजोर हुनेछ। राष्ट्रलाई बलियो बनाउन र समाजको लागि, आफ्नो देशको लागि विभिन्न काम गर्न कम पुरुषहरु हुनेछन्। के तपाईंले त्यो देख्न सक्नुहुन्छ? म तपाईंलाई सत्य भनिरहेकी छु। म यो सब के कारणले गरिरहेकी छु? तपाईंलाई ठेस पुर्याउन सक्ने जोखिम मोलेर भए पनि? शैतानका दूतहरु जतातत‍ै छन्। तिनीहरूले आफूलाई मानिसको रूपमा प्रकट गर्न सक्छन्, तिनीहरू सम्मानित देखिनेछन् र तिनीहरू आफू ईश्वर हुन् अथवा सन्त हुन् भनेर तपाईंलाई बताउन सक्छन्।

सुलेमानको कथा सम्झनुहोस्। उनी तीन वर्षदेखि निर्वासनमा थिए, अनि शैतानका दूतहरुले उनको सिंहासन र उनको घरपरिवार, उनको देश कब्जा गरेर उनको नाममा धेरै घिनलाग्दो, क्रूर कामहरू गरे, अनि मानिसहरूलाई लाग्यो कि ती सब सुलेमानले गरेका हुन् भनेर, तर उनले ती सब गरेका थिएनन्। तीन वर्ष निर्वासनमा बिताएपछि सुलेमान पुनः फर्केर आए। अनि शैतानका दूतहरुलाई त्यहाँबाट भगाए। अनि येशू, जब उहाँ मरुभूमिमा ध्यान गरिरहनु भएको थियो, त्यहाँ पनि शैतान आयो र उहाँलाई लोभ देखाएर परीक्षा लियो।

यदि येशूले शैतानको अगाडि झुक्नु मात्र भयो भने पनि उसले सारा संसारलाई उपहारको रूपमा उहाँलाई दिनेछ भनेर प्रतिज्ञा गर्यो। तब येशूले के भन्नुभयो त? "पछि हट्" अर्थात् यहाँबाट भागिहाल्! बुद्धले पनि त्यही कुरा गर्नुभयो, जब माया (शैतान) उहाँलाई प्रलोभनमा पार्न आएको थियो। तर कतिपयले आफ्नो कमजोर मनस्थिति या अत्यन्त निर्दोष विश्वासमा, यो गलत तरिकाले पनि सुन्न या बुझ्न सक्छ, अथवा अनुवाद समेत गलत हुन सक्छ? अनि यसलाई ईश्वरको आवाज हो भनेर सोंच्न सक्छ। त्यही भएर, ईश्वरले आफ्ना दूतहरूलाई ईश्वरका नाममा भएका ती तमाम गलत कुराहरु सच्याउन, ईश्वरको नामसँग सम्बन्धित गलत धारणाहरु स्पष्ट पार्न, ईश्वरको वास्तविक निर्देशन के हो अनि कुन कुरा गलत बुझाई हो स्पष्ट पार्न, ईश्वरले आफ्ना सन्देशबाहकहरु पठाईरहनु हुन्छ, त्यही अनुरुप अन्य सन्देशवाहकहरू आएर बताउनुभएको छ कि ईश्वरले कुनै पनि जनावरको मासु चाहनुहुन्न, पशुको रगत-मासु त चाहनुहुन्न भने उहाँले कसरी बच्चाहरूलाई हानि गर्न चाहना राख्नहुन्छ र? ईश्वरले जनावरहरूलाई यति धेरै माया गर्नुहुन्छ कि उनीहरूले कुनै प्रकारले दुःख पाएको चाहनुहुन्न भनेदेखि उहाँले कसरी तपाईंका छोराछोरीहरू, तपाईंका बच्चाहरूले पीडा भोगेको, मृत्युको जोखिममा परेको चाहनुहुन्छ र? यसको बारेमा सोच्नुहोला, हैन त?

गलत अनुवादले तथा गलत बुझाईले लाखौं अरबौं निर्दोषहरूको ज्यान गुमेको छ। उदाहरणका लागि, भारतमा, प्राचीन समयमा, ऋग्वेद १०.१८.७ मा, यसो भनिएको छ कि विधवा महिलाहरू जसका पतिको मृत्यु भएको छ, उनीह-रूलाई आफ्नो जीवनमा अगाडि बढ्न सल्लाह दिईन्छ। यहाँ **अग्रे** शब्दको अर्थ "अगाडि जानु।" भन्ने हुन्छ। यद्यपि, **अग्रे** शब्दलाई गलत अनुवाद गरियो र यसलाई अग्नी को अर्थमा गलत व्याख्या गरिएको थियो, जसको अर्थ आगो भन्ने हुन्छ। र यसरी, यस्तो स्तोत्र बन्यो: "राम्रोसँग सजिएर, बिना कुनै पीडाबोध अनि बिना आँसु, यी पत्नीहरूले चितामा आफ्नो पहिलो पाइला टेकून्।" त्यसरी, "आगाडि बढ" को सट्टा "आगोमा जल्नको लागि जाऊ।" भन्ने गलत अर्थ

लगाईयो। यी दुई बुझाईहरु पूर्णतया फरक थिए। धेरै महिलाहरू त्यही चितामा मर्न बाध्य भए, जहाँ मृतकलाई जलाईन्थ्यो। उनको श्रीमानको मृत्यु भएर उसको मृत शरिर जलाउँदा, श्रीमती पनि उसँगै जिउँदै जलाइन्थ्यो। तसर्थ, प्राचीन समयका धेरै महिलाहरू शास्त्रमा उल्लेखित अग्री शब्दको अर्थ अनुसार आफ्नो जीवनमा अगाडि बढ्नुको सट्टा आफ्ना पतिहरूसँग चिताको आगोमा जिउँदै जल्न बाध्य थिए। अतः यो भयानक कुरा हो। र सबैभन्दा बढी उद्दत वैदिक मन्त्रहरू मध्ये एक अथर्ववेद १८.३.१. मा पनि, एक महिलालाई आफ्नो पतिको मृत्यु हुँदा उनको पतिसँग जिउँदै जलाउन समर्थन गरेको अर्थ लगाईयो: "आफ्नो पतिको संसार रोज्दै, हे पुरुष, उक्त महिलाले आफूलाई निर्जीव शरीरको छेउमा सुताउँछे। प्राचिन प्रथालाई निष्ठापूर्वक संरक्षण गरेमा; धन र सन्तान दुवै प्राप्ति हुन्छ।" यहाँ "आफ्नो पतिको संसार रोज्नु" भन्ने भनाईको गलत अर्थ लगाईयो, जसलाई अपव्याख्या गरेर, यो शास्त्र अनुसार पत्नीलाई मृत्यु पछिको जीवनमा, अर्को संसारमा मृत पतिसँगै सामेल हुने सुझाव दिइएको हो भनेर बुझियो। त्यसैले श्रीमानको अन्त्येष्टिमा श्रीमतीले आफूलाई उनको मृत पतिको लाससँगै जिउँदै चितामा जलाउने गरियो। भारतमा, सन् १८२९ देखि, विधवालाई आफ्नो पतिसँग जिउँदै जलाउने प्रचलनलाई कानुनी रुपमा बन्देज लगाईयो। तर अझै पनि केही दुर्लभ अवसरहरूमा यसको अभ्यास गरिन्छ किनकि यसलाई केही हिन्दूहरुले महिलाको भक्ति र बलिदानको पराकाष्ठा मान्छन्।

तपाईंले देख्न सक्नुहुन्छ कि, गलत अर्थ, गलत अनुवादले मार्न पनि सक्छ र त्यो पनि भयानक रुपमा मार्न सक्छ, र निर्दोषहरूलाई समेत मार्न सक्छ। हामीले के विश्वास गर्छौं र हामी के पछ्याउँछौं भन्ने बारे होसियार हुनु आवश्यक छ, किनकि यदि ईश्वरको इच्छालाई पछ्याउन चाहन्छौं भने, हामीले विवेक अनि तर्कपूर्ण भएर सोंच्नुपर्ने हुन्छ। उदाहरणको लागि, एउटै वेदमा विरोधाभासी जस्तो देखिने भनाइ देख्न सकिन्छ। अथर्ववेद १८.३.२ मा भनिएको छ: "उठ, जीवनको संसारमा आऊ, हे नारी: आऊ, तिमी जसको छेउमा सुत्छौ त्यो त

निर्जीव छ।" त्यसैले यो मन्त्रले महिला आफ्नो पतिको मृत शरीरको छेउबाट उठेर यो जीवित संसारमा अघि बढ्नु पर्छ भन्ने संकेत गर्छ। साथै, वेदमा विधवा पुनःविवाह कुरा पनि गरिएको छ। त्यसैले, गलत व्याख्याले धेरै, धेरै निर्दोषहरूलाई मार्न सक्छ। मैले भन्न खोजेकी पनि त्यही नै हो कि, सायद मानिसहरूले गलत सुनेको वा गलत अर्थ लगाएको पनि हुन सक्छ। कृपया, आफ्ना बच्चाहरूलाई बचाउनुहोस्, आफ्ना सन्तानहरुलाई बचाउनुहोस्, आफ्नो पुरुष प्रजालाई बचाउनुहोस्। तिनीहरूलाई बाँच्न दिनुहोस्। तिनीहरूलाई पूर्ण एवं स्वस्थ अनि कुशल हुन दिनुहोस्। ईश्वरले तिनीहरूलाई परिपूर्ण नै बनाउनु भएको छ। हामी यसलाई दुर्व्यवहार गर्न वा उसको शरीरको कुनै भागलाई कम महत्वको देखाउन सक्दैनौं। त्यो ईश्वरको इच्छा विरुद्ध हुनेछ।

अतः, तपाईंको आफ्नै खातिर, सामान्य समझ, नैतिकता, प्रतिष्ठा र सम्मान यथोचित, कृपया अहिले गर्नुपर्ने एकमात्र सही कदम चाल्नुहोस्, अर्थात् **विशुद्ध शाकाहारी कानून (VEGAN LAW) पारित गर्नुहोस्। चाहे मानव हुन् या जनावर, अब उप्रान्त कुनै पनि निर्दोषहरू नमारिउन्।** र जे होस्, यस ग्रहका सबै नागरिकहरू, कृपया तपाईंको सरकारलाई विशुद्ध शाकाहारी कानून (VEGAN LAW) पारित गर्न समर्थन गर्नुहोस् ताकि जनावरहरूले थप कष्ट भोग्नु नपरोस्। कृपया आफ्ना सन्तानको रक्षा गर्नुहोस्। ईश्वर तिनीहरूले यातना पाएको चाहनुहुन्न। ईश्वर तिनीहरुलाई प्रेम एवं संरक्षण गरेको चाहनुहुन्छ, ताकि तिनीहरू असल रब्बी, असल पुजारी, असल भिक्षुहरू, असल राष्ट्रपति, असल नेताहरू, वा तपाईंको देशको लागि, तपाईंको परिवारको लागि बलियो जन-शक्ति बन्न सकून्। त्यस्तो चाहने ईश्वर नै वास्तविक ईश्वर हो। मैले चिनेको ईश्वर त्यस्तै हुनुहुन्छ। ज्यादै क्षमाशील। यदि तपाईंले पश्चात्ताप गर्नुभयो भने, तपाईंलाई क्षमा गरिनेछ। मेरो सम्पूर्ण ईमान्दारिता सहित, म प्रतिज्ञा गर्छु। कृपया मलाई विश्वास गर्नुहोस्। ईश्वर सम्पूर्ण रुपमा प्रेम-स्वरुप अनि क्षमाशील हुनुहुन्छ। केवल पछाडि फर्किनुहोस्, सही काम गर्नुहोस्। पश्चाताप

गर्नुहोस्। ईश्वरले तपाईंलाई १००% क्षमा गर्नुहुनेछ। उहाँ नै साँचो ईश्वर हुनुहुन्छ, तपाईंको कल्याणको लागि धेरै ख्याल गर्नुहुन्छ, स्वर्गलाई तपाईंको प्रतीक्षारत बनाउनुहुन्छ। पशुको मासु खान चाहने र पशुको रगत पिउन चाहने वा शिशु एवं बच्चाहरूलाई हानि गर्न चाहने ईश्वर हुनै सक्दैन। विशेष गरी पुरुषहरू, जसलाई कुनै पनि राष्ट्र वा परिवार आफ्नो शक्ति, सुरक्षाको लागि, शक्ति र वीरता र आदर्शवाद चाहिने कुनै पनि चीजको लागि भर पर्छन्। त्यसैले हामी कुनै पनि पुरुष शिशु वा पुरुष बच्चाहरूलाई, कुनै पनि पुरुषहरूलाई हानि पुर्याउनु हुँदैन। हामीलाई तिनीहरू पनि चाहिन्छ। कतै कतै अन्य प्रथा वा दुष्ट परम्पराहरु पनि छन् जहाँ महिलामाथि पनि यौन दुर्व्यवहार गर्ने, अथवा यस्तै प्रचलन रहेको छ। महिलाको अङ्गको खतना गराएर पीडा, रक्तश्राव, सङ्क्रमण र मृत्युसमेत गराउने प्रथा। प्रायः एनेस्थेसिया (अचेतन) बिना गरिन्छ। के तपाईं कल्पना गर्न सक्नुहुन्छ? के तपाईं आफूलाई त्यो अवस्थामा कल्पना गर्न सक्नुहुन्छ? निःसहाय रुपमा त्यस प्रकारले पीडा पुर्याएको अवस्था।

यो सब रोक्नुहोस्। तपाईं बुद्धिमान सरकारहरू, तपाईंहरुसँग शक्ति छ, यी सब बर्बर अन्धविश्वास बन्द गराउनुहोस्। तपाईंहरुसँग पर्याप्त शिक्षा छ र यो सबै रोक्न पर्याप्त शक्ति छ। अन्यथा ईश्वरले हामीलाई माफ गर्नुहुन्न, सधैं माफ गरिरहनु हुन्न। हामीले अरू सह-निवासीहरूलाई हानि गरेको देखेर ईश्वर सधैंको लागि धैर्य गरिरहन सक्नुहुन्न। तर यदि हामीले यो सब रोकेर पश्चात्ताप गर्यौं भने, ईश्वरले तुरुन्तै क्षमा गर्नुहुनेछ र बिर्सनु हुनेछ र हामी सबैले यो जीवनमा प्रशस्तता एवं खुशीयालीका साथ रमाउनेछौं अनि यस संसारलाई छोडेर जानुपर्दा पनि स्वर्गमा जानेछौं। म बाचा गर्छु (वचन दिन्छु)। स्वर्गहरु मेरो साक्षी छन्, ईश्वर मेरो साक्षी हुनुहुन्छ। यो ग्रह रहिरहला, यो विश्व अघि बढिरहला, तर जसले आफ्नो विवेकलाई बेवास्ता गर्दै पशु-हत्या जस्तो अन्य निर्दोष प्राणीहरूलाई यातना दिएर जीवन निर्वाह गर्छन्, उनीहरू न्यायबाट मुक्त हुन सक्दैनन्। त्यसैले आफ्नो प्रेमपूर्ण हृदयको अन्तर्निहित स्वभाव अनुकूल कार्य गर्नुहोस्।

विश्वका सरकारहरू र विश्वका नागरिकहरू, हाम्रो संसारलाई बस्नको लागि आनन्दित ठाउँ बनाउन एकजुट भएर काम गर्नुहोस्। ताकि हाम्रा सन्ततिहरुको लागि राम्रो ग्रह छोडेर जान सकियोस्। ईश्वर अझै तपाईंहरुको साथमा रहनुभएको होस्। ईश्वरले तपाईंको विशुद्ध शाकाहारी कानूनको निर्णयलाई आशीर्वाद दिनुभएको होस्। साहसी बन्नुहोस्, वीर हुनुहोस्, धर्मी बन्नुहोस्, ईश्वरको विशेष-कार्य अनि संरक्षणमा निडर हुनुहोस्। तपाईं विश्वका नेताहरू, सरकारहरू र सह-नागरिकहरू, कृपया, निर्दोष जनावरहरू, बालबालिकाहरु वा मानिसको हत्या गर्न बन्द गर्नुहोस्। स्वर्गले तपाईंलाई मद्दत गर्नेछ। **विशुद्ध शाकाहारी कानून (VEGAN LAW) बनाउनुहोस्, त्यसमा हस्ताक्षर गर्नुहोस्** र त्यसको पालना पनि गर्नुहोस्। संसारका सबै सरकारहरू, सबै नेताहरू र सबै नागरिकहरूले गर्नै पर्ने सबैभन्दा सही कुरा नै यही हो। यदि हाम्रो संसार बचाउन र समृद्ध बनाउन चाहन्छौं भने, र **यदि हामी नर्कको आगोको दण्डबाट बच्न चाहन्छौं भने**, अहिलेको लागि केवल यही मात्र प्राथमिकता हो। म यहाँहरु सबैलाई धन्यवाद दिन्छु। यस संसारका प्राणीहरूले यहाँहरु सबैलाई धन्यवाद दिन्छन्। फेरि पनि, केवल सही कुरा गर्नुहोस्। **विशुद्ध शाकाहारी कानून (VEGAN LAW) बनाउनुहोस्, त्यसमा हस्ताक्षर गर्नुहोस्** । यसको अभ्यास एवं अनुसरण गर्नुहोस्। विशुद्ध शाकाहारी (भीगन) बन्नुहोस्। **यही नै सहि कुरा हो** र तपाईंहरुले गर्नु पर्ने पनि केवल यही मात्र हो। अन्य सबै कुरा आफैं मिलेर जानेछन्। यदि तपाईंहरुले त्यसो गर्नुभयो भने, हाम्रो ग्रहमा सर्वत्र सद्भाव, उदारता, करुणशीलता, खुशीयाली छाउनेछ। मेरो सम्पूर्ण प्रेम, शुभकामना र ईश्वरको आशिर्वादको साथ। यहाँहरु सबैलाई पुनः धन्यवाद। यहाँहरुले सबैकुरा बुझिहाल्नुभयो। कृपया यो काम गरिहाल्नुहोस्। धार्मिकताको एक मात्र कार्य, **विशुद्ध शाकाहारी कानून (VEGAN LAW) र विशुद्ध शाकाहारी जीवन शैली (VEGAN LIFESTYLE)**। यहाँहरुलाई धन्यवाद। ईश्वरले अझै पनि हाम्रो संसारमाथी कृपा गर्नुभएको होस्। अझै पनि ईश्वर हामी सबैको साथमा रहनुभएको होस्।[21]

# ८ परम-गुरुबाट प्रोत्साहनका केही शब्दहरु

किनभने विशुद्ध शाकाहारी (vegan) आहारले हाम्रो ग्रहमा, हाम्रो परिवेश वरिपरी एक पवित्र वातावरण, एक सुरक्षात्मक वातावरण अनि एक प्रेमपूर्ण वातावरण श्रृजना गर्छ, र त्यो ऊर्जाले हामीलाई सुरक्षा प्रदान गर्नेछ। सायद हामीले प्रमाणित गर्न नसके तापनि, यो अत्यन्त तर्कसँगत छ। हामी जे पनि गर्छौं त्यसको असर अथवा प्रभाव हामीकहाँ नै फर्केर आउँछ। अतः विशुद्ध शाकाहारी (Vegan) हुनुको अर्थ जनावरहरूको लागि करुणाशील हुनु हो, र यो पनि याद राख्नुहोला कि हामी विशुद्ध शाकाहारी (vegan) भएर ग्रह बचाउन चाहन्छौं, यसको मतलब हामी धेरै करुणावान छौं, किनकि हामी ग्रह बचाउन चाहन्छौं।

यस ग्रहमा मानिस र जनावर सहित कति अरबौं खरब प्राणीहरू छन्? तसर्थ, यदि हामीले यसको मर्म बुझेका छौं भने, हामी धेरै करुणावान बन्छौं, र यसप्रकार करुणाभाव राख्नाले तपाईंको वरपरको उर्जा धेरै करुणामय हुन जान्छ, फलस्वरुप तपाईंको वरिपरीको समग्र वातावरण नै  करुणाभावले ओतप्रोत हुन्छ। यदि यस ग्रहमा प्रत्येक व्यक्तिको वरिपरि यस्तो सद्भावपूर्ण ऊर्जाक्षेत्र बन्न थाल्यो भने, तब यो ग्रह पुनः स्वर्ग बन्नेछ। अनि चाहिं यो बच्ने मात्र होइन, अहिले भन्दा अत्यन्त राम्रो पनि हुनेछ; अझ बढी सुन्दर, अझ बढी प्रचुरता, सबै कुरामा बढोत्तरी हुनेछ, अनि हरेक आकांक्षा पूरा हुनेछ।

हे भगवान्, म जे कुरा भन्न खोज्दैछु त्यो सबैले बुझेको भए कति राम्रो हुन्थ्यो होला। धन्यवाद। हेर्नुस्, ऊर्जा त्यस्तो चीज हो जुन हामीले प्रमाणित गर्न सक्दैनौं, तर हामी यसलाई महसुस गर्न सक्छौं। उदाहरणको लागि, मान्नुहोस् कि तपाईंसँग एकजना मायालु जीवनसाथी छ, जो दिन-रात साँझ-बिहान तपाईंसँगै

छ, अनि एक दिन उसँग तपाईंको झगडा भयो। त्यो दिन एक-अर्कासँग कुरा नगरे पनि वा एक-अर्कोलाई किताबहरूले नहिर्काए पनि, तपाईंलाई एकदम नरमाईलो अनि दिक्क लाग्छ, किनकि त्यतिबेला त्यो घरको उर्जा अशान्त, मायाप्रेम नभएको, मेलमिलाप र सहकार्य विहीन अवस्थामा हुन्छ।

हो, ऊर्जाको प्रभाव त्यस प्रकारको हुन्छ, यद्यपि हामी यसलाई प्रमाणित गर्न सक्दैनौं। सायद हामी सक्छौं, वैज्ञानिकहरूले मानव ऊर्जाको बारेमा धेरै कुराहरू पत्ता लगाएका छन्। जब कोही रिसाउँछ, उनीहरूले त्यो ऊर्जालाई तलतिरको दिशामा बगेको महसुस गर्न सक्छन्, र जब कोही खुशी हुन्छ, उनीहरूले उक्त अधिक कल्याणकारी र अधिक लाभदायक ऊर्जालाई नाप्न सक्छन्।

त्यसैले, हामीले जनावरहरूलाई माया गर्दा, अनि त्यस्तै हाम्रो यस ग्रहलाई बचाउन चाहना गर्दा सिर्जना हुने ऊर्जा अपार हुन्छ, र यसले तपाईंको साथसाथै वरपरका सबैलाई असर गर्नेछ। त्यसैले, तर्कसँगत रूपमा भन्नुपर्दा, अहिले हामीलाई चाहिएको सुरक्षाको उपाय भनेकै विशुद्ध शाकाहारी आहार (vegan diet) हो। हामीलाई जुन सुरक्षात्मक ऊर्जा चाहिएको छ त्यो यही नै हो।[22]

आफ्नो प्रेमको दायरालाई फराकिलो बनाउनुहोस्। एकदम विशाल, एकदम फराकिलो, एकदम व्यापक! जति विशाल हुन्छ त्यति राम्रो हुन्छ। आफ्नो वरिपरि जो जति देखिन्छन्, ती सबैलाई माया गर्नुहोस्।

हामीले केही पनि गुमाउने छैनौं। केवल जनावरको मृत लाशको टुक्राको सट्टा स्वादिलो स्वस्थ बोटबिरुवाबाट बनेका हर-प्रकारका प्रोटिन-युक्त खाना खानुहोस्। विशुद्ध शाकाहारी बन्नुहोस्, शान्ति फैलाउनुहोस् (Be Vegan, Make Peace.)। हामीले आपसमा प्रेम गर्नु बाहेक, केवल यति गरे पुग्छ। जति मन लाग्छ आपसमा प्रेम गर्नुहोस्, केवल युद्ध चाहिं नगर्नुहोला। धेरै धेरै धन्यवाद। ईश्वरले हामी सबैको कल्याण गरून्।[2]

हामी करुणा-स्वरुप हौं। वास्तवमा हामी करुणामय छौं, हामी अरुको ख्याल राख्ने स्वभाव भएका प्राणी हौं। अतः केवल यत्ति हो कि हामी धोकामा परेका छौं। हामीलाई अहिलेसम्म गलत तरिकाले गलत कुरा सिकाईएको छ, त्यसैले यस विषयको सत्यबाट अनभिज्ञ रहयौं। विश्वव्यापी विशुद्ध शाकाहारी (भीगन) हुनु भनेको करुणाको उत्कर्ष हो जसले सबै संस्कृतिहरूलाई उत्थान गर्नुको साथै एकताबद्ध गर्नेछ, अनि मानव लगायत जनावरहरुको जीवनमा समान रूपमा शान्ति एवं सुमधुरता ल्याउनेछ।

हत्या-हिंसाको सट्टा सबै प्रकारको जीवन प्रति सम्मानको अभ्यास गर्दा जुन आन्तरिक शान्ति प्राप्त हुन्छ त्यसको तरंग संसारभरि फैलिनेछ, मानव हृदयलाई उच्चताको उत्सर्गमा पुर्याउनेछ, अनि पृथ्वीमा एक मैत्रीपूर्ण स्वर्गको बगैंचा निर्माण गर्नेछ। यसले हामी सबैलाई चिरस्थाई स्वर्ण युगमा पुर्याउनेछ।[19]

हाम्रो प्रकृति प्रेम र करुणा हो, जुन कुरा बुद्धले पनि हामीलाई सिकाउनुभएको छ। हामी हाम्रो आफ्नै अज्ञानताले जन्म-जन्मान्तर, प्रत्येक जन्ममा भ्रमित हुँदै आएका छौं, र यस आयामको अन्धकार हामीमाथी यति हावी हुन्छ कि हामी यहाँ आएपछि झन्- झन् बढी बिर्संदै जान्छौं। त्यसैले त स्वयं आफूलाई र जनावरहरूलाई माया गर्न बिर्सेकोमा वा उनीहरु वास्तवमा को हुन् भनेर बिर्सेकोमा मैले कहिल्यै पनि मानिसहरूलाई दोष लगाएकी छुईनँ – उनीहरु वास्तवमा प्रेम हुन्, उनीहरु यथार्थमा प्रेम-स्वरुप हुन्।

मानवजाति वास्तवमा प्रेमको अवतार हुन्। अब पुनः त्यस कुरालाई स्मरण गर्ने समय आएको छ, नत्र हामी आफ्नै कारणले लोप हुनेछौं, हाम्रो अस्तित्व समाप्त हुनुमा स्वयं हामी नै जिम्मेवार हुनेछौं। जनावरहरूलाई माया गर्न सुरु गर्ने एउटा तरिका तिनीहरूले के अनुभव गर्छन् भनेर बुझ्न पनि हो। यसो बधशालातिर हेर्न जानुहोस्, बाख्रा, घोडा वा भेडा, कुखुरा, सुँगुर मारिएको दृश्य हेर्नुहोस्, अथवा यो दृश्य टेलिभिजन वा भिडियो मार्फत् हेर्नुहोस्, अनि बुझ्नहुनेछ कि राम्रोसँग सिंगारेर सजाएर प्रस्तुत गरिएको मासुको टुक्रा पछाडिको वास्तविक

त्रासदी, डर-असहायपन पीडा-चित्कार कस्तो हुन्छ भनेर। यदि कुनै व्यक्तिले यी जनावरहरूले महसुस गर्ने नारकीय आतंकको यथार्थ मनन गर्न सक्यो भने, उसले ती जनावरहरुको मासुको त्यो टुक्रा निल्न सक्नेछैन।

तपाईं सोध्नुहोला हामी कसरी हाम्रो प्रेमको गुणस्तर (Loving Quality) सुधार गर्न सक्छौं? म यसलाई LQ भन्छु। हामी मानवसँग धेरै Q हरु छन्: IQ, LQ, GQ (God Quality अर्थात् ईश्वरीय गुण)। जनावर र मानव दुवैमा यो LQ (Loving Quality अर्थात् प्रेमको गुण) हुन्छ, तर सौभाग्यवश, मानवहरूमा यो प्रेमको गुणस्तरलाई शरीरको मांसपेशी जस्तै गरेर बढाउने विशेष अवसर प्राप्त छ। तसर्थ, हाम्रो सामान्य दैनिक क्रियाकलाप परिवर्तन नगरीकन, हामी बिहानको खाना, दिउँसोको खाजा, र रातको भोजनको दौरान हाम्रा यी प्रेम-मांसपेशीहरु फैलाउन र विकास गर्न सक्छौं; व्यायाम (विशेष मेहनत) को आवश्यकता नै पर्दैन।

प्रेम देखाउन विशुद्ध शाकाहारी (भीगन) हुनुहोस्, अनि तपाईंको आफ्नो परिवारजन, घरपालुवा जनावर, मित्रहरु र शत्रुहरुको साथ-साथ यो प्रेमलाई विश्वका समग्र सह-निवासीहरूसम्म विस्तारित गर्नुहोस्। यस प्रेमलाई रूख, बोटबिरुवा, फूल, ढुङ्गासम्म पनि फैलाउनुहोस्। केवल विशुद्ध शाकाहारी (भीगन) हुँदा मात्र पनि, केही दिन वा केही हप्ता पछि स्वतः, तपाईंले आफूमा केही परिवर्तन महसुस गर्नुहुनेछ। तपाईंको आफ्नै प्रेमपूर्ण स्वभाव झरना झैं, प्रेमको झरना जस्तै सहजै स्वतः बग्न थाल्नेछ। तपाईंले सूर्य, चन्द्र, ताराहरू, सम्पूर्ण प्रकृति र हाम्रा सह-निवासीहरुबाट अझ बढी प्रेम र आशिष प्राप्त गर्न समर्थ बन्नुहुनेछ। तब जनावरहरू अचानक, साँच्चै नै, मित्रहरु तथा छिमेकीहरू जस्तै लाग्न थाल्नेछन् - अत्यन्त सुन्दर, मिलनसार, बुद्धिमान र मायालु मित्र तथा छिमेकीहरु।

त्यसपछि त, उनीहरूलाई माया गर्न तपाईंलाई धेरै सहज हुनेछ, र उनीहरूलाई पुनः अप्रत्यक्ष रूपमा समेत हानि गर्ने, वा तिनीहरूलाई यातना दिएर मारेको मासु खाने कुरा त सपनामा समेत सोच्न सक्नुहुने छैन।[23]

# ९ विशुद्ध शाकाहारी विश्व (World Vegan) चाँडै आओस् भनेर प्रार्थना गरौं

हामी एकसाथ एकै समयमा प्रार्थना गरौं। यदि तपाईं अहिले विशुद्ध शाकाहारी (भीगन) बन्न सक्नुहुन्न भने पनि, चाँडै बन्न सकूँ भनेर प्रार्थना गर्नुहोस्। विशुद्ध शाकाहारी विश्व (World Vegan) को लागि प्रार्थना गर्नुहोस्। **कृपया हामीसँग हरेक दिन हङकङ्ग समय  राती ९ देखि १० बजे सम्म विशुद्ध शाकाहारी विश्व (World Vegan) को लागि प्रार्थना अथवा ध्यान गर्न हामीसँग सामेल हुनुहोला**, यसरी हामीकहाँ दिगो विश्व शान्ति (World Peace) पनि आउनेछ। स्वर्गहरुले यहाँहरुलाई अनेक गुणा आशिष दिउन्। धेरै धेरै धन्यवाद।

हाम्रा प्रार्थनाहरू शक्तिशाली छन् किनभने यो स्वर्गहरु अनि सन्तहरू र ईश्वरिय शक्तिद्वारा समर्थित छ। यसमा अद्भूत शक्ति छ, जुन यो भन्दा पहिले कहिल्यै यति शक्तिशाली थिएन, विशेष गरी अहिले हामी यो एकसाथ एकै समयमा गर्छौं, र तपाईं आफ्ना सारा कल्याणकारी  सदगुणहरु  सहित विशुद्ध शाकाहारी (भीगन) बन्नुहुन्छ वा बन्न जाँदै हुनुहुन्छ, या त्यसको लागि प्रार्थना गर्दै हुनुहुन्छ। यो अत्यन्त प्रभावकारी छ। कृपया आफ्नो परिवारका सदस्यहरू, साथीहरू, परिचितहरू, तपाईंले चिनेजानेका सबैलाई, हामीसँग विशुद्ध शाकाहारी विश्व (World Vegan) को लागि प्रार्थना गर्न भन्नुहोस्। यो उनीहरूको लागि पनि राम्रो छ। हामी एकसाथ एकै समयमा लगभग एक घण्टा प्रार्थना, ध्यान गर्छौं, विशुद्ध शाकाहारी विश्व (World Vegan) नआएसम्म हरेक दिन हामी यो जारी राख्नेछौं।

शुद्ध हृदयले केवल पाँच मिनेट, बीस मिनेट गरे पनि, यसले हाम्रो संसारको शुद्धिकरण गर्न, हाम्रा बाल-बच्चाहरूलाई बचाउन र ईश्वरका सन्तानलाई

सुहाउँदो एक महान्, सुयोग्य, सभ्य जीवन जीउन मद्दत गर्दछ। निर्दोषहरूको रक्षा गर्न हामीसँग सामेल हुनुहोस्। हाम्रो संसार बचाउन हामीसँग सामेल हुनुहोस्। यो हाम्रो अनुरोध हो! ईश्वरले तपाईंलाई यस जीवन र अर्को जीवनमा अनेक गुणा बढी आशिषले आशिषित गर्नुभएको होस्।

**तपाईं जहाँ भएपनि, एउटा अलार्म सेट गर्नुहोस्, जे गरिरहनुभएको भएपनि,**
**कृपया केही क्षणको लागि रोकिनुहोस् र आ-आफ्नो स्थानबाटै**
**विशुद्ध शाकाहारी विश्व (World Vegan) को लागि**
**हामीसँगै एकै समयमा प्रार्थनामा सहभागी हुनुहोस्,**
**(प्रत्येक दिन) हङकङ्ग समय राती ९ देखि १० बजे।**[24]

# सन्दर्भ-ग्रन्थहरु

**प्रस्तावना**

१. वातावरणको सन्दर्भमा परम गुरु चिङ्ग हाई: एक महान लक्ष्य र हृदय परिवर्तनले ग्रहलाई बचाउन सक्छ, जुलाई २०, २००८ मा औ-लाक् (भियतनाम) मा एसोसिएसन सदस्यहरूसँगको भिडियो कन्फ्रेन्स्।
भिडियो ८३९
http://video.godsdirectcontact.net/daily/2008.09.26/BMD743.wmv

२. "द रियल लव" - एक संगित-नाट्य जसले हृदयहरु जोड्छ, संयुक्त राज्य अमेरिकाको क्यालिफोर्नियामा भएको अगस्ट २७, २०११ को टेलिकन्फ्रेन्स्।
डीभिडी ९९९
suprememastertv.com/en1/v/136665388570.html

**अध्याय १**

३. यस महा-सफाइको समयमा जाग्नुहोस् र विशुद्ध-शाकाहारी (भीगन) बन्नुहोस्, जून २६, २०२० को सुप्रिम मास्टर टेलिभिजन टोलीसँगको कन्फ्रेन्स्।
suprememastertv.com/en1/v/102385733924.html

४. यस महा-सफाइको समयमा जाग्नुहोस् र विशुद्ध-शाकाहारी (भीगन) बन्नुहोस्, जून २६, २०२० मा सुप्रिम मास्टर टेलिभिजन टोलीसँगको कन्फ्रेन्स्।
suprememastertv.com/en1/v/102057990937.html

**अध्याय २**

५. मानवताको स्वर्ण युगमा छलांग, नोभेम्बर ८, २००९ मा संयुक्त राज्य अमेरिकाको वाशिंगटन डीसी मा भएको अन्तर्राष्ट्रिय भेला।
suprememastertv.com/en1/v/131957486562.html

**अध्याय ३**

६. ईश्वरलाई प्रेम गर्नु भनेको उहाँका आज्ञाहरु पालन गर्नु हो, नोभेम्बर २९, १९८९ पनामा।
भिडियो १०६
http://www.suprememastertv.tv/bbs/board.php?bo_table=download&wr_id=8423&goto_url=&sfl=wr_content&stx=To+Keep+Hiers+Commandments&sst=wr_num&sop=and&url=link2&year=&month=&day=
तत्काल परमज्ञानको साँचो भाग ३, पेज नं. १०४-१०६
http://www.smchbooks.com/ebook/data/english/E-The%20Key-E3.pdf

७. विश्वव्यापी एकता: जीवन-रक्षाका निम्ति एकजुट, अक्टोबर ३, २००९ मा हङकङ्ग मा भएको अन्तर्राष्ट्रिय भेला।
भिडियो ८८२-१
http://video.godsdirectcontact.net/daily/2009.11.22/WOW1165.wmv

८. ईश्वरको खातिर मशाल-वाहक बन्नुहोस्, नोभेम्बर २५, १९९९ मा दक्षिण अफ्रिकाको जोहानेसबर्गमा दिइएको सार्वजनिक प्रवचन।
भिडियो ६६७
suprememastertv.com/en1/v/99665258964.html

**अध्याय ४**

९. आयरिश डग जर्नल द्वारा परम गुरु चिङ्ग हाईसँग डिसेम्बर १६, २००९ मा लिइएको अन्तर्वार्ता।
भिडियो ८९९
http://video.godsdirectcontact.net/daily/2010.03.24/WOW1287.wmv

१०. बालबालिकाको स्वास्थ्य र चिरस्थायी ग्रह, दक्षिण कोरियाको जेजु आइल्याण्डमा सेप्टेम्बर २१, २००९ मा भएको अन्तर्राष्ट्रिय भेला।
भिडियो ८८१-३
http://video.godsdirectcontact.net/daily/2009.11.10/WOW1153.wmv

११. प्रेमको नियम अनुसारको सद्गुणयुक्त जीवन-शैली, संयुक्त राज्य अमेरिकाको लस एन्जलसमा जुलाई ३१, २००८ मा एसोसिएसन सदस्यहरुसंग गरिएको भिडियो कन्फ्रेन्स्।
भिडियो ८४२
http://video.godsdirectcontact.net/download/2008.10.31/Between_Master_and_Disciples_2008.10.31_778.wmv

१२. निःस्वार्थ कार्य मार्फत् हामी पूर्ण संतुष्टि प्राप्त गर्न सक्छौं, मार्च ७, १९९३ मा सिंगापुरमा भएको सामूहिक ध्यान कार्यक्रम।
भिडियो ३२६

१३. सुप्रीम मास्टर चिङ्ग हाईसँग भएका मिडिया अन्तर्वार्ताहरू: स्पिरिचुअल अवेकनिङ्ग रेडियोका जेम्स बीन, एन्भायरोमेन्टली साउण्ड रेडियोका बब लेबेनसोल्ड, आयरिश इन्डिपेन्डेन्ट न्युजपेपरकी सुश्री एन्ड्रिया बोनी; जुलाई २९, सेप्टेम्बर ११ र नोभेम्बर २१, २००८ मा संयुक्त राज्य अमेरिका र आयरल्याण्डमा।
भिडियो ८५४-१
http://video.godsdirectcontact.net/download/2008.09.28/Words_of_Wisdom_2008.09.28_745.wmv

१४. विश्वव्यापी विशुद्ध-शाकाहार (world vegan) ले दिगो विश्व-शान्ति (world peace) ल्याउँछ, डिसेम्बर २४, २०२० मा सुप्रिम मास्टर टेलिभिजन टोलीसँगको भिडियो कन्फ्रेन्स्।
suprememastertv.com/en1/v/118282097128.html

**अध्याय ५**

१५. राजाको फिर्ती।
suprememastertv.com/en1/v/126653410185.html
शान्ति हामीबाटै शुरु गरौं, अक्टोबर १, १९८९ मा मलेसियामा दिइएको सार्वजनिक प्रवचन।
भिडियो ९९

१६. ध्यान-साधनाद्वारा स्वयंलाई आशिषित पार्नुहोस्: परम गुरु चिङ्ग हाई को "कलरिङ्ग आवर लाइभ्स्" पुस्तकबाट संकलित।
suprememastertv.com/en1/v/129254659480.html

१७. ध्यान तपाईंको सुरक्षा-कवच हो, सेप्टेम्बर ०२, २०२० मा सुप्रिम मास्टर टेलिभिजन टोलीसँगको कन्फ्रेन्स्।
suprememastertv.com/en1/v/111118523935.html

१८. क्वान यिन विधि - आन्तरिक ज्योति र आन्तरिक ध्वनिमा ध्यान।
suprememastertv.com/en1/meditation

१९. स्वर्ण युगमा मानवताको छलांग, नोभेम्बर ८, २००९ मा संयुक्त राज्य अमेरिकाको वाशिंगटन डीसी को अन्तर्राष्ट्रिय भेला।
भिडियो ८१८-२
suprememastertv.com/en1/v/132161236579.html

**अध्याय ६**

२०. परम गुरु चिङ्ग हाईको सबै धार्मिक र आध्यात्मिक अगुवाहरूलाई अपील, मार्च २, २०२० मा जारी गरिएको भिडियो सन्देश।
suprememastertv.com/en1/v/88425789933.html

**अध्याय ७**

२१. परम गुरु चिङ्ग हाईको विश्वका सबै नेताहरू र सरकारहरूलाई आपत्कालीन् सन्देश, मार्च २४, २०२० मा जारी गरिएको भिडियो सन्देश।
suprememastertv.com/en1/v/90753335579.html

**अध्याय ८**

२२. सेलेस्टियल आर्ट, अंग्रेजी संस्करणको अन्तर्राष्ट्रिय पुस्तक प्रिमियर; डिसेम्बर १२, २००८, संयुक्त राज्य अमेरिकाको लस् एन्जलसमा।
भिडियो ८५२-२
http://video.suprememastertv.com/daily/2009.01.14/WOW853.wmv

२३. द लभ अफ सेन्चुरीज, मङ्गोलियन संस्करणको अन्तर्राष्ट्रिय पुस्तक प्रिमियर; २२ अप्रिल, २०११, मंगोलियाको उलानबाटारमा।
भिडियो ९५०-१
http://video.suprememastertv.com/daily/2011.06.01/WOW1721.wmv

**अध्याय ९**

२४. हाम्रो विश्वको उद्धार गर्ने उद्देश्य हेतु विशुद्ध शाकाहारी विश्वका लागि प्रार्थना गर्न परम गुरु चिङ्ग हाईको आपत्कालीन् आह्वान, फेब्रुअरी ६, २०२० मा जारि गरिएको भिडियो सन्देश।
suprememastertv.com/en1/v/85783840493.html

# Love Is The Only Solution

लेखिकाः परम गुरु चिङ्ग हाई (The Supreme Master Ching Hai)

प्रकाशक: Love Ocean Creative International Company
P.O. Box 109-973 TAIPEI, TAIPEI CITY,
11099 Taiwan (R.O.C)
Tel: 886-2-87896317
ईमेल: service@loveoceancreative.com

http://www.smchbooks.com

पहिलो संस्करण ई-बुकः फागुन २०८१ (March 2025)

ISBN: 979-8-9866563-6-6

Love Ocean Creative International Company©2021
The Supreme Master Ching Hai©2021

सर्वाधिकार सुरक्षित

थप जानकारीको लागि
www.SupremeMasterTV.com

"प्रेम नै केवल एक मात्र समाधान हो" (“Love Is The Only Solution”) शीर्षकको यो पुस्तकमा अन्तर्राष्ट्रिय स्तरमा सर्वाधिक बिक्री भएको पुस्तककी लेखिका, आध्यात्मिक गुरु, मानवतावादी एवं चित्रकार, परम गुरु चिङ्ग हाई (Supreme Master Ching Hai) ले महामारी, जलवायु परिवर्तन, द्वन्द्व र प्राकृतिक प्रकोपका सन्दर्भमा विश्वको वर्तमान अवस्थाको बारेमा प्रकाश पार्नुभएको छ। यसबाहेक, उहाँले यसका कारणहरू र समाधानको उपायहरु पनि बताउनुभएको छ।

जनावरहरूप्रतिको प्रेम, प्रकृतिप्रतिको प्रेम, एक-आपसको प्रेम, आफन्तजनहरु र हाम्रा शत्रुहरूप्रति समेतको प्रेमद्वारा हामी पृथ्वीलाई स्वर्गको बगैंचा जस्तो बनाउन सक्छौं। प्रेमको ऊर्जाले एक सुरक्षात्मक प्रभाव पार्नेछ जसले यस ग्रहलाई पुनर्जीवित पार्ने मात्र नभएर, यहाँका बासिन्दाहरूलाई चेतनाको उच्चतर तहसम्म उचाल्नेछ। निरीह एवं आवाज-विहीन जनावरहरू साथ-साथै असाहायहरु सबैलाई संरक्षण प्रदान गर्न हाम्रो प्रेमलाई व्यवहारमा उतार्न उहाँ आग्रह गर्नुहुन्छ।

"प्रेम फस्टाउन पनि सक्छ या नष्ट हुन पनि सक्छ, यद्यपि प्रेमको मूल तत्त्व कहिल्यै नष्ट हुन सक्दैन। यस्ता कर्महरू छन् जसले प्रेमलाई पोषण गर्न सक्छ, त्यसैगरी यस्ता कर्महरू पनि छन् जसको कारण प्रेम ओइलाउन र मर्न पनि सक्छ। मेरो मतलब भौतिक प्रेमको सन्दर्भमा हो। यो संसारको प्रेमको सन्दर्भमा हो। प्रेमलाई बढाउन सक्ने कर्महरू छन्, प्रेमलाई घटाउन सक्ने कर्महरू पनि छन्। यदि हामीले प्रेम पायौं भने यसको कदर गर्नुपर्ने हुन्छ, यसलाई संगालेर राख्नुपर्ने हुन्छ। हामीले यसलाई हाम्रो मन, वचन र कर्मले साथ दिनुपर्ने हुन्छ।"

***परम गुरु चिङ्ग हाई***

ISBN 979-8-9866563-6-6
90000 >
9 798986 656366